कानेपोखरी गाउँपालिका

# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
# र
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०८०




कानेपोखरी गाउँपालिका

स्थानीय विपद् व्यवस्थापन समिति

कानेपोखरी, मोरंग

कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| **दस्तावेजः** | कानेपोखरी गाउँपालिका विपद् तथा जलवायु उत्थानशील योजना २०८० र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० |
| **निर्माण निर्देशिकाः** | स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ र मस्यौदाको रूपमा रहेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७८ र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य नमुना योजना २०७८ । |
| **सर्वाधिकारः** | कानेपोखरी गाउँपालिका, गाउँ कार्यपालिका, कोशी प्रदेश, मोरंग । |
| **प्राविधिक सहयोगः** | लुथरन सामुदायिक कल्याण समाज रंगेली र हाम्रो कन्सल्टेन्सी सेवा, पाँचथरको तर्फबाट यश प्रसाद सुब्बा, रामकुमार दाहाल र सुर्यकुमार दाहाल |
| **सम्पादनः** | श्री कानेपोखरी गाउँपालिका विपद् व्यवस्थापन शाखा । |
| **योजना तयारीः** | कानेपोखरी गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा यो योजना तर्जुमाका लागि विपद् व्यवस्थापन शाखाले गाउँपालिका अन्य शाखा र सरोकारवालाहरूसँग समन्वय गरी कार्य सञ्चालन गरेको छ । यो योजना गाउँपालिकाका विषयगत शाखाहरू, वडा कार्यालयहरू, समुदायमा आधारित संस्थाहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्र समेतको संलग्नतामा लुथ्रन सामुदायिक कल्याण समाज र हाम्रो कन्सल्टेन्सी सेवा पाँचथरको प्राविधिक सहयोगमा तयार गरिएको छ । |

# कानेपोखरी गाउँपालिका, मोरंग

## मेरो भनाई



नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चटयाङ, असिना, खडेरी, हिमताल बिष्फोट तथा हिमपहिरो जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । साथै जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको विद्यमान तथ्याङ्कले देखाएको छ। कोशी प्रदेश अन्तर्गत मोरङ जिल्लामा अवस्थित ७ वटा वडा रहेको कानेपोखरी गाउँपालिका बाढी, महामारी, सडक दुर्घटना, प्रदूषण, आगलागी, भूकम्प, हावाहुरी, असिना, सर्पदंश, जंगली जनावरको आतंक लगायतका प्रकोपको उच्च जोखिममा रहेको छ । विपद्ले गर्ने जनधनको क्षति कम गर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यस गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समितिहरू समेत गठन गरी विपद् जोखिम न्यूनीकरणका प्रयासहरू भईरहेका छन्।

कानेपोखरी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उतथानशील योजना तर्जुमा नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संसोधन २०७५), स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य नमुना योजना २०७८ र गाउँपालिकाले तर्जुमा गरेको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ ले तोकेको काम, कर्तब्य र अधिकार अनुरूप सबै वडामा वडास्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण पछि तर्जुमा भएको छ । यस योजनाको कार्यान्वयन, गाउँपालिकाका सम्बन्धित विकास समिति र शाखाहरूको अगुवाइमा कार्यान्वयन हुने गरीको खाकामा तयार गरिएको छ। साथै छिमेकी पालिकाहरू, जिल्लास्थित विषयगत कार्यालयहरू, प्रदेश सरकार, सङ्घीय सरकार, दातृ निकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । यसका साथै यस गाउँपालिकामा कार्यरत सबै साझेदार निकायलाई विकासका परियोजनाहरू सञ्चालन गर्दा विकासका विषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका विषयहरूलाई मूलप्रवाहीकरण गरिदिनुहुन आग्रह समेत गर्दछु।

यस योजना तर्जुमाका लागि गाउँपालिकाको तर्फवाट अग्रभागमा रहेर समन्वय र सहजीकरणको महत्वपूर्ण भूमिका निर्वाह गर्ने कानेपोखरी गाउँपालिकाका विपद् व्यवस्थापन सम्पर्क व्यक्ति गोविन्द फुँयाललाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै ५ वटै विषयगत समितिमा रहेर विपद् तथा जलवायु उतथानशील योजना कार्यान्वयनको काममा प्रतिवद्ध हुँदै योजना निर्माणमा भूमिका खेल्ने सम्पूर्ण विषयगत समिति र शाखाका प्रतिनिधिहरूलाईलाई धन्यवाद दिन चाहन्छु । यो योजना निर्माणको लागि प्राविधिक र आर्थिक साझेदारी गरी सहयोग गर्ने लुथ्रन सामुदायिक कल्याण समाज रंगेलीलाई विषेश धन्यवाद दिन चाहन्छु । योजना निर्माणको लागि विज्ञको रूपमा सहजीकरणको भूमिकामा रहनु भएका हाम्रो कन्सल्टेन्सी सेवा पाँचथररको तर्फबाट सहजिकरण गर्नु हुने यश प्रसाद सुब्बा, रामकुमार दाहाल र सुर्यकुमार दाहालालाई पनि विषेश धन्यवाद दिन चाहन्छु । यो योजना निर्माणमा सक्रिय सकृय भूमिका खेल्नु भएका प्रमुख प्रशासकीय अधिकृत, वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक, वडा तथा गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति, बौद्धिक समुदाय तथा सरोकारवाला निकायहरु प्रति धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, यहाँहरू सबैको साथ र सहयोगले कानेपोखरी गाउँपालिकालाई विपद् उत्थानशी गाउँपालिकाको रूपमा विकास गर्न र विपद्को समयमा प्रभावकारी प्रतिकार्य गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न स्थानीय विपद् व्यवस्थापन समिति तथा वडास्तरीय विपद् व्यवस्थापन समिति र सम्पूर्ण राजनीतिक दलबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु। धन्यवाद ।

(राजमती ईङनाम)  
अध्यक्ष  
कानेपोखरी गाउँपालिका, मोरंग

# कानेपोखरी गाउँपालिका, मोरंग

## मेरो भनाई



कानेपोखरी गाउँपालिकाको विद्यमान विपदको जोखिमलाई व्यवस्थित रूपमा सम्वोधन गर्न गाउँपालिकाले विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी काम गर्ने जमर्को गरेको छ । नेपालको संविधान, नेपालमा भएका विद्यमान कानून, नीति, रणनीतिक कार्ययोजना तथा निर्देशिका वमोजिमको यो कार्यले जनताको जीउधन रक्षा गर्ने कार्यमा त सहयोगी हुन्छ नै र यसले दीगो विकास लक्ष हासिल गर्न पनि सहयोगी भूमिका खेल्नेछ । कानेपोखरी गाउँपालिकालाई विपद् जोखिम न्यूनीकरण भएको पालिकाको रुपमा विकास गर्न यहाँका नागरिकहरूको दक्षता तथा क्षमतामा अभिवृद्धि गरी सामाजिक तथा आर्थिक विकासका नयाँ अवसरहरू सिर्जना गरेर जनसहभागिता तथा विपद् सुरक्षामा आधारित द्रूत तथा दिगो विकासका माध्यमले नागरिकको गुणस्तरीय जीवन सुनिश्चितत गर्न यो योजना सहयोगी वन्नेछ ।

नेपालको सविधानले निर्दिष्ट गरेका व्यवस्थाको सदुपयोग गर्दै, स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको समुचित व्यवस्थापन र सदुपयोग गरी समुदायमा आधारित संघसंस्थाहरू, गैरसरकारी संघसंस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, निजी क्षेत्र, विकास समझेदारहरू, छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य गर्दै कानेपोखरी गाउँपालिकाको सुन्दर भविष्यको सुनिश्चत गर्न दृढ अठोटका साथ व्यवस्थित योजनाहरू सञ्चालन गर्न यो योजनाले महत्वपूर्ण योगदान गर्नेछ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको स्थानीय सरकार र स्थानीय विकासका लागि रहेको यसको महत्वपूर्ण भूमिकालाई हृदयङ्गम गरी गाउँपालिका क्षेत्रमा विपद् व्यवस्थापन गर्न यो योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

यसका लागि कानेपोखरी गाउँपालिकाका ७ वटै वडाका वडा अध्यक्षज्यूहरू, सदस्यज्यूहरु एवं कार्यपालिका सदस्यज्यूहरू, गाउँपालिका र वडाका कर्मचारीहरू, सहयोग र सुझाव उपलब्ध गराउनु हुने सरोकारवाला, समुदाय तथा योजना निर्माणको लागि प्राविधिक सहयोग गर्ने लुथ्रन सामुदायिक कल्याण समाज, रंगेली र हाम्रो कन्सल्टेन्सी सेवाका विज्ञहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । मलाई पूर्ण आशा र विश्वास छ, मैले कानेपोखरी गाउँपालिका उपाध्यक्षका हैसियतले जिम्मेवारी वहन गरेको र गाउँपालिकाले परिकल्पना गरेको विपद् उत्थानशीलताको लक्ष्यलाई उचाइमा पुर्याउन यो योजनाको कारण थप सहज वन्नेछ। यसले भविष्यमा प्रकृति, प्रवृति र विपत्तिको त्रिकोणीय संयोजनात्मक विकास गर्दै दिगो विकासका लागि प्रकृति संरक्षण, विपद् व्यवस्थापन र वातावरण सन्तुलनका माध्यमबाट विकासको दिशामा सवल, सफल र सक्षम गाउँपालिकाको रुपमा स्थापित भएको हुनसक्नेछ । पुनः यस कार्यमा सहयोगी मन तथा क्रियशील सबैप्रति धन्यवाद प्रकट गर्दछु ।

(भोला प्रसाद अधिकारी)
उपाध्यक्ष
कानेपोखरी गाउँपालिका, मोरंग

# कानेपोखरी गाउँपालिका
## मोरंग
# मन्तव्य



विपद् र जलवायु परिवर्तनका असरबाट कानेपोखरी गाउँपालिका पनि अछुतो छैन । वर्षेनी अनियमित वर्षा, खडेरी, बाढी, पहिरो, कृषिमा रोग र कीराको महामारी, हावाहुरी, असिना आदि खेपिरहेका यस गाउँपालिकाका बासिन्दालाई २०४५ र २०७२ सालको भूकम्प, २०७४ र २०७८ को बाढीले अझ बढी प्रताडित बनाएको छ । बहुप्रकारका विपद्का कारण गरिब तथा विपन्न वर्गको जीविकोपार्जनका स्रोतहरूमा प्रत्यक्ष असर पार्दछ । महिला, बालबालिक, बृद्ध, अशक्त, अपाङ्गता भएका व्यक्तिहरूलाई यी समस्याले अझ बढी प्रभावित बन्दछन् । विपद् तथा जलवायु परिवर्तनका यिनै समस्याहहरूसँग जुइदै कानेपोखरी गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाको रुपमा विकास गर्ने  परिकल्पना सहित विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयनको थालनी गरिएको छ ।

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संसोधन २०७५), विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, स्थानीय तहको विपद् तथा जलवायु उतथानशील योजना निर्देशीका (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य नमुना योजना २०७८ लाई समेत आधार मानेर स्थानीय समुदाय र सरोकारवालाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गरी योजना तर्जुमा गरिएको छ । नेपालको राज्य व्यवस्थाको पुनसंरचनाको लागि लामो समयसम्म जनताले गरेको विभिन्न खाले आन्दोलन र संघर्षको प्रतिफल स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको स्थानीय सरकार र स्थानीय विकासका लागि रहेको यसको महत्वपूर्ण भूमिकालई हृदयङ्गम गरी कानेपोखरी गाउँपालिकाले पालिकाको विपद् तथा जलवायु उतथानशी योजना निर्माणको कार्य सम्पन्न गरेको छ । यसका लागि सम्बद्ध सरोकारवालाहरु र समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

जनप्रतिनिधिहरूको उपस्थिति पछि स्थानीय सरकारसँग स्थानीय जनता एवं सबै सरोकारवालाहरूको चासो र अपेक्षा बढी छ। यस सन्दर्भमा नियमित सेवा प्रवाहका अतिरिक्त गाउँपालिका तथा वडाका कार्यक्रमहरूलाई स्थानीय समुदाय र खासगरी सङ्कटाग्रस्त क्षेत्र, वर्ग तथा समुदायले विशेष लाभ लिन सक्ने गरी योजनाबद्ध रुपमा काम अघि बढाएर कानेपोखरी गाउँपालिकालाई विपद् एवं जलवायु उत्थानशील पालिकाको रुपमा विकास गर्न यो योजना सहयोगी बन्नेछ भन्ने अपेक्षा गरेका छु । तसर्थ यो योजनाको माध्यमबाट अगाडी सारिएका कृयाकलापहरूलाई गाउँपालिका एवं वडाहरूका वार्षिक योजनाहरूमा समायोजन गर्दै कार्यान्वयन गर्न यस कानेपोखरी गाउँपालिकाको कार्यालय सदा तत्पर रहेको छ । योजना निर्माणको कार्यलाई अन्तिम चरणमा पुर्याउन सहयोग गर्ने वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक, विपद् व्यवस्थापन शाखाका प्रमुख तथा विज्ञको रूपमा सहजीकरण गर्नुहुने लुथ्रन सामुदायिक कल्याण समाज, रंगली र हाम्रो कन्सल्टेन्सी सेवा पाँचथरका श्री यश प्रसाद सुब्बा र सम्पुर्ण टिमला हार्दिक धन्यवाद प्रकट गर्दछु । यस योजनाको प्रभावकारी कार्यान्वयनको लागी सरोकारवाला तथा सम्बन्धित  निकायहरूसंग सहयोग तथा सहकार्यको अपेक्षा राख्दछौं ।

विश्णु कुमार थेगुवा<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
कानेपोखरी गाउँपालिका

# लुथरन सामुदायिक कल्याण समाज (LCWS)

रंगेली नगरपालिका २, मोरङ् ।

## मन्तव्य



मानवीय सेवा कार्यका लागि लुथरन सामुदायिक कल्याण समाजको स्थापना सन् २०१० मा भएको हो । स्थापनाकालदेखि लुथरन विश्व फेडेरेसन नेपालसँगको साझेदारीमा झापा तथा मोरङ् जिल्लामा विपद जोखिम न्यूनीकरण, लक्षित वर्गको सँस्थागत विकास, दिगो जिविकोपार्जन, खानेपानी तथा सरसफाई र सु—शासनको क्षेत्रमा विभिन्न परियोजनाहरु मार्फत विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

यसै सन्दर्भमा कानेपोखरी गाउँपालिका पनि लुथरन सामुदायिक कल्याण समाजको कार्यक्षेत्र भएको कारणले यस पालिका क्षेत्रमा व्याप्त सामाजिक—आर्थिक मुद्धाहरुमा संस्थाको क्षमता तथा अनुभवले भ्याएसम्म सम्बोधन गर्ने प्रयास गर्नु यस संस्थाको प्रमुख उदेश्य हुनआउँछ । बढ्दो जलवायु परिवर्तनको असरको कारणले देखापरेका प्राकृतिक प्रकोपहरुबाट हुनसक्ने विपद तथा असरहरुलाई न्यूनीकरण तथा प्रतिकार्य गर्नका लागि पालिका स्तरमा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण हुनु अति नै जरुरी हुने कुरालाई हृदयगंम गर्दै यस कार्ययोजनाका लागि प्राविधिक सहयोग गर्न पाउँदा हामी अत्यन्तै खुशी छौं ।

पहिलो कुरा त पालिकाको लागि यसप्रकारको कार्ययोजना निर्माण हुनु नै आफैंमा ठूलो उपलब्धी हो । तर यसलाई सार्थक बनाउनका लागि स्थानीय तहका सबै सरोकार निकायहरुले सचेत भई कार्य गर्नु अति नै आवश्यक छ । कुनैपनि विपद आउनु अगाडि नै पर्याप्त तयारी तथा विपद जोखिम न्यूनीकरणका लागि पहल गर्न, विपदको समयमा प्रभावकारी रुपमा प्रतिकार्य गर्न र विपद पश्चात विपद प्रभावित क्षेत्रहरुमा पून:स्थापना तथा विकासका लागि कार्यहरु गर्न यस कार्ययोजनाले मार्गनिर्देशन गर्नेछ भन्ने विश्वास गरेका छौं । जसबाट विपदबाट प्रभावित तथा लक्षित वर्गहरुले आपतकालिन अवस्थामा गुणस्तरीय सेवा र स्थानीय सरकार तथा सरोकारवाला निकायहरुबाट अभिभावकत्वको प्रत्याभुति गर्न सक्नेछन् भनेर आशा राखेका छौं ।

यस कार्ययोजनाको निर्माणको क्रममा सहकार्य तथा समन्वयकारी भूमिका खेलिदिनुभएको लागि स्थानीय सरकार, पदाधिकारीहरु, कर्मचारीहरु तथा सहजीकरणमा सहयोग गर्नुहुने गाउँले कन्सल्टेन्सी लगायत प्रत्यक्ष—अप्रत्यक्ष रुपमा सहयोगी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई कृतज्ञता ज्ञापन गर्दछौं । धन्यवाद ।

जोसेफ सोरेन<br>
अध्यक्ष,<br>
लुथरन सामुदायिक कल्याण समाज

# संक्षेपीकरण (Abbreviation)

| Short Form | Full Form | Nepali |
|---|---|---|
| NSDRM | National Strategy for Disaster Risk Management | विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति |
| HFA | Hugo Framework Approach | ह्योगो कार्यसंरचना |
| NDRF | National Disaster Response Framework | राष्ट्रिय विपद् प्रतिकार्य कार्य संरचना |
| NCRA | Natural Calamity Relief Act 2039 | दैवी प्रकोप उद्धार ऐन २०३९ |
| DRRMA | Disaster Risk Reduction and Management Act 2018 | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ |
| NEWS | National Early Warning System | राष्ट्रिय पूर्वसूचना प्रणाली |
| DDMC | District Disaster Relief Committee | जिल्ला विपद् व्यवस्थापन समिति |
| PDMC | Province Disaster Management Committee | प्रदेश विपद् व्यवस्थापन समिति |
| DRRMNC | Disaster Risk Reduction and Management National Counsel | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् |
| DRRMEC | Disaster Risk Reduction and Management Executive Committee | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति |
| DRRMA | Disaster Risk Reduction and Management Authority | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| LEOC | Local Emergency Operation Centre | स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र |
| DEOC | District Emergency Operation Centre | जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| PEOC | Province Emergency Operation Centre | प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| NEOC | National Emergency Operation Centre | राष्ट्रिय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| DPRP | Disaster Preparedness and Response Plan | जिल्लाविपद् पूर्वतयारी तथा प्रतिकार्य योजना |
| DDMP | District Disaster Management Plan | जिल्ला विपद् व्यवस्थापन योजना |
| LDCRP | Local Disaster and Climate Resilience Plan | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| CBDCRP | Community Based Disaster and Climate Resilience Plan | समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील योजना |
| LDCRC | Local Level Disaster and Climate Resilience Committee | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति |
| WDCRC | Ward Level Disaster and Climate Resilience Committee | वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति |
| CDMC | Community Level Disaster Management Committee | समुदाय स्तरीय विपद् व्यवस्थापन समिति |
| DTO | District Technical Office | जिल्ला प्राविधिक कार्यालय |
| FCHV | Female Community Health Volunteer | समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका |
| DUDBC | Depart. of Urban Development and Building Construction | शहरी विकास तथा भवन निर्माण विभाग |
| NRCS | Nepal Red Cross Society | नेपाल रेडक्रस सोसाइटी |
| GBV | Gender Based Violence | लैङ्गिकतामा आधारित हिंसा |
| CCCM | Camp Coordination and Camp Management | क्याम्प समन्वय तथा व्यवस्थापन |
| IEC | Information, Education and communication | सूचना, शिक्षा र सञ्चार |
| IRA | Initial Rapid Assessment | प्रारम्भिक द्रुत लेखाजोखा |
| MIRA | Multi Cluster Initial Rapid Assessment | बहुविषयगत प्रारम्भिक द्रुत लेखाजोखा |
| NFRI | Non-Food Relief Items | गैरखाद्य सामग्री |
| RRT | Rapid Response Team | द्रुत प्रतिकार्य समूह |
| CCA | Climate Change Adaptation | जलवायु परिवर्तन अनुकुलन |
| PRA | Participatory Rural Appraisal | सहभागितात्मक लेखाजोखा मूल्याङ्कन |
| RRA | Rapid Rural Appraisal | द्रुत लेखाजोखा मूल्याङ्कन |

# विषय सुची

# भाग १

## खण्ड एक : प्रारम्भिक

१.१ योजनाको परियय: ........ 11
१.१.१ उद्देश्य........ 11
१.१.२ विपद् तथा जलवायु उत्थानशील योजनाको सीमा ........ 12
१.१.३ LDCRP र DPRP को मार्गदर्शक नीतिगत व्यवस्था........ 12
१.१.४ योजना निर्माणको विधि तथा प्रक्रिया ........ 13
१.१.५ विपद तथा जलवायु उत्थानशील योजनाको लक्षित समूह........ 15

## खण्ड दुई : गाउँपालिकाको चिनारी

२.१ कानेपोखरी गाउँपालिकाको संक्षिप्त परिचय ........ 16

## खण्ड ३ : गाउँपालिकाका विपद् जोखिम र क्षमता विश्लेषण

३.१ स्थानीय तहको मुख्य जलवायु परिवर्तन र विपद्का जोखिम........ 23
३.२ विगतका जलवायु परिवर्तन तथा विपद् जोखिमका असरहरु........ 27
३.२.१ विगतमा जलवायु परिवर्तन र विपद् जोखिमका कारण असर भोगेका मुख्य क्षेत्रहरु, ........ 27
३.२.२ सहरी विपद् र कानेपोखरी गाउँपालिका........ 38
३.२.३ जलवायु परिवर्तन र विपद् जोखिमबारे सूचनाहरु........ 38
३.२.४ जलवायु परिवर्तनका परिदृश्यहरु र त्यसका प्रत्यक्ष असरहरु........ 38
३.२.५ सम्मुखता (EXPOSURE) ........ 39
३.३ संकटासन्नता (VULNERABILITY)........ 40
३.४ विपद् जोखिम नक्साङकन ........ 41
३.५ विपदबाट प्रभावित हुनसक्ने लक्षित जनसंख्याको पूर्वानुमान (उच्च संकटासन्न क्षेत्रको मात्र) ........ 43

## खण्ड चार : विधि प्रकृया

### ४.१ विपद तथा जलवायु जन्य जोखिम पहिचानका विधिहरु

४.१.१ समस्या / जोखिम विश्लेषण........ 44
४.१.२ कारण तथा प्रभाव विश्लेषण / विपद् बृक्ष........ 44
४.१.३ ऐतिहासिक समय रेखा........ 44
४.१.४ वाली पात्रो, मौसमी पात्रो तथा प्रकोप पात्रो ........ 44
४.१.५ धरातलीय अवलोकन........ 44

## खण्ड पाँच : राष्ट्रिय रणनीतिक कार्ययोजना प्राथमिकताका क्षेत्र सम्बन्धी विषयहरु

५.१ प्रकोपबारे बुझाई ........ 45
५.२ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति........ 46
५.३ विपद् जोखिम र जलवायु परिवर्तनका लागि शासकीय पद्धति सुधारका प्रयासहरु ........ 46
५.४ विपद् जोखिम र जलवायु परिवर्तनका लागि शासकीय पद्धतिमा भएका कमजोरीहरु........ 46
५.५ विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता र नीजि क्षेत्र........ 47
५.६ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनमा समर्पित कार्यक्रममा लगानी ........ 47
५.७ विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन योजना ........ 47
५.८ प्रभावकारी प्रतिकार्य र पुर्नलाभ........ 48
५.९ हालको क्षमता........ 48
५.१० स्थानीय तहको क्षमता ........ 48

## खण्ड छ : समस्या, प्राथमिकता र योजनाको खाका

६.१ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु ........ 50

## खण्ड सात : समस्या, प्राथमिकता र योजना

७.१ देखिएका क्षेत्रगत समस्याहरू........ 51
७.१.१ आर्थिक विकास :........ 51
७.१.२ सामाजिक विकास : ........ 51
७.१.३ पूर्वाधार विकास :........ 51
७.१.४ वातावरणा तथा विपद व्यवस्थापन :........ 52
७.१.५ सुशासन र संस्थागत विकास :........ 52

७.२ समाधानका लागि कृयाकलापहरू ........ 53
७.२.१ आर्थिक विकास ........ 53
७.२.२ सामाजिक विकास ........ 53
७.२.३ पूर्वाधार विकास ........ 53
७.२.४ वन वातावरण तथा विपद व्यवस्थापन ........ 55
७.२.५ सुशासन र संस्थागत विकास ........ 56

## खण्ड आठ : विपद् तथा जलवायु उत्थानशील योजना

८.१ विपद् तथा जलवायु उत्थानशील एकीकृत क्रियाकलाप ........ 56

## भाग दुइ

## खण्ड नौ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)

९.१ प्राथमिकता प्राप्त रणनीतिक पूर्वतयारी ........ 63
९.२ विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ........ 66
९.२.१ विषयगत क्षेत्र (CLUSTER) परिचय ........ 66
९.२.२ विषयगत क्षेत्रको उद्देश्य ........ 66
९.३ विषयगत क्षेत्रहरुको विपद पूर्वतयारी र प्रतिकार्यका कृयाकलापहरु ........ 67
९.३.१ समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र ........ 67
९.३.२ खाद्य तथा कृषि विषयगत क्षेत्र ........ 73
९.३.३ स्वास्थ्य तथा पोषण क्षेत्र ........ 76
९.३.४ खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र ........ 79
९.३.५ आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र ........ 82
९.३.६ संरक्षण तथा सुरक्षा क्षेत्र ........ 86
९.३.७ आपतकालीन शिक्षा क्षेत्र ........ 90
९.३.८ शीघ्र पुनर्लाभ क्षेत्र ........ 93
९.४ बाढीको प्रतिकार्य योजना ........ 96

## खण्ड दश_बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

१०.१ स्रोत-साधनको वर्तमान अवस्था ........ 100
१०.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ........ 101
१०.३ गैर–खाद्य सामग्री भण्डारण स्थल ........ 102
१०.४ मानवीय सहायता स्थल ........ 102
१०.५ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ........ 102

## खण्ड एघार : विविध

११.१ स्रोत साधनको व्यवस्थापन ........ 103
११.२ अन्य निकायसँगको समन्वय र सहकार्य ........ 103
११.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ........ 103
११.३.१ लक्ष्य र सूचकहरू ........ *103*
११.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ........ *104*
११.३.३ क्षमता विकास रणनीति र योजना ........ *105*

अनुसुची

अनुसूची १ वडागतरुपमा विद्यमान प्रमुख सर्ने र नसर्ने १० रोगहरू ........ *106*
अनुसुची २ यस आर्थिक वर्षमा महिला, वालसमुह, जष्ठ नागरिक र अपाङ्गता भएका मानिसहरूका लागि राखिएका मुख्य कार्यक्रमहरूको विवरणः ........ *109*
अनुसुची ३ पालिका क्षेत्रमा रहेका जेष्ठ नागरिकहरुको समुहको विवरण : ........ *109*
अनुसुची ४ पालिका क्षेत्रमा रहेका ज्येष्ठ नागरिकको परिचय पत्र वितरण गरिएको विवरण : ........ *109*
अनुसुची ५ दमकलहरूको विवरण ........ *110*
अनुसुची ६ एम्बुलेन्सहरूको विवरण ........ *110*

अनुसूची  ७ : पहिचान गरिएका सुरक्षित स्थान.....111
तालिका नम्वर ७७ : पहिचान गरिएका सुरक्षित स्थान.....111
अनुसुची ८ : विकास समितिहरूको विवरण.....112
अनुसूची ९ : वडा स्तरीय विपद् व्यवस्थापन समितिको विवरण.....113
अनुसूची १० : सहकारी संस्थाहरूको विवरण.....115
अनुसूची ११ : गाउँपालिका भित्र र नजिकमा रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका युनिट र प्रमुखहरुको विवरण.....116
अनुसुची १२ : कानेपोखरी गाउँपालिका स्तरीय सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थि विवरण २०७९.....116
अनुसुची १३ निजि विद्यालयहरूको विवरण.....117
अनुसूची १४ प्रकोप स्तरीकरण.....118
तालिका नम्वर ८३ : प्रकोप स्तरीकरण.....118
अनुसूची १५ प्रकोप नक्शा.....122
अनुसुची १६ : जोखिम न्यूनीकरणका लागि सुझाव.....125
अनुसूची १७ : प्रारम्भिक द्रुत लेखाजोखा फारम.....128
सन्दर्भ सामग्रीहरु.....131

# भाग एक

# विपद तथा जलवायु उत्थानशील योजना २०८०

# खण्ड एक : प्रारम्भिक

## १.१ योजनाको परियय:

कानेपोखरी गाउँपालिकामा विपदबाट हुनसक्ने क्षति घटाउनको लागि विकास योजना सञ्चालन गर्दा विपद्सम्बद्ध जोखिम घटाउन र नयाँ जोखिम उत्पन्न हुन नदिन र समग्र पालिकामा विपद् तथा जलवायु उत्थानशील विकासका निमित्त यो विपद् तथा जलवायु उत्थानशील योजना तयार गरिएको छ। यस योजनाले गाउँपालिका क्षेत्रमा रहेका मौजुदा विपद्जन्य जोखिम र जलवायु परिवर्तनका असर घटाएर दीगो, भरपर्दो, प्रतिफलदायी र सुरक्षित विकास प्रक्रियालाई प्रोत्साहित गर्नेछ । गाउँपालिकामा सञ्चालन हुने विषयगत विकास क्षेत्रमा जोखिम पहिचान गरी न्यूनीकरण गर्ने, जलवायु परिवर्तनबाट पर्ने प्रतिकूल प्रभावको सामना गर्न दक्षता विकास गर्ने कार्यमा यस योजनाले मार्गदर्शकका रुपमा सहयोग गर्नेछ । तसर्थ, विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै जोखिम घटाउने र विपद् भईहालेमा प्रभावित व्यक्ति तथा परिवारको उद्धार, प्राथमिक उपचार तथा आवश्यक आपतकालीन मानवीय सहयोग उपलब्ध गराउनु तथा मानव जीवन र जीविकोपार्जनका साधन तथा सम्पत्ति[1] को संरक्षणको कार्य गर्न गाउँपालिकाका शाखा, वडा कार्यालयहरू र समुदायका प्रतिनिधिहरूबीच जिम्मेवारी बाँडफाँड गरिएको योजनाबद्ध खाका नै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना हो । यो योजना विपद् जोखिम न्यूनीकरण राष्ट्रिय र प्रादेशिक नीतिका साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय र प्रादेशिक रणनीतिक कार्ययोजनाले मार्गदर्शन गरेको विपद् तथा जलवायु उत्थानशील समुदायको विकासमा आधारित अवधारणा अनुरुप तर्जुमा गरिएको छ ।

समग्र विपद्को अवस्थालाई हेर्दा नेपाल एक बहुप्रकोपबाट उच्च जोखिममा रहेको देश हो । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाको लक्ष प्राप्तिको काममा योगदान पुर्याउन र यस गाउँपालिकाको क्षेत्रगत विकास योजना निर्माण प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी उत्थानशील विकास अवधारणालाई प्रवर्द्धन गर्न यो योजनाको निर्माण र कार्यान्वयनले योगदान पुर्याउनेछ ।

### १.१.१ उद्देश्य

सम्भावित विपद् तथा जलवायुजन्य जोखिम कम गर्न, विपदको समयमा आपतकालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद्पछि प्रतिकार्य, पुनःस्थापना तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनावद्ध कार्यक्रम, जिम्मेवारी तथा वजेटसहितको योजना नै कानेपोखरी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना हो । यस योजनाको उद्देश्य देहायवमोजिम रहेका छन् :

- विपद् तथा जलवायुजन्य जोखिमको वुझाईको विकास गर्दै जोखिम न्यूनीकरणको काममा समुदायको अगुवाई सुनिश्चित गर्ने ।
- विपद् व्यवस्थापनको नीतिगत कामहरुलाई स्थानीयकरण गर्न संस्थागत सुदृढीकरण र शासकीय संयन्त्र निर्माणको सुनिश्चित गर्ने ।
- विपद् व्यवस्थापनको काममा गैसस, नागरिक समाज तथा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने ।
- विपद् जोखिम पहिचान र न्यूनीकरण कार्यमा प्रभावित समुदायसहितको समावेशी नेतृत्व विकासमा सहयोग गर्ने ।
- स्थानीय तहको विकास योजनालाई लैगिक तथा समावेशीता सहितको विपद् उत्थानशील वनाउने ।
- विपद् प्रतिकार्यको राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्डहरुलाई स्थानीयकरण गर्ने ।
- विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना (NSDRM) को लक्ष हासिल गर्न योगदान गर्ने ।
- बहुप्रकोप जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनका कामहरुलाई विकास योजनामा मूलप्रवाहीकरण गर्ने । दिगो र उत्थानशील विकासका माध्यमबाट गरिबी घटाउने कार्यमा योगदान गर्दै विपदबाट नागरिकहरुको जीउधनको सुरक्षा गर्ने । विकास निर्माणको कामहरुलाई दिगो र उत्थानशील बनाउने ।
- विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने ।

*सम्पति [1] मानवीय सम्पत्ति,, प्राकृतिक सम्पत्ति,, सामाजिक सम्पत्ति,, भौतिक सम्पत्ति र आर्थिक सम्पत्ति*

### १.१.२ विपद् तथा जलवायु उत्थानशील योजनाको सीमा

यो योजना कानेपोखरी गाउँपालिकाका ७ वटा वडाको सिमा भित्र सीमित रहेको छ । यो योजना कानेपोखरी गाउँपालिकाका वडा र समुदायका नागरिकहरुबाट प्राप्त सूचनामा आधारित छ । वडास्तरबाट प्राप्त सूचना, गाउँपालिका क्षेत्रमा सरोकारवाला निकाय तथा गाउँपालिकाका विषयगत शाखाहरूबाट प्राप्त सूचनामा आधारित छ । बिभिन्न विपद्हरुबाट हुने क्षतिलाई सिमित स्रोत र साधनबाट पूर्णरुपमा अन्त्य गर्न चुनौतिपूर्ण रहेको छ ।

यो योजना विगतमा घटेका विपद्का घटनाहरु, स्थानीयस्तरमा उपलब्ध जानकारी तथा स्थानीय समुदाय र सरोकारवालाहरुका विपद् व्यवस्थापन सम्बन्धी बुझाई र अवधारणाहरुमा आधारित भै तयार गरिएको छ।प्राकृतिक तथा मानवीय कारणबाट भविष्यमा हुनसक्ने विभिन्न प्राकृतिक प्रकोपहरुको विश्लेषण, वडास्तरको जोखिम विश्लेषण, विपद् सम्बन्धमा नेपालको वैधानिक अभिलेखहरुका आधारमा तयार गरिएको छ । यो योजना अन्तरगत तर्जुमा गरिएका गतिबिधिहरु गाउँपालिकाले विपद् व्यवस्थापनका लागि गर्नुपर्ने आधारभूत कार्यहरुका साथै दिगो विकास तथा विपद् उत्थानशीलता अभिवृद्धिका लागि क्षेत्रगत विकास योजनामा विपद् व्यवस्थापनका गतिविधिहरूलाई मूलप्रवाहीकरण कार्यमा केन्द्रित गरिएको छ । तथापी कार्यान्वयनका लागि बढी मात्रामा वाह्य स्रोत परिचालन गर्नु पर्ने र जिल्ला, प्रदेश र संघीय तहसम्म समन्वय र सहकार्य गर्नु पर्ने अवस्था रहेको छ।

### १.१.३ LDCRP र DPRP को मार्गदर्शक नीतिगत व्यवस्था

नेपाल बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिमपहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको मुलुक हो । जलवायु परिवतर्नका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव खासगरी जीविकोपार्जन, कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, जलवायुजन्य प्रकोप, मानव स्वास्थ्य र ग्रामीण बसोबास तथा भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ ।

जलवायु परिवर्तनसँगै विपद्का घटनाहरू बढ्दै गएका र निरन्तर दोहोरिरहने क्रम बढेको छ । जलवायु परिवर्तन एवं विपद्का कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा प्रतिकूल असर परेको कुरा विभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन् । यसको असरबाट गरिब, विपन्न, महिला, बालबालिका, जेष्ठनागरिकहरू, साधन स्रोतको पहुँचमा कमी र प्राकृतिक स्रोतमा आश्रित समुदाय सबैभन्दा धेरै प्रभावित हुन्छन् भन्ने तथ्य विभिन्न अध्ययनहरूले प्रष्ट पारिसकेको छ।

जलवायु परिवर्तनको प्रतिकूल असर नेपाल र नेपालजस्ता अति कम विकसित एवं विकासोन्मुख देशहरूमा धेरै परिरहेको छ । नेपाल विश्वका १९८ मलुकमध्ये भूकम्पीय जोखिमको हिसाबले ११ औं, पानी जन्य विपद्का दृष्टिले ३० औं स्थानमा रहेको छ ।[2] त्यसैगरी नेपाल जलवायु परिवर्तनको प्रभावको दृष्टिले विश्वका २०५ मुलुक मध्ये दशौं जोखिमयुक्त मुलुक रहेको छ ।[3] खासगरी ग्रामीण क्षेत्रमा जीविकोपार्जनका स्रोतमा जलवायु परिवर्तनका कारणले प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारको प्रभाव पारिरहेको छ ।

जलवायु अनुकूलनका लागि नेपाल सरकारले लागू गरेको राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति, २०७६ कार्यान्वयन भईरहेको छ । जसले जलवायु परिवर्तन अनुकूलनका लागि प्राथमिकताका दिनुका साथै उपलब्ध बजेटको ८० प्रतिशत स्थानीय तहमै लगानी गनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी जलवायु परिवर्तन समानुकूलनलाई स्थानीय तथा राष्ट्रिय विकास योजना प्रक्रियामा समायोजन गर्ने लक्ष्य अनुरुप वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय ढाँचा (LAPA Framework) २०६८ ल्याएको छ । नेपाल सरकारले जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दीर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना तयारी भईरहेको छ ।

त्यसैगरी नेपाल सरकारबाट विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिई नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन

---

[2] UNDP/BCPR, *सन् २००४ ।*

[3] *जर्मन वाच, सन् २०२२ ।*

२०७४ (परिमार्जन २०७५ सहित), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० जस्ता नीतिगत व्यवस्थाले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउधन र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षणमा जोड दिएको छ । त्यसैगरी कोशी प्रदेशले प्रदेश विपद् व्यवस्थापन ऐन २०७५, प्रदेश विपद् उत्थानशील नीति २०७८, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यविधि लगायत विभिन्न दस्तावेजहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

विद्यमान ऐन कानूनले स्थानीय तहलाई प्रत्याभूत गरेको अधिकारको प्रयोग गरी कानेपोखरी गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६, निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यसरी राष्ट्रिय, प्रादेशिक र स्थानीय तहबाट तयार भई जारी भएका नीतिगत मार्गदर्शनका आधारमा तयार गरिने योजनाले गाउँपालिकाको विपद् जोखिम व्यवस्थापनको कार्यलाई थप व्यवस्थित गर्न सहयोग पुर्याउनेछ । यसरी राष्ट्रिय, प्रादेशिक र स्थानीय तहबाट तयार भई जारी भएका नीतिगत मार्गदर्शनका आधारमा कानेपोखरी गाउँपालिकाले तयार गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई पूर्णता प्रदान गरिएको छ । यस योजना निर्माणका मार्गदर्शक सिद्धान्त देहायअनुसार रहेका छन् ।

- विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन संघ, प्रदेश, जिल्ला, स्थानीय र वडाहरूसँगको समन्वयमा संस्थागत विकास भएको छ।
- गाउँपालिकामा विपद् व्यवस्थापनका लागि सहजीकरण, व्यवस्थापन, नियन्त्रण तथा नियमन गर्ने प्रमुख जिम्मेवारी पालिका प्रमुखको हुने भएकाले सो जिम्मेवारी पूरा गर्न गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन समिति र वडास्तरमा विपद् व्यवस्थापन समिति गठन गरेको छ । यसरी हुँदै आएको संस्थागत विकासले यो योजना तर्जुमा र कार्यान्वयनका लागि आधार प्रदान गरेको छ ।
- यस योजनाको कार्यान्वयनका लागि सार्वजनिक क्षेत्र, विकास साझेदार, सरोकारवाला सङ्घसंस्थाहरू तथा समुदाय, निजी क्षेत्र, नागरिक समाजको सहभागिता तथा साझेदारी अभिवृद्धिको अवधारणालाई यस योजना निर्माणको आधारस्तम्भको रूपमा लिइएको छ ।
- आपत्कालीन प्रतिकार्यका क्रममा नागरिकहरुको जीवन, सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण गर्ने अधिकारमुखी, लैंगिक तथा समावेशीकरणको अवधारणा समेत यस योजनाको निमार्णको आधार रहेको छ ।
- यस योजनालाई आधार मानेर विपद्को जोखिममा रहेका समुदायको उत्थानशीलता बढाएर विपद्को सामना गर्ने क्षमताको विकास गरिनेछ । त्यसका लागि आपतकालीन समयमा गरिने मानवीय सहयोगका क्रममा विशेष गरी जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, दीर्घरोगी र अति गरीब समुदायलाई प्राथमिकतामा राखिनेछ र सेवा प्रवाहमा उनीहरूको पहुँच बढाइनेछ ।
- समावेशी विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ र महिला तथा युवा नेतृत्वको निर्माण गरी आवश्यकताअनुसार क्षमता विकास गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोतसाधन, ज्ञान, सीप तथा श्रमलाई उपयोग गर्दै प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिइने छ ।
- जलवायु परिवर्तन अनुकूलन, दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, विपद् ज्ञान व्यवस्थापनमा आधारित शिक्षा, वातावरण संरक्षण र विपद् उत्थानशील विकास बीच सामञ्जस्य कायम गरिनेछ ।

### १.१.४ योजना निर्माणको विधि तथा प्रक्रिया

योजना निर्माणको क्रममा देहायका विधि तथा प्रकृया अवलम्वन गरिएको छः

### क) सन्दर्भ सामग्रीको विश्लेषणः

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, विपद् जोखिम न्यूनिकरणा राष्ट्रिय निति २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड सातौं संसोधन २०७७, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य नमुना योजना २०७८ लाई आधार वनाइएको थियो । गाउँपालिकासंग सम्वन्धित दस्तावेजहरू उपलब्ध गराउनको लागि क्षेत्रगत शाखाहरूसंग समन्वय गरी विपद् जोखिम व्यवस्थापन र सोसंग सम्वन्धित भए गरेका कामहरूको प्रतिवेदन तथा तथ्याङ्कहरूको समीक्षा गरिएको थियो ।

### ख) गाउँपालिका विपद् व्यवस्थापन समिति र सरोकारवालाहरूसंग परामर्श कार्यशालाः

सन्दर्भ सामग्रीको विश्लेषणको कामपछि गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिसंग प्रारम्भिक कार्यशाला गरिएको छ। कार्यशालामा योजना निर्माणका लागि गरिने कृयाकलाप, यसमा अपनाइने विधि प्रकृयाहरू, विश्लेषण पछिको प्रतिवेदन खाकाको बारेमा छलफल गरिएको थियो । कार्यशालामा सूचना संकलनका लागि गाउँपालिकाको भूमिका र साझेदार तथा परामर्शदाता संस्थाको भूमिकाको वारेमा छलफल गरी कार्ययोजना तयार गरिएको थियो । कार्यशालाको संयोजन गाउँपालिकाको विपद् व्यवस्थापन शाखाले गरेको थियो । कार्यशालामा स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारी, राजनैतिक दलका पदाधिकारीहरू तथा सम्पूर्ण वडा अध्यक्षहरूको उपस्थिति थियो ।

### ग) वडास्तरीय बहुप्रकोप सङ्कटासन्नता तथा क्षमता विश्लेषणः

**तालिका नं १ गाउँपालिकास्तरीय र वडास्तरीय कार्यशालामा भएको सहभागिताको विवरणः**

| क्र सं | वडा नं | उपस्थिति सङ्ख्या | | | क्र सं | वडा नं | उपस्थिति सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | महिला | पुरुष | जम्मा |
| १ | प्रारम्भिक कार्यशाला | ७ | २३ | ३० | २ | १ नं वडा | ६ | २१ | २७ |
| ३ | २ नं वडा | ५ | २२ | २७ | ४ | ३ नं वडा | ११ | ३३ | ४४ |
| ५ | ४ नं वडा | ४ | २२ | २७ | ६ | ५ नं वडा | ८ | २४ | ३२ |
| ७ | ६ नं वडा | ९ | २७ | ३६ | ८ | ७ नं वडा | ७ | २८ | ३५ |
| ११ | अन्तिम कार्यशाला | ८ | २० | २८ | | जम्मा | | | २८६ |

स्रोत : वडास्तरीय छलफल २०८० जेठ

वडा समितिको अगुवाइमा वडा भेलाहरू गरिएको थियो । भेलामा जनप्रतिनिधिहरू, सुरक्षा निकायका प्रमुखहरु सबै टोलका प्रतिनिधिहरू, विद्यालय प्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधिहरू, महिला समूहका प्रतिनिधिहरू, महिला स्वास्थ्य स्वयंसेविकाहरु अपाङ्गता भएका संस्था वा समूहको प्रतिनिधिहरू गरी सवै स्थानमा जम्मा २७ देखि ४४ जना सम्मको उपस्थिति रहेको थियो । छलफलको क्रममा सामाजिक स्रोत तथा प्रकोप नक्सा, समस्या स्तरीकरण, क्षतिको विश्लेषण, प्रकोपको समय प्रवाह, कारण विश्लेषण जस्ता सहभागितामूलक विधिहरूको प्रयोग गरिएको थियो ।

### घ) पार्श्वचित्रको (Profile) मस्यौदा लेखनः

प्राप्त सूचना तथा सन्दर्भ सामग्रीहरुको विश्लेषण गरी त्यसैको आधारमा योजनाको मस्यौदा तयार गरिएको थियो ।

### ङ) पार्श्वचित्रमा पृष्ठपोषणको लागि छलफलः

कानेपोखरी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार भएपछि सो मस्यौदालाई गाउँपालिकाको विपद् व्यवस्थापन समितिमा पृष्ठपोषणको लागि प्रस्तुत गरिएको थियो । मस्यौदाको प्रस्तुति गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू, विषयगत समिति, विषयगत विभागका प्रतिनिधिहरू, कार्यपालिकाका पदाधिकारीहरूको उपस्थितिमा गरिएको थियो ।

### च) विपद तथा जलवायु उत्थानशील योजना मस्यौदा

गाउँपालिका विपद् व्यवस्थापन समितिको पृष्ठपोषण पछि यसको आधारमा विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा लाई अन्तिमरुप प्रदान गरिएको छ ।

## १.१.५ विपद तथा जलवायु उत्थानशील योजनाको लक्षित समूह

यस योजनाको पहिलो लक्षित समूह विपद् र जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेका समुदाय रहेका छन् । तथापि यस योजनाले समग्र गाउँपालिकालाई समेटेको हुँदा लक्षित समूहलाई देहायअनुसार विभाजन गरिएको छः

कानेपोखरी गाउँपालिकाका ७ वटै वडाका १०६६३ घरधुरीमा बसोबास गर्ने ४३१९३ (महिला २२७८८ र पुरुष २०४०५) नागरिकहरु यस योजनाका प्राथमिक लक्षित समूह हुन् ।

पहिचान भएका गाउँपालिकाको उच्च जोखिम तथा संकटासन्न क्षेत्रमा वसोवास गर्ने समुदाय, लक्षित समुदाय र पछाडी पारिएका समुदायहरू यस योजनाका प्रमुख लक्षित समूहका रूपमा रहेका छन् ।

विपद् तथा जलवायु उत्थानशील योजना खासगरी नियमित विकास योजना, विद्यालय, स्वास्थ्य केन्द्र, सुरक्षा निकाय, वडाका कृषि समूह, महिला समूह, युवा समूहलगायत सरोकारवालाहरुसंग रहने हुँदा यी निकाय र समूह तथा घरपरिवार यसको लक्षित वर्गका रूपमा रहेका छन् ।

यस योजना कार्यान्वयनका लागि कार्यक्रम र बजेट उपलब्ध गराउने मूल निकाय भएकोले गाउँपालिका यसको लक्षित निकायका रूपमा रहेको छ ।

यस योजनामा संलग्न गरिएका कृयाकलापको कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारको समेत सहयोग आवश्यक पर्ने भएको हुँदा यसको कार्यान्वयनका लागि सहयोगीका रुपमा संघ र प्रदेश सरकारसमेत लक्षित निकायको रुपमा सहेका छन् । कानेपोखरी गाउँपालिकामा सामाजिक वा अन्य विषयगत क्षेत्रमा कार्य गरिरहेका वा भविष्यमा कार्य गर्न आउने दाता, गैरसरकारी संस्था र निजी क्षेत्र समेत यसको लक्षित निकाय वा समूह रहेका छन्।

# खण्ड दुई : गाउँपालिकाको चिनारी

## २.१ कानेपोखरी गाउँपालिकाको संक्षिप्त परिचय

कानेपोखरी क्षेत्रमा पर्ने कालीकोशी खोलाको ऐतिहासिकता पनि निकै पुरानो छ । यस क्षेत्रमा सिमसार भएकाले अनेक प्रकारका जलचर र थलचर जीवजन्तु पाइने गर्दथे । स्थानीय धिमालहरूले यसलाई कालीकोशी भन्दथे, जहाँ पानीको ठूलो मूल रहेको र यहाँबाट उम्रिएको पानी निरन्तर रूपमा बगेर जाने हुँदा यसलाई कोशी भनियो । यसैगरी यहाँको माटो कालो भएको हुनाले त्यहाँबाट बग्ने खोला या पानीको स्रोतलाई कालिकोशी भनियो भन्ने अनुमान छ । त्यस स्थानमा सप्तकन्या देवीको पूजाआजा हुने गर्दछ । अहिले कालिकोशी क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न यहाँका मानिसहरू प्रयासरत छन् ।

### २.१.१ नामकरण

कानेपोखरीको नामकरणका बारेमा अनेक प्रकारका तर्कहरू पाइन्छन् । हालको कानेपोखरी गाउँपालिका कानेपोखरी नामक एउटा पोखरीको नामबाट बनेको हो । कानेपोखरीको नामकरणका बारेमा स्थानीय जनमानसमा प्रचलित एक किंवदन्तीअनुसार अघि विराट राजाका एकजना काने भन्ने गोठालाले गाईलाई पानी खुवाउन बनाएको पोखरी भएकाले यसलाई कानेपोखरी भनिएको बताउने गरिन्छ । यसैगरी यो पोखरी कानको आकारको भएकाले पनि यसलाई कानेपोखरी भनिएको बताइन्छ । यता यो पोखरीमा काने झार प्रशस्तै पाइने हुनाले यसलाई कानेपोखरी भनिएको हो भन्ने अर्को तर्क छ । माथि दिइएको किंवदन्तीका आधारमा यस भेगमा बस्ने बृद्ध महिलाले मेला भर्न जाने महिलाहरूलाई कानमा लगाउने गरगहना दिने भएकाले पनि यसलाई कानेपोखरी भनिएको हुनसक्ने अनुमान छ । स्थानीय धिमाल भाषामा बकुल्लालाई काने भनिने तथा यस पोखरी भेगमा बकुल्लाहरू देखा पर्ने हुनाले पनि यसलाई कानेपोखरी भन्ने गरिएको तर्क पाइन्छ । यसरी यस गाउँपालिकामा रहेको पोखरीको नामका आधारमा नै यस गाउँपालिकाको नाम कानेपोखरी राखिएको हो । काने देवता, काने महाराज, काने गोठालो या कानको गहना दिने बूढी मानिस तथा कानको आकारको पोखरी जे भए पनि यो पोखरी यस भेगको एक महत्वपूर्ण स्थान मानिन्छ । तसर्थ यस गाउँपालिकाको नाम पनि कानेपोखरी राखिएको हो ।

मोरङको मध्य भागमा पर्ने कानेपोखरी गाउँपालिका नक्सामा हेर्दा सिधा ठाडो करिव आयताकारमा रहेको देखिन्छ । यो गाउँपालिका बयरबन, केरौन र होक्लाबारी गाविसलाई मिलाएर वि.सं. २०७३ सालमा पुनरसंचना गरिएको हो । कानेपोखरी गाउँपालिका निर्माणका क्रममा साविकको बयरवन, केरौन र होक्लावारीलाई मिलाईएको छ । मध्य मोरङका यी तीनवटा गाविसलाई मिलाएर कानेपोखरी गाउँपालिका बनाईएको हो । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरू छन् । यस गाउँपालिकाको नाम भने कानेपोखरी नामक पोखरीका आधारमा राखिएको छ ।

**तालिका नं २ गाउँपालिका समायोजनको विवरणः**

| गाउँपालिकाको नाम | समावेश भएका साविकका गा.वि.स. | केन्द्र | जनसंख्या | क्षेत्रफल व.कि. | हालको वडा नं | समावेश भएका साविकका गा.वि.स.र वडाहरू | |
|---|---|---|---|---|---|---|---|
| कानेपोखरी | वयरवन, केरौन र होक्लावारी | साविक वयरवन गा.वि.स. को कार्यालय | ३८०३३ | ८२.८३ | १ | होक्लावारी | १देखि९ |
| | | | | | २ | करौन | ३,४,६ र ९ |
| | | | | | ३ | वयरवन | १, ५ |
| | | | | | ४ | वयरवन | ६, ७ |
| | | | | | ५ | करौन | १, २, ५ |
| | | | | | ६ | वयरवन | ८ |
| | | | | | ७ | वयरवन | ९ |

स्रोत : कानेपोखरी गाउँपालिका पार्श्वचित्र २०७५-२०७६

### २.१.२ सिमाना

कानेपोखरी मोरंगको मध्य भागमा पर्ने तराईको गाउँपालिका हो । यसको पूर्वमा पथरीशनिश्चरे सुनवर्षी नगरपालिका, दक्षिणमा रंगेली नगरपालिका, पश्चिममा बेलबारी नगरपालिका र उत्तरमा लेटांग नगरपालिका पर्दछन् । यस गाउँपालिकाको

पूर्व र पश्चिममा मोरंगकै दुईदुईवटा नगरपालिका र उत्तर र दक्षिणतिर एउटाएउटा नगरपालिका पर्ने हुँदा नगरपालिकाहरूका बीचमा रहेको एउटा मुख्य गाउँपालिका कानेपोखरी हो भन्न सकिन्छ । विभिन्न प्रकारका प्राकृतिक श्रोतहरूले सम्पन्न यो गाउँपालिका तराईका सम्म भूभागमा पर्दछ । चारकोशे झाडीको अवशेषका साथमा प्रशस्तै सिमसार र पोखरीहरू रहेको यो गाउँपालिकाको अत्यधिक जसो जमिन अति उर्वर पनि छ । तसर्थ यसलाई मोरंगको अन्नभन्डारका रूपमा पनि लिन सकिन्छ ।

### २.१.३ क्षेत्रफल

कानेपोखरी गाउँपालिकाको सिमाना पूर्वमा पथरी शनिश्चरे तथा सुनवर्षि नगरपालिकासँग जोडिएको छ । चारैतिर विभिन्न नगरपालिकाहरूले घेरेको यस गाउँपालिकाको क्षेत्रफल भने ८२।८३ ब.कि.मी. छ । यो गाउँपालिका समुद्र सतहबाट करिव ७५ मिटर उचाईमा रहेको छ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ । यस गाउँपालिकाभित्र तीनवटा सामुदायिक वनका साथमा एकवटा धार्मिक वन पनि रहेका छन् । तर यस गाउँपालिकाभित्र चारकोशे झाडी पनि पर्दछ । यस गाउँपालिकाको क्षेत्रफल ८२.८३ ब.कि.मी. रहेको छ ।

### २.१.४ भौगोलिक स्वरूप

कानेपोखरी मोरङको बीच भागमा पर्ने गाउँपालिका हो । चारैतिरबाट नगरपालिकाहरूले घेरेको यो गाउँपालिकाको उत्तरी भागबाट पूर्वपश्चिम राजमार्ग गएको छ । यता कानेपोखरीदेखि रंगेलीसम्म पनि मोटरबाटो छ, जुन हाल कालो गरिएको छ । यो गाउँपालिकाको सबै भूभाग सम्म तराई प्रदेशमा पर्दछ । तर पनि यसको उत्तरतिर चारकोशे झाडीमा भने अहिले पनि थुम्काथुम्की र सिमसार रहेका छन् । तर यसको ढाल दक्षिणतिर फर्किएको हुनाले यहाँका खोलानाला दक्षिणतिर बग्ने गर्दछन् । यो गाउँपालिकामा वनजंगल निकै धेरै छ भने यहाँ सिमसार र पानीका मूल पनि अनगिन्ति छन् ।

### २.१.५ भू धरातल

भू सूचना प्रणाली Geographical Information System (GIS अनुसार यस कानेपोखरी गाउँपालिकाको भूअवस्थिति/धरातल तराइको समथर भूमीका रुपमा विद्यमान रहेको छ । यद्यपी खोला नाला खोल्सा तथा पोखरीहरुले यस क्षेत्रको धरातलिय स्वरुपमा एकरुपता आउन दिइएको छैन । समथर भूभागको आधारमा हेर्दा २६ डिग्री देखि ८७ डिग्रीसम्मको समथर जमिन यो गाउँपालिका अवस्थित छ । यस गाउँपालिका समुन्द्र सतहबाट करिव ७५ मिटरको उचाइ देखि १२४ मिटरसम्म अवस्थित छ ।

### २.१.६ भू-उपयोग

कृषि यस गाउँपालिकाको मुख्य पेशा हो । समथर उब्जाउ, चिम्टयाइलो, दोमट र बलौटे माटो भएकाले यस क्षेत्रमा कृषि उत्पादनको अझ बढी सम्भावना बोकेको देखिन्छ । कृषि अन्तर्गत खाद्यन्न, दलहन, तेलहन, नगदेबाली, तरकारी खेती, फलफूल खेती, माछापालन र पशुपालनका परम्परागत तथा आधुनिक अभ्यासहरु मार्फ भू-उपयोग गरिएको छ । चिसाङ्ग खोला र यहाका दक्षिणी भेगबाट चतरा सिंचाई नहरले यस गाउँपालिकाका ठूलो हिस्सा सिंचाइको सुविधा पुगेको छ । अन्य ससाना खोला, खोल्सीहरुबाट परम्परागत रुपमा संञ्चालनमा आएका सिंचाइका कुलाहरु मार्फ यस गाउँपालिकाका कृषि योग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध भएको देखिन्छ । यस गाउँपालिकाको क्षेत्रफललाई हेर्दा २५ प्रतिशत जति भूभाग वनजंगल, नदीनाला, आावास, पोखरी, सिमसार सडक संजाल र औद्योगिक क्षेत्र आदिले ढाकेको छ । बाँकी भूमि कृषि योग्य जमिनको रुपमा देखिन्छ ।

### २.१.७ सिंचित क्षेत्रफल

कानेपोखरी गाउँपालिकामा थुप्रै खोलाहरु, सिमसार क्षेत्र, ससाना खोल्सा तथा पोखरीहरुले गर्दा यहाँ सिंचाईका लागि निकै महत्वुर्ण छन् । यहाँको सिमसार क्षेत्र कालिकोशी बाट यस गाउँपालिकाका थुप्रै वडाहरु सिंचित भएका छन् । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालीका नम्वर ३ : गाउँपालिकाको सिंचित क्षेत्रफल

| क्र.स. | विवरण | क्षेत्रफल |
|---|---|---|
| १ | सालैभर सिंचत | २८५० हेक्टर |
| २ | मौसमि सिंचित क्षेत्र | ९४० हेक्टर |
| ३ | कुल सिंचित क्षेत्रफल | ३७९० हेक्टर |
| ४ | असिंचित जिमन | ११२३ हेक्टर |
| ५ | खेतीयोग्य जमित | ४९१३ हेक्टर |
| ६ | खेती गरिएको जमिन | ४४०० हेक्टर |

स्रोत : कानेपोखरी गाउँपालिका पार्श्वचित्र २०७५-२०७६

### २.१.८ वन क्षेत्रको अवस्था

मुख्य रुपमा सरकारी संरक्षित वन, सामुदायक वन, धार्मिक वन, कवुलियत वन व्यक्तिगत रुपमा रहेका वन जस्ता वनका प्रकारहरुमा व्यवस्थापन भैरहेको हालको वन सम्पदाहरुले वातावरण र जैविक विविधताका क्षेत्रमा राम्रो काम भएको छ । यस क्षेत्रमा पनि उष्ण प्रदेशिय वनको प्रकार रहेको र यहाँबाट वनपैदावार तथा जैविक विविधता हालका जल्दा वल्दा विषयहरुमा संरक्षण र यसको समूचित व्यवस्थापन गरेको पनि पाईन्छ । यस क्षेत्र परापूर्वकाल देखि वन जंगलले ढाकिएको अवस्थामा थियो हालपनि यहाको ११०८ - २५ हेक्टर जग्गा वनजंलले ढाकेको तथ्याङ्कमा देखिन्छ । यसक्षेत्रमा हाल ३ वटा सामूदायिक वन, केहि निजि वन र १ धार्मिक वन पनि रहेको छ । यस क्षेत्रमा रहेको वनको विवरणलाई निम्न लिखित तालिकामा देखाइएको छ ।

**तालिका नम्बर ४ वनजंगल सम्बन्धी  विवरण**

| क..स. | सामुदायिक वन | सम्पर्क व्यक्ति | नम्वर | मुख्य रूख र प्रजातीहरू |
|---|---|---|---|---|
| १ | ग्रामिण सुधार सा.व. | नविन राइ | | साल, सिसौ धमेरो, उतिस आदी |
| २ | नवजागृती सा.व. | पुर्ण वहादुर अधिकारी | | साल, सिसौ धमेरो, उतिस आदी |
| ३ | महिला जागृती सा.व. | चन्द्रकला लिम्वु | | साल, सिसौ धमेरो, उतिस आदी |
| ४ | डाँस मोरंगी सा.व. | जिवन कटुवाल | | साल, सिसौ धमेरो, उतिस आदी |
| ५ | सिता छ घरे सा.व. | शान्तीराम खड्का | | साल, सिसौ धमेरो, उतिस आदी |
| ६ | ज्योती सा.व. | टंकेश्वरी याक्खा | | साल, सिसौ धमेरो, उतिस आदी |
| ७ | लक्ष्मी सा.व. | गणेष मादेन | | साल, सिसौ धमेरो, उतिस आदी |
| ८ | स्थानीय ग्रामिण सुधार सृजना सा.व. | सन्तोष लिम्वु | | साल, सिसौ धमेरो, उतिस आदी |

स्रोत : कानेपोखरी गाउँपालिका पार्श्वचित्र २०७५-२०७६

### २.२ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ को रेकर्ड अनुसार पहाडी क्षेत्रको जनसंख्या ऋणात्मक देखिएको छ त र मोरंग जिल्ला सवैभन्दा वढी जनसंख्या भएका ५ जिल्ला मध्येमा एक रहन पुगेको छ ।

**तालिका नम्बर ५ कानेपोखरी गाउँपालिकाको जनसङ्ख्या**

| वडा | घरधुरी संख्या | जनसंख्या | | | औसत घरधुरी | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | | |
| १ | १२९४ | ५३४८ | २५८१ | २७६७ | ४.१३ | ९३.२८ |
| २ | १६३५ | ६४९६ | ३१०९ | ३३८७ | ३.९७ | ९१.७९ |
| ३ | १३५६ | ५६४८ | २६६३ | २९८५ | ४.१७ | ८९.२१ |
| ४ | १५७५ | ६४४६ | ३०५० | ३३९६ | ४.०९ | ८९.८१ |
| ५ | १८४० | ७३५२ | ३४४१ | ३९११ | ४.०० | ८७.९८ |
| ६ | १७३८ | ६९७४ | ३२६० | ३७१४ | ४.०१ | ८७.७८ |
| ७ | १२२५ | ४९२९ | २३०१ | २६२८ | ४.०२ | ८७.५६ |
| जम्मा | १०६६३ | ४३१९३ | २०४०५ | २२७८८ | ४.०५ | ८९.५४ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.३ जैविक विविधता र वातावरणीय अवस्था

यस गाउपालिका जैविक विविधताका हिसावले महत्वपुर्ण मानिन्छ । यस गाउपालिकाको उत्तर भु-भागको केहि भाग चारकोशे झाडीले ओगटेको पाईन्छ । यस क्षेत्रमा मुख्य रुपमा वनजंगलमा पाईने जरिवुटी तथा अन्य जैविक विविधताको क्षेत्रमा धेरै कामहरु नभएको देखिन्छ । यस क्षेत्रको वन सम्पदा भित्र पर्ने जरिवुट्टी जन्य वोट विरुवाहरु तथा जंगली जनवार र पन्छीहरुका वारेमा पनि अध्ययन अनुसन्धानका लागी नया हुन सक्ने वातावरण रहेको यस क्षेत्रसंग सम्वन्धित विज्ञहरुको भनाईरहेकोछ । यसले गर्दा यस क्षेत्रको जैविक विविधताको क्षेत्रमा काम गर्ने पर्याप्त सम्भावनाहरू रहेको देखिन्छ ।जैविक विविधताको रुपमा यस क्षेत्रको महत्वपुर्ण स्थानहरुमा पाईने प्रमुख जनवार तथा चराचुरुङ्गी सम्वन्धी विवरण देहायवमोजिम रहेको छ ।

**तालीका नम्वर ६ वासस्थानका आधारमा प्रमुख जनावर तथा चराचुरूङ्गीको विवरण**

| वासस्थानको नम्वर | मुख्य जंगली जनावरको नाम | मुख्य जंगली चराचुरूङ्गीहरू | सरीसृप प्रजाती |
|---|---|---|---|
| सामुदायिक वन | हात्ती, बाँदर, वँदेल, हिरण, चित्तल, निलगाइ, दुम्सी, खरायो, स्याल आदी | सुगा, धनेष, कोयल, मयुर, वन कुखुरा, मैना आदी | गोमन, करेत, धामन, अजिङ्गर, हरेउ, सिरिसे, गोहोरो आदी |
| धार्मिक वन | | | |
| निजि वन | | | |

स्रोत : कानेपोखरी गाउँपालिका पार्श्वचित्र २०७५-२०७६

माथीको तालिका अनुसार यस कानेपोखरी गाउपालिका अर्न्तगत मुख्य रुपमा यहाको वनजंगल क्षेत्रमा हात्ती, हिरण, मृग, निलगाई, वदेल जस्ता जंगली जनावरहरु पाईने गरेको छ । यस क्षेत्रमा घनावन क्षेत्र भएका कारणले कहिले काही यहाँ वाहिरबाट आउने अन्य फिरन्ते जंगली जनावर र पक्षिहरु पनि आउने र केहि समय पश्चात पुन फर्कने गरेको कुरा विभिन्न रिपोर्टहरुमा उल्लेख छ ।

## २.४ उमेरगत जनसंख्या

विपद्को समयमा सवैभन्दा वढी जोखिममा महिला, बालवालिका तथा जेष्ठ नागरिकहरू हुने गर्दछन् । कानेपोखरी गाउँपालिकामा राष्ट्रिय जनगणना अनुसार ४ वर्ष मुनीका वालवालिकाको संख्या जम्मा ३२३५ जना अर्थात ७ प्रतिशत रहेका छन् भने ७० देखि माथिका जेष्ठ नागरिकहरू जम्मा २४३९ जना अर्थात ६ प्रतिशत रहेका छन् । विपद्को समयमा उनीहरूलाई फरक खालको हेरचाह र सुरक्षा चाहिन्छ । त्यसैले विपद्को पूर्वतयारीको अवस्थामा नै उनीहरूको लागि विषेश ध्यान पुर्याउनु पर्दछ ।

**तालिका नम्बर ६ उमेर अनुसार जनसङ्ख्या विवरण**

| उमेर समूह | वडा नं | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
| ००-०४ वर्ष | ३९९ | ५२० | ४४९ | ५१० | ५०७ | ५१३ | ३३७ | ३२३५ |
| ०५-०९ वर्ष | ४८५ | ५७३ | ५५१ | ५९९ | ६८३ | ६३३ | ४६४ | ३९८८ |
| १०-१४ वर्ष | ४६३ | ५७४ | ४५० | ५४४ | ६५० | ६३९ | ४३० | ३७५० |
| १५-१९ वर्ष | ४३४ | ६०७ | ४८२ | ५५६ | ६५१ | ७०३ | ४५९ | ३८९२ |
| २०-२४ वर्ष | ४८४ | ५२३ | ४८९ | ५१९ | ६२४ | ५३२ | ४०० | ३५७१ |
| २५-२९ वर्ष | ४०५ | ४८८ | ४७१ | ५५४ | ५५९ | ५१० | ४२२ | ३४०९ |
| ३०-३४ वर्ष | ३४८ | ४२९ | ३९० | ४९९ | ५५७ | ५३४ | ३६२ | ३११९ |
| ३५-३९ वर्ष | ३६८ | ४३९ | ३७८ | ४८६ | ४९० | ५४६ | ३४० | ३०४७ |
| ४०-४४ वर्ष | ३३० | ४६१ | ३५२ | ४१० | ५२६ | ४४६ | ३६६ | २८९१ |
| ४५-४९ वर्ष | ३४३ | ३७९ | २९२ | ३३२ | ३७३ | ३०५ | २६३ | २२८७ |
| ५०-५४ वर्ष | ३१२ | ४२४ | ३२१ | ३७२ | ४३५ | ३५९ | २५३ | २४७६ |
| ५५-५९ वर्ष | २६६ | २५२ | २७३ | २६३ | ३५८ | ३०६ | १८३ | १९०१ |
| ६०-६४ वर्ष | २२९ | २२७ | २३४ | २३३ | ३२१ | २८० | २०१ | १७२५ |
| ६५-६९ वर्ष | १९१ | २१५ | २०० | २२४ | २३२ | २३२ | १६९ | १४६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७०-७४ वर्ष | १४७ | १९२ | १४० | १६० | १९६ | १९५ | १४१ | ११७१ |
| ७५-७९ वर्ष | ७१ | ८८ | १०१ | ८६ | १०२ | १२० | ६२ | ६३० |
| ८०-८४ वर्ष | ४३ | ५२ | ३२ | ५६ | ४४ | ६० | ३८ | ३२५ |
| ८५-८९ वर्ष | २३ | ३० | २३ | ३३ | २७ | ४३ | २४ | २०३ |
| ९०-९४ वर्ष | ५ | १६ | १६ | ७ | ११ | ९ | ९ | ७३ |
| ९५+ वर्ष | २ | ७ | ४ | ३ | ६ | ९ | ६ | ३७ |
| जम्मा | ५३४८ | ६४९६ | ५६४८ | ६४४६ | ७३५२ | ६९७४ | ४९२९ | ४३१९३ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.५ साक्षरता

यस गाउँपालिकाको जम्मा जनसंख्या २१२२६ मध्ये लेख्न पढ्न नसक्ने मानिस मात्र २६ प्रतिशत रहेको तथ्यांकले देखाएको छ । जम्मा साक्षरता प्रतिशत ७८ प्रतिशत भएको राष्ट्रिय जनगणनाको तथ्यांकले देखाएको छ । यसैले विपद् जोखिमक लागि गरिने सचेतना र क्षमता विकासका कामहरू सन्चालन गर्दा अपनाइने विधि प्रकृयाहरू ती समुदाय र वर्गहरू सुहाउँदो वनाउँन जरूरी छ ।

**तालिका नम्बर ७ साक्षरता विवरण**

| वडा | लिंग | ५ वर्ष माथि उमेरको जनसंख्या | जनसंख्या | | | पढाइ सुरू नगरेका | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न नसक्ने | | |
| १ | जम्मा | ४९४९ | ३७७३ | ७ | ११६९ | ० | ७६.२४ |
| | पुरूष | २३७४ | २००० | २ | ३७२ | ० | ८४.२५ |
| | महिला | २५७५ | १७७३ | ५ | ७९७ | ० | ६८.८५ |
| २ | जम्मा | ५९७६ | ४३५१ | २५ | १६०० | ० | ७२.८१ |
| | पुरूष | २८३८ | २२८९ | १६ | ५३३ | ० | ८०.६६ |
| | महिला | ३१३८ | २०६२ | ९ | १०६७ | ० | ६५.७१ |
| ३ | जम्मा | ५१९९ | ३८२१ | ८ | १३७० | ० | ७३.४९ |
| | पुरूष | २४४५ | १९७६ | ३ | ४६६ | ० | ८०.८२ |
| | महिला | २७५४ | १८४५ | ५ | ९०४ | ० | ६६.९९ |
| ४ | जम्मा | ५९३६ | ४७८६ | ५७ | १०९० | ३ | ८०.६३ |
| | पुरूष | २७८६ | २४६५ | २१ | २९९ | १ | ८८.४८ |
| | महिला | ३१५० | २३२१ | ३६ | ७९१ | २ | ७३.६८ |
| ५ | जम्मा | ६८४५ | ५३६९ | ५ | १४७१ | ० | ७८.४४ |
| | पुरूष | ३१६७ | २७०८ | ३ | ४५६ | ० | ८५.५१ |
| | महिला | ३६७८ | २६६१ | २ | १०१५ | ० | ७२.३५ |
| ६ | जम्मा | ६४६१ | ५२१८ | ५ | १२३८ | ० | ८०.७६ |
| | पुरूष | ३००५ | २६३७ | २ | ३६६ | ० | ८७.७५ |
| | महिला | ३४५६ | २५८१ | ३ | ८७२ | ० | ७४.६८ |
| ७ | जम्मा | ४५९२ | ३७६५ | ५ | ८२१ | १ | ८१.९९ |
| | पुरूष | २११७ | १८६७ | २ | २४८ | ० | ८८.१९ |
| | महिला | २४७५ | १८९८ | ३ | ५७३ | १ | ७६.६९ |
| **जम्मा** | जम्मा | ३९९५८ | ३१०८३ | ११२ | ८७५९ | ४ | ७७.७९ |
| | पुरूष | १८७३२ | १५९४२ | ४९ | २७४० | १ | ८५.११ |
| | महिला | २१२२६ | १५१४१ | ६३ | ६०१९ | ३ | ७१.३३ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.६ अपांगता सम्वन्धी विवरण

विपद्को वेलामा जहिले पनि महिला, वालवालिका, जेष्ठनागरिकहरू र अपांगता भएका मानिसहरू उच्च जोखिममा रहेका हुन्छन् । विपद्का वेलामा होस या विकास निर्माणको काम गर्दा जहिले पनि यीनीहरूलाई केन्द्रमा राखेर काम गर्न जरूरी

छ । प्रतिकार्यका लागि सामग्रीहरूको जोहो गर्दा उनीहरूलाई आवश्यकता पर्ने सामग्री भण्डारण गर्न बिर्सनु हुन्न । कानेपोखरी गाउँपालिकामा जम्मा १० प्रकारका अपांगता भएका मानीसहरूको पहिचान गरिएको छ । जसमा जम्मा ६७७ जना अपांगता भएका मानीसहरू रहेको तथ्यांकले देखाएको छ ।

तालीका नम्वर ८ अपाङ्गताको किसिम अनुसारको नजसंख्या विवरण

| वडा नं. | पुर्ण अशत्त अपाङ्गता | | | अति अशत्त अपाङ्गता | | | मध्यम अपाङ्गता | | | सामान्य अपाङ्गता | | | कुल जाम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २ | ६ | ८ | ४ | ७ | ११ | २ | ७ | ९ | | ३ | ३ | ८ | २३ | ३१ |
| २ | ८ | ५ | १३ | ८ | १२ | २० | ४ | ४ | ८ | १ | २ | ३ | २१ | २३ | ४४ |
| ३ | ५ | ५ | १० | १५ | १४ | २९ | ८ | ९ | १७ | १ | | १ | २९ | २८ | ५७ |
| ४ | ११ | ८ | १९ | १० | १६ | २६ | ४ | ९ | १३ | १ | ३ | ४ | २६ | ३६ | ६२ |
| ५ | ५ | ५ | १० | १० | २५ | ३५ | ४ | ८ | १२ | | २ | २ | १९ | ४० | ५९ |
| ६ | ९ | १० | १९ | २६ | २४ | ५० | ६ | ५ | ११ | | १ | १ | ४१ | ४० | ८० |
| ७ | १० | १२ | २२ | १५ | १६ | ३१ | ४ | ६ | १० | १ | १ | २ | ३० | ३५ | ६५ |
| जम्मा | ५० | ५१ | १०१ | ८८ | ११४ | २०२ | ३२ | ४७ | ७९ | ४ | १२ | १६ | १७४ | २२४ | ३९८ |

स्रोत : कानेपोखरी गाउँपालिका महिला वालबालिका शाखा

## २.७ प्रतिनिधित्व

कानेपोखरी गाउँपालिकामा वर्तमान जनप्रतिनिधिहरू जम्मा ३६ जना रहेको अवस्था छ । जसमा महिला १५ अर्थात ४५ प्रतिशतको प्रतिनिधिन्व रहेको देखिएको छ । निर्णायक प्रतिनिधिन्तमा महिला अध्यक्ष भए पनि अन्य सदस्यहरू भने वडा सदस्य र मनोनीत कार्यपालिकाको सदस्यहरू मात्र देखिन्छन् । निर्वाचित वडा अध्यक्षको रूपमा कुनै पनि महिलाहरूको उपस्थिति देखिदैन वडाहरूमा ।

**तालीका नमवर ९ वडामा निर्वाचित जनप्रतिनिधहरूको विवरण**

| वडा नं | पद | जनप्रतिनिधिको नामथर | टोल | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| | गाउँपालिका अध्यक्ष | राजमती इङ्गनाम | | ९८४२४३६३०४ |
| | उपाध्यक्ष | भोलाप्रसाद अधिकारी | | ९८५२०६०५६२ |
| १ | अध्यक्ष | रत्नबहादुर कार्की | | ९८४२१४१९४५ |
| | वडा सदस्य | दिपेश कुमार थापा - | | ९८०४०५५१२१ |
| | वडा सदस्य | रामजी भण्डारी- | | ९८१३५३११६८ |
| | महिला सदस्य | बिमला बुढाथोकी- | | ९८०४०५०८५२ |
| | दलित महिला सदस्य | तुलसा देवी नेपाली - | | ९८११०४५४८३ |
| | कार्यपालिका सदस्य | सुफल मुर्मु | विसनपुर | ९८१०४९५०९४ |
| २ | अध्यक्ष | शुशिल बुढाथोकी - | | ९८४२०६७८४० |
| | वडा सदस्य | केशव दाहाल - | | ९८६२३१८२६६ |
| | वडा सदस्य | भिमबहादुर कार्की- | | ९८११०७७३६६ |
| | महिला सदस्य | सावित्री चौधरी - | | ९८१९३८७५५७ |
| | दलित महिला सदस्य | किना रिषिदेव- | | ९८२७३१२०७० |
| ३ | वडा अध्यक्ष | गोपालबहादुर कार्की | | ९८४२०८९८२९ |
| | वडा सदस्य | डिल्लीमान गिरी | | ९८०७३४०२३४ |
| | वडा सदस्य | लोकबहादुर लिम्बु | | ९८०५३३९७७३ |
| | महिला सदस्य | सरस्वती काफ्ले | | ९८१५३६१६१२ |
| | दलित महिला सदस्य | अनारवती ऋषिदेव | | |
| ४ | वडा अध्यक्ष | रमेश राउत | | ९८४२०९०५१६ |
| | वडा सदस्य | प्रदिप राई | | ९८६२१५२३६० |
| | वडा सदस्य | अविन्द्रकुमार घिसिङ | | ९८४२०३२७०४ |
| | महिला सदस्य | साउनी माझी (का.पा.) | | ९८१५३४११२९ |
| | दलित महिला सदस्य | श्याम कुमारी वि.क | | ९८४२२०२२८१ |
| | वडा अध्यक्ष | चरण गुरुङ - | | ९८५२०५६३९२ |
| | वडा सदस्य | रखिलाल चौधरी - | | ९८४२२४३८८७ |

| | | | | |
|---|---|---|---|---|
| ५ | वडा सदस्य | दिपकप्रसाद लुइटेल - | | ९८४२२२८६१३ |
| | महिला सदस्य | सुशिला धिमाल - | | ९८०८९२२७४५ |
| | दलित महिला सदस्य | प्रमिला परियार (का.पा.) | | ९८१७९७४७४६ |
| ६ | वडा अध्यक्ष | खडग बहादुर बस्नेत - | | ९८४२०६५११५ |
| | वडा सदस्य | नारायणकुमार बस्नेत - | | ९८१४३७५४१० |
| | वडा सदस्य | राजकुमार लिम्बु- | | ९८४२१०५५५३ |
| | महिला सदस्य | शुशिला श्रेष्ठ - | | ९८४२०४४२५५ |
| | दलित महिला सदस्य | दुर्गामाया नेपाली- | | ९८४७२१०८१८ |
| ७ | वडा अध्यक्ष | मोहन प्रसाद अधिकारी | | ९८४२०३६०४७ |
| | वडा सदस्य | जितबहादुर लिम्बु- | | ९८२७३९४३४५ |
| | वडा सदस्य | जिवन सुब्बा लिम्बु - | | ९८४२१८४६५० |
| | महिला सदस्य | पदम कुमारी कार्की - | | ९८४२१०६२६७ |
| | दलित महिला सदस्य | रविना ताम्राकार(वि.क.) | | ९८१९०९४२६२ |

स्रोत : गाउपालिका वेवसाइट

# खण्ड ३ : गाउँपालिकाका विपद् जोखिम र क्षमता विश्लेषण

## ३.१ स्थानीय तहको मुख्य जलवायु परिवर्तन र विपद्का जोखिम

### क) कानेपोखरी गाउँपालिका क्षेत्रको प्रकोपको पहिचान

कानेपोखरी गाउँपालिका क्षेत्रमा स्थानीय खोला नदीबाट उत्पन्न बाढी तथा डुवानको जोखिम उच्च देखिएको छ। यहाँका अधिकांश जमिन होचो तथा नदीको बहाव क्षेत्र समुदायले निरन्तर अतिक्रमण गरिरहेका कारण डुवान र कटानको समस्याहरू उच्च देखिएका छन्। महामारी खासगरेर कोरोना भईरसको संक्रमणको प्रभाव यस पालिकामा उच्च रहेको कारण समुदायलाई आक्रान्त वनाएको थियो। यस गाउँपालिकाको ५ र ७ को उत्तरी क्षेत्रमा पूर्वपश्चिम चिरेर गएको पूर्व पश्चिम राजमार्ग, पालिकामा निर्माण भएका सडक र बढ्दो सवारी साधनको चाप तथा जनतामा रहेको ट्राफिक नियम सम्बन्धी न्यून चेतनाका कारण सडक दुर्घटना र यसबाट हुने मानवीय मृत्यु दिनप्रतिदिन क्रमशः वृद्धि भईरहेको छ।हावाहुरी, शीतलहर र असिनाले मानवीय क्षति नगरेको भएपनि यसले बालिनालीमा ठूलो क्षति गरिरहेको छ। जनावरको आतङ्कमा खासगरी हात्ती, बाँदर, वँदेल तथा अन्य जङ्गली जनावरको आक्रमणबाट हुने मानवीय क्षति गर्ने गरेको छ भने सवैभन्दा ठूलो आतङ्क सामुदायिक कुकुरले मच्चाइरहेको पाइन्छ।




यसरी वडास्तरमा भएको छलपफलबाट कानेपोखरी गाउँपालिकामा विपद्का घटनाक्रमहरूलाई हेर्दा प्रकोपहरूको निम्नानुसार क्रम देखिएको छ। १. बाढी, २. सडक दुर्घटना, ३. जनावर आतङ्क, ४. महामारी, ५. आगलागी, ६. वाली तथा पशुरोग ७. भूकम्प, ८. असिना, ९. चटयाङ, १०.ध्वनी प्रदूषण र ११ मा शीतलहर देखिएको छ ।

वडाको भौगोलिक अवस्था फरक फरक देखिन्छ । केही वडाहरू वढी खोलानालाबाट प्रभावित भएको देखिन्छ भने केही वडाहरू जङ्गल र होचो जमिनको अवस्थाको कारण बाढी र डुवान तथा जङ्गली जनावरबाट उच्च जोखिममा रहेको पाइन्छ । खासगरी मुल सडक छोएका वडाहरू तिव्र रूपमा शहरीकरण भईरहेको पाइन्छ । ती क्षेत्रहरूमा विपद्का शहरी सवालहरू जस्तै अव्यवस्थित नाला, विद्युतीय अस्तब्यस्तता, आवास तथा घरको मापदण्ड, फोहर व्यवस्थापन जस्ता समस्याहरू सघन रूपमा बढिरहेको देखिन्छ । अव्यवस्थित पूर्वाधार विकासको कारण बस्ती डुवानको समस्या बढिरहेको गुनासो पनि स्थानीय समुदायबाट आएको छ ।

पालिकाको उत्तरी क्षेत्रमा रहेको चारकोशे झाडी रहेको छ । सो क्षेत्रमा जंगली जनावरको उच्च जोखिम क्षेत्रको रूपमा मानीएको छ । यसको मुल कारण प्राकृतिक जंगल मासिनु र कृतिम जंगल हुर्कदै जाँदा जंगली जनावरको आहाराको रूपमा रहेका काली अँगेरी, जामुन, कुसुम, रानी कुसुम, (जुन घाँस र अचानोको कारण लोप भएको छ तर बाँदरले अति मन पराउँछ) भोगटे, वन सुपारी, क्यामुना, असारे, टाँटरी, बाँदरझुल्ला, फडिर जस्ता फलफुल मासिएको छ । जसको कारण खानकै लागि जंगली जनावरहरू समुदायमा छिर्ने गरेको वडाबासीहरूको भनाई रहेको छ।

### ख) प्रकोपको प्राथमिकीकरण

जोखिम विश्लेषणका लागि छलफल गर्ने क्रममा वडावासीहरूले बाढी, जङ्गली जनावरको आक्रमणलाई उच्च जोखिमको रूपमा लिएको प्रकोप स्तरीकरणको चार्टबाट प्रष्ट देखिएको छ । यस कारण सामाजिक संरचना र वर्गीय बनोटको अवस्थाको आधारलाई समेत मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाका क्रियाकलापहरु तर्जुमा गर्नु पर्दछ ।

यस वडामा प्रमुख रुपमा बाढी, सडक दुर्घटना, हावाहुरी जस्ता प्रकोपहरू देखिएका छन् । त्यसछि जनावर आतंक, आगलागी, चटयाङ, महामारी, शीतलहर, पशुवालीमा रोग, सर्पदंश जस्ता प्रकोपका घटनाहरु बारम्बार आई विपद्को अवस्था सिर्जना गरेको पाइन्छ । यसरी आईरहने प्रकोपलाई जोडा विधिबाट निम्नानुसार स्तरीकरण गरिएको छ । स्तरीकरणको लागि पहिलो प्राथमिकता मानवीय मृत्यु, त्यसपछि त्यसको वारम्वरता र क्रमस यसको आर्थिक क्षतिको प्रभावलाई मद्घनजर गरेर स्तरीकरणमा सहभागी गराइएको थियो ।

**तालिका नम्बर १० पालिका स्तरीय प्रकोप स्तरीकरण**

| वडा नं | बाढी | स.दु. | वन्यजन्तु | आगलागी | हावाहुरी | ज.आ. | बालीरोग | सर्पदंश | चट्याङ | वि.दु. | खडेरी | महामारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | १ | ० | ६ | ९ | ७ | ० | ५ | ० | ४ | २ | ३ |
| २ | ५ | ५ | १ | २ | ४ | ० | ० | ० | ० | ० | ० | ४ |
| ३ | १० | ५ | ० | ८ | ९ | ७ | ६ | १ | ० | ४ | २ | ३ |
| ४ | ९ | ३ | ६ | २ | १ | ० | ६ | ० | ० | ० | ० | ५ |
| ५ | ९ | ५ | ० | २ | ३ | ० | ० | ६ | ६ | ४ | ० | १ |
| ६ | १० | ९ | ८ | ७ | ६ | ५ | ४ | ३ | ० | २ | ० | ९ |
| ७ | ८ | ६ | ४ | ५ | ५ | ० | ३ | ० | १ | ० | ११ | १ |
| अंकभार | ६१ | ३४ | १९ | ३२ | ३७ | १९ | १९ | १५ | ७ | १४ | १५ | २६ |
| स्तर | | | | | | | | | | | | |
| स.दु. (सडक दुर्घटना), वि.दु.(विद्युतीय दुर्घटना), ज.आ.(जनावर आतंक), पशुवाली रो (पशुवालीमा रोग) | | | | | | | | | | | | |

स्रोत : वडास्तरीय छलफल २०८० जेठ

कानेपोखरी, चिसाङ, कडिया, कोचेनी, कालीकोसी, राते, धमधमे, डाँस खोला, गेउरीया खोला, दही खोला, ज्यामिरे, सुकुना र भलुवा खोलाहरूले बार्षिक रूपमा कानेपोखरी गाउँपालिका क्षेत्रमा प्रभाव पार्ने गरेको छ भने गाउँपालिकाको उत्तरी भागमा अवस्थित सामुदायिक वनका कारण वडा नं ७ र ५ जंगली जनावरबाट उच्च जोखिममा रहेका छन् । कानेपोखरी गाउँपालिका आफैमा भौगोलिक विविधता भएको भूगोलमा अवस्थित छ । त्यसैले विपद्को जोखिमहरू फरक फरक रूपमा देख्न पाइन्छ । उत्तरी क्षेत्रमा जङ्गलबाट प्रभावित छ । जङ्गलबाट निस्कने जङ्गली जनावरबाट प्रताडित हुनु पर्ने र अन्य क्षेत्रमा खोलाबाट वारम्वार जोखिममा रहनु पर्ने अवस्था छ । सडक दुर्घटना खास गरी राजमार्ग क्षेत्रमा अत्यधिक देखिएको छ भने पशुवालीमा नयाँ नयाँ रोगहरू देखा परीरहेका छन् ।

कानेपोखरी गाउँपालिकाका स्वास्थ्य संस्थाहरूबाट निस्किएका फोहर व्यवस्थापनको कारण दुर्गन्ध फैलने गरेको कुरा वडा छलफलमा उठेको छ । तत्काल फोहर व्यवस्थापनका लागि इन्सीनेरेटरको व्यवस्थम गर्नु पर्ने कुरा वडा छलफलमा उठेको छ ।

### ग) प्रकोपको कारण विश्लेषण

मारीया खोलाले वडा नं २ को माझीटोलमा कटान गर्छ । कटान कारण ५ घर उच्च जोखिममा छन । थान टोलमा पनि ५ घर कटानको उच्च जोखिममा छ । केरौन चोकको १५ घर ऋषिदेव वस्ती डुवानको उच्च जोखिममा छ । वडा नं ५ देखिको सवै पानी सोहोरिएर आउँदा मैन पैनीमा ओभर फ्लो भएर डुवान गर्नेगर्छ ।तयसैले मैन पैनीलाई फराकीलो वनाउँनु जरूरी छ । कालीकोशी खोला, भलुवा खोला, चिसाङ, सुकुना खोलाबाट पैनी तानेर खेती गरिएको छ । तीनै पैनीहरूको व्यवस्थापन नहुँदा वस्ती डुवान हुने गरेको छ । पैनीहरू साँगुरीएका छन् । वहाव क्षेत्रमा रोकावट भएकोले पुर्ण क्षमतामा पानी वग्न नसक्दा वस्ती डुवान हुन्छ । चिसाङ खोलाको पानी परिवर्तन टोलको उत्तरी क्षेत्रबाट छिर्ने खतरा वढेको छ । यस स्थानबाट पानी छिर्यो भने वडाको सवै स्थानमा क्षति पुर्याउँछ । यसैले यस स्थानमा लन्चिङ ड्याम हाल्नु

पर्छ । चिसाङ टोलको जम्मा १५० घरधुरी चिसाङ खोलाको किनारमै छन् त्यसैले ती सवै १५० घरधुरी नै कटानको उच्च जोखिममा छन् । कालिकोशीको वहाव क्षेत्र अतिक्रमण भएको कारण पुर्ण क्षमतामा पानी वग्न सक्दैन । त्यसैले त्यसलाई सफा गरेर चिसाङमा मिसाउँनु पर्दछ । चिसाङ, कालिकोशी, झलझले पैनी ओभरफ्लो भएको कारण क्याम्पस डाँडा, डुम्रीघाट, ठुलोगाउँ, वहतर विगा, छकमल र वाँसवारी सान्ती टोल डुवानमा पर्ने गरेको छ । सिताधाप सिता खोला र डाँसखोलाको बिचमा टापु जस्तो नदी उकास जग्गामा भएकोले सिता खोला र डाँस खोलामा पुरै क्षेत्रमा करिव ३ किलोमिटर तटबन्ध चाहिन्छ र सिता र डाँसखोलामा झोलुङ्गे पुलको निर्माण आवश्यक छ ।

यहाँको जमिनको बाहिरी आवरण तथा भित्री बनौटको अवस्था, वातावरण र मानवीय गतिविधिका कारण प्राकृतिक तथा मानवसृजित विपद्का घटनाहरूको संख्यामा बृद्धि हुनका साथै क्षति पनि बढ्दै गइरहेको छ। विपद्ले मानिस मार्ने होइन, मानिसको गतिविधि तथा उसको सामना गर्ने क्षमता तथा सचेतना कमजोर भएका कारण जोखिम तथा क्षतिको मात्रा घटबढ हुने गर्दछ। प्राकृतिक रूपमा हुने विपदहरूलाई रोक्न सकिदैन, यो निरन्तर चलिरहन्छ यसको प्रभावलाई रोकथाम, अल्पिकरण तथा पूर्वतयारीका कामहरू गरेर क्षति कम गर्न सकिन्छ। यसैगरी जलवायु परिवर्तनका प्रभावलाई कम गर्न कठिनाइ छ, तर यसको प्रभावबाट बँच्न अनुकुलित हुने क्रियाकलाप तथा तरिकाहरूको विकास गर्न सकिन्छ। यसका मानवीय क्रियाकलापका कारण हुने सवै विपत्तीहरूलाई रोक्न छेक्न सकिन्छ। त्यसैले विपदको घटनाहरूको समय चक्रको विश्लेषण गर्न जरूरी छ।

वडास्तरीय भेलामा भएका छलफलबाट प्राप्त तथ्याङ्क अनुसार यस गाउँपालिकाका वडाहरूमा विगत ५ वर्ष यता घटेका प्रकोपका घटनाहरू, यसले निम्त्याएको विपद्को अवस्था र क्षति तथा यस्ता घटनाहरूको सामना गर्नका लागि समुदायले गरेका प्रयासहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नम्बर ११ : कानेपोखरी गाउँपालिकाको विपद्को समयरेखा**

| वडा | प्रकोप | कारण र यसको प्रभाव तथा असर | समाधानका लागि गरिएका प्रयासहरू |
|---|---|---|---|
| १ | बाढी पहिरो | २०७३ मा चिसाङको वाढीको कारण २ जनाको मृत्यु । बाढीको कारण २५ घर भत्काएको । | • कुकुरहरू वडा नं १ मा १००० भन्दा कम छैनन् । यीनीहरूलाई वन्ध्याकरण र संख्या घटाउँनु पर्छ ।<br>• खोला कटानका कारण वस्ती जोगाउँनका लागि वाँसको पाइलिङ लगाउँने गरिएको छ । |
| | सडक दुर्घटना | सडक दुर्घटनाका कारण १ जनाको मृत्यु । | |
| | आगलागी | विगत १० वर्षयता करिव १० वटा घर जलेको ३० लाख वरावरको क्षति भएको । | |
| | सामुदायिक कुकुरको आतङ्क | • राधाकृष्णमा पाहा लगाएका ५ वटा खसी एकै दिनमा मारे एउटा खसी पुरै खाए र अरू छाडी दिए ।<br>• डिपुमा ३ वटा, कुकुर भुक्कामा २ वटा, सान्ती चोकमा ५ वटा, विसनपुरमा १, झर्ना घुटुमा ३ वटा खसी खाएको ।<br>• साँडेले मानिस हानेर वेलावेलामा घाइते वनाउँने गरेको छ । | |
| | सर्पदंश | प्रत्येक वर्ष २, ४ जना सर्पको टोकाइबाट घाइते हुने गरेका छन् । | |
| | चट्याङ | २०७३ मा चट्याघका कारण भैसी ३, गोरू ४, टिभि ५०, मिटर ५०, ट्रान्समिटर २ थान विग्रीएको । | |
| | साँडेको प्रकोप | साँडेको हनाइबाट २० जना घाइते भएका छन् । | |
| | हावाहुरी | २०७८ सालमा २० घरको छाना उडाएको । २०७७ मा हावाहुरीको कारण पाक्न लागेको १५० विगा जिमनको वाली नष्ट गरेको । | |
| २ | बाढी डुवान र कटान | बाढीको कारण ३ जनाको मृत्यु भएको छ भने ८ वटा घर भत्कीएको छ । करिव २० विगा जमिन कटान गरेको कुरा वडा छलफलमा उठेको छ । | • कुकुरहरू वडा नं १ मा १००० भन्दा कम छैनन् । यीनीहरूलाई |
| | आगलागी | आगलागीको कारण वडा नं २ मा हाल सम्म ५ वटा घर नष्ट भएको वडा वासीहरूको भनाई छ । | |

| | | | |
|---|---|---|---|
| | विद्युतीय दुर्घटना | विद्युतीय दुर्घटनाका कारण १ जनाको मृत्यु भएको छ । | वन्ध्याकरण र संख्या घटाउँनु पर्छ ।<br>• |
| | चट्याङ | चट्याङले लागेर वडा नम्जर दुइमा १ जनाको मृत्यु भएको छ । | |
| | महामारी | महामारी (कोरोनाको कारण वडा नं २ मा ५ जनाको ज्यान गएकर२ छ । | |
| | जनावर आतंक | जनावर आतंक विषेश गरेर कुकुरले वडा नं २ मा पत्र ४२ वटा पशु चौपयाहरू मारेको छ । | |
| | सडक दुर्घटना | सडक दुर्घटनाका कारण वडा नं २ मा ६ जनाको मृत्यु भएको छ भने धेरै घाइते हुने गरेका छन् । | |
| | सर्पदंश | सर्पको टोकाइबाट वडा नं २ मा १ जनाले ज्यान गुमाएको छ । | |
| ३ | विद्युतीय दुर्घटना | • विद्युती तारका कारण वढी आगलागी हुने गरेको छ ।<br>• विजुलीका पोलहरूको कारण मुसहर टोल, स्वागत टोल, मिलन टोल दक्षिण क्षेत्रमा जोखिम वढेको छ । विजुलीका खम्वारहरू ढल्ने अवस्था तथा तारहरू चुडिन लागेको अवस्थमा छ । २५ प्रतिशत वाली नष्ट गरेको छ । | • सरकारी तवरबाट नै कुकुर नियन्त्रणको काम थालनी गर्नु पर्ने कुरा उठेको छ ।<br>• स्थानीय नागरिकहरुमा सचेतना तथा क्षमता अभिबृद्धि गरी जोखिम न्यूनीकरणका उपायहरुको अवलम्वन गर्ने<br>• सवारी साधनको गति कम गर्न आवश्यक पहल गर्ने |
| | भुकम्प | वाल माविको वाल भत्कीएको । शिक्षा सदनको २ वटा कोठा भत्कीको । | |
| | सडक दुर्घटना | राजगन्जमा १ र दक्षिण टोलमा १ गरी जम्मा २ जनाको मृत्य भएको कुरा वडा भेलामा वताइएको छ । | |
| | आगलागी | २०७४ मा चन्द्र राईको घरमा आगलागी हुँदा ४ जनाको मृत्यु । २०८० मा एउटा भान्सा कोटोलमा आगलागी | |
| | बाढी | कोलटोल, मुसहर टोल, सन्थाल टोलमा व्यापक डुवान भएको छ । | |
| ४ | बाढी | बाढीको कारण कानेपोखरी ४ मा ४ जनाको मृत्यु भएको छ । भने ९ वटा घर भत्केको छ । खोलाले २५ विगा जमिन कटान गरेको छ । | • स्थानीय नागरिकहरुमा सचेतना र क्षमता विकास गरी जोखिम न्यूनीकरणका उपायहरुको अवलम्वन गर्ने<br>• सवारी साधनको गति कम गर्न आवश्यक पहल गर्ने |
| | चट्याङ | चट्याङको कारण १ जनाको मृत्यु भएको छ । | |
| | सडक दुर्घटना | सडक दुर्घटनाको कारण २० जनाको मृत्यु भएको छ भने १०० जना घाइते भएका छन् । | |
| | हावा हुरी | हावाहुरीको कारण ६० घरको छाना उडाएको छ । | |
| | सर्पदंश | सर्पदंशका कारण वडा नं २ मा १ जनाको मृत्यु भएको छ । | |
| | आगलागी | आगलागीको कारण वडा नं ४ मा १० घर नष्ट भएको छ । | |
| ५ | बाढी डुवान र कटान | • बढीले वगाएर २ जनाको मृत्यु भएको छ । ७ घर पुर्ण क्षति भएको छ ।<br>• चिसाङ खोलाले ५ विगा र कालीकोशीले १० विगा जमिन कटान गरेको छ । | • |
| | आगलागी | • १ जनाको मृत्यु भएको र २ वटा घर जलेको ।<br>• अर्को धानको कन्युमा आगो लगाइ दिने अपराधिक कृयाकलाप वढेको छ । थन्क्याइ राखेको धानको ३ वटा ढीकुटीमा आगो लागेको छ । | अपराधी पत्ता लगाउँने काममा समुदाय लाग्नु पर्छ । |

| | | | |
|---|---|---|---|
| | चट्याङ | चट्याङको कारण ३ वटा चौपयाको मृत्यु भएको छ । | चट्याङबाट सुरक्षा बारेमा क्षमता विकासको काम गर्ने |
| | कुकुरको आतङ्क | • बाख्रा ६१ वटा खाएको ।<br>• १२ जना मानीसलाई टोकेर घाइते वनाएको । | |
| | हावाहुरी | हावा हुरीका कारण ३० वटा ङरको छाना उडाएको छ । | |
| | सर्पदंश | सर्पको टोकाइबाट ३ जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् । | सडक सुरक्षाको वारेमा सचेतनाको काम गर्ने । |
| | महामारी | कोभिडको कारण २ जनाको मृत्यु भएको छ । | |
| | | | |
| | विद्युत | विद्युतीय दुर्घटनाका कारण वडा नं ४ मा ३ जनाको मृत्यु भएको छ | |
| ६ | बाढी डुवान | २०७८ सालमा बाढीका कारण १ जनाको मृत्यु भएको छ । | |
| | सडक दुर्घटना | २०७८ र ७९ सालमा मात्र सडक दुर्घटनाका कारण १५ जनाको मृत्यु र २० जना घाइते भएका छन् । | |
| | चट्याङ | चट्याङबाट मानवीय मृत्यु नभए ता पनि इलेक्ट्रोनिक सामग्रिमा क्षति हुने गरेको छ । | |
| | हावाहुरी | रूखहरू लडाइ दिनि घरको छाना उडाएको भएता पनि तथ्यांक नभएको | |
| ७ | हुरीवतास | हुरीवतासका कारण वडा नं ७ मा २० घरको छाना उडाएको छ । | • हात्तिलाई भगाउँनका लागि समुदायमा ७ वटा साइरन दिइएको छ । अझ पुगेको छैन ७ वटा जती थप्नु पर्छ भन्न वडावासीको भनाई रहेको छ । |
| | सडक दुर्घटना | सडक दुर्घटनाका कारण ५ जनाको मृत्यु र २५ जना घाइते भएका छन् । | |
| | विद्युतीय दुर्घटना | विद्युतीय दुर्घटनाका कारण ४ जनाको मृत्यु र ३ जना घाइते भएका छन् । | |
| | महामारी | कोरोना भाइरसका कारण वडामा २ जनाले ज्यान गुमाएका छन् । | |
| | आगलागी | आगलागीको कारण वडामा ४ वटा घर नष्ट भएको वडावासीको भनाई रहेको छ । | |
| | चट्याङ | चट्याङका कारण वडा कार्यालय र प्रहरी चौकीको विजुलीको वाइरिङ र इलेक्ट्रिक सामग्री जहिले जल्ने षरेको छ । | |
| | जंगली जनावर | बर्षमा ३ पटक हात्तीले दुख दिने गरेको छ । गएको बर्ष ११ वटा घर भत्काएको छ । भकारी भत्काएको र व्याड नष्ट गर्रको छ । | |

स्रोत : वडा स्तरिय छलफल २०८०

## ३.२ विगतका जलवायु परिवर्तन तथा विपद् जोखिमका असरहरु

### ३.२.१ विगतमा जलवायु परिवर्तन र विपद् जोखिमका कारण असर भोगेका मुख्य क्षेत्रहरु,

यस पालिकामा वडास्तरमा भएको छलफल अनुसार विगत १० वर्षमा जलवायु परिवर्तन र विपद् जोखिमका कारण मुख्य गरेर निम्न क्षेत्रहरू प्रभावित भएका छन।

### क. मानवीय मृत्यु

गएको ५ वर्षको समय अवधिमा सडक दुर्घटनाको कारण ४९ जना मानिसको मृत्यु भएको छ भने १४५ जना घाइते भएको कुरा आएको छ । बाढीको कारण १२ ले ज्यान गुमाएका छन् । साँडेको आक्रमणबाट २० जना मानीसहरू घाइते भएका छन् । कोभिड १९ को कारण ६ जना को मृत्यु भएको तथ्यांकले देखाएको छ । विद्युतीय दुर्घटनाबाट ८ जनाको मृत्यु भएको छ भने ३ जना घाइते भएको वडावासीहरूको भनाई रहेको छ ।

**तालिका १२: विगत १० वर्षयता विपद्को कारण भएको मानवीय क्षति**

| वडा | बाढी | | सा.कु. | | स.दु. | | आगलागी | | महामारी | | वि.दु | | सर्पदंश | | चटयाङ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते |
| १ | २ | | | २० | १ | | | | | | | | ४ | | | |
| २ | ३ | | | | ६ | | | | २ | | १ | | | | | |
| ३ | | | | | २ | | ४ | | | | | | | | | |
| ४ | ४ | | | | २० | १०० | | | | | | | १ | | १ | |
| ५ | २ | | | १२ | | | १ | | २ | | ३ | | ३ | १५ | | |
| ६ | १ | | | | १५ | २० | | | | | | | | | | |
| ७ | | | | | ५ | २५ | | | २ | | ४ | ३ | | | | |
| जम्मा | १२ | ० | | ३२ | ४९ | १४५ | ५ | ० | ६ | ० | ८ | ३ | ८ | १५ | १ | ० |

*स्रोतः वडास्तरीय छलफल २०८० जेठ*

## ख. निजी आवासीय भवनहरु

बाढी, हात्तीको आक्रमण, हुरीवतास जस्ता विपद्का कारण मानिसहरू ठूलो संख्यामा विस्थापित अवस्था नभए पनि बार्षिक रूपमा घर डुवान र वस्ती कटान तथा घरको छाना उडाउँने गरेको छ । विगत १० वर्ष भित्रमा ८ घरमा हात्तीले क्षति गर्यो । घर क्षति गर्ने वेलामा घरभित्र राखिएका अन्न समेत नष्ट गरेको भनाई वडावासीको रहेको छ । स्थानीय रूपमा वग्ने खोला खोल्सीबाट जम्मा ८५० विगा जमिन कटान भएको स्थानीयहरूसंग तथ्याङ्क छ । सबै भन्दा धैरै आक्रान्त सामुदायिक कुकुरले गरेको छ । हालसम्म १२२ वटा वाख्रा खाएको तथ्यांक समुदायसंग छ ।

**तालिका १३ : विपद्का कारण भएको घर तथा सम्पतिको क्षति विवरण**

| वडा नं | बाढी को कारण पूर्णरूपमा क्षति भएको घरसंख्या | बाढी को कारण आंशिक क्षति भएको घरसंख्या | भूकम्पको कारण पूर्णरूपमा क्षति भएको घर | भूकम्पको कारण आंशिक क्षति भएको घर | आगलागीको कारण पूर्णरूपमा क्षति भएको घर | हुरी बतासको कारण क्षति भएको घरसंख्या | चटयाङको कारण भएको घरको क्षतिको संख्या | विपदको कारण भएको जग्गाको क्षतिको विवरण (कठ्ठामा) | जनावर आतङ्कबाट घरको क्षति | जनावर आतङ्कबाट पशु चौपायाको क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २५ | | | | १० | २० | | | | १९ |
| २ | ८ | | | | ५ | | | 200 | | ४२ |
| ३ | | | | १ | १ | | | | | |
| ४ | ९ | | | | १० | ६० | | 500 | | |
| ५ | ७ | | | | २ | ३० | | १५० | | ६१ |
| ६ | | | | | | | | | | |
| ७ | | | | | ४ | | | | ११ | |
| जम्मा | ४९ | ० | ० | १ | ३२ | ११० | ० | ८५० | ११ | १२२ |

*स्रोतः वडास्तरीय छलफल २०८० जेठ*

राष्ट्रिय जनगणना २०७८ अनुसार कानेपोखरी गाउँपालिकाको जम्मा १०६६३ घरधुरीमा माटो, इटा र ढुङ्गाको जग भएका घरहरू ३ प्रतिशत अर्थात ४७४ घरधुरी रहेका छन् । जुन भूकम्पीय हिसावले अति उच्च जोखिममा रहेका छन् । आवास मापदण्ड र प्रभावकारी कार्यान्वयन आजको आवश्यकता भएको छ । नेपाल भूकम्पीय विपद्को हिसावले उच्च जोखिममा रहेको हुँदा जतिखेर पनि भूकम्प जान सक्छ । भूकम्पले मानिस मार्दैन तर हामीले वनाएका कमजोर संरचनाहरु ढल्दा वा भत्किँदा किचिएर मानिसको मृत्यु हुने र घाइते हुने गरेका छन् ।

*तालिका १३ : घरको जगको प्रकार*

| वडा नं | जम्मा घरधुरी | घरको जगको प्रकार | | | | |
|---|---|---|---|---|---|---|
| | | माटो, इटा र ढुंगाको | सिमेन्ट, इटा र ढुंगाको | सिमेण्ट, गिट्टि, वालुवा, छडको | काठको खम्वा | अन्य |
| १ | १२९४ | १०० | ३४४ | २११ | ६३४ | ५ |
| २ | १६३५ | १८ | ६५३ | २९३ | ६५३ | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १३५६ | १२६ | २९३ | २५६ | ६५४ | २७ |
| ४ | १५७५ | १२ | ३६८ | ४७२ | ७०८ | १५ |
| ५ | १८४० | ७१ | ७३५ | ४४९ | ५५५ | ३० |
| ६ | १७३८ | १०० | ६१४ | २९० | ७१८ | १६ |
| ७ | १२२५ | ४७ | २२८ | ३८७ | ५६१ | २ |
| जम्मा | १०६६३ | ४७४ | ३२३५ | २३५८ | ४४८३ | ११३ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

कानेपोखरी गाउँपालिकाको केही भागहरू उच्च शहरीकरणको दवावमा रहेका छन् । वस्ती घना वन्दै गएको छ जस्तै रमाइलो वजार र वयरवन जस्ता स्थानहरू शहरीकरणको उच्च दवावमा रहेका छन् । यी वजारहरू धेरै पुरानो वजार हुन । घना वस्ती भएको स्थानहरूमा आगलागीको समयमा ठूलो धनजनको क्षति हुन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कानेपोखरी गाउँपालिकामा अझै पनि ३६२ वटा घरहरू परालको छाना रहेको तथ्याङ्कले देखाएको छ । भने कर्कटपाताका छाना भएका घरहरू ६५ प्रतिशत देखिएको छ । घर बाँसको टाटी भए पिन टीन च्यापेर छाना हाल्ने चलन वढ्दै गएको कुरा छलफलमा आएको छ जसले गर्दा आगलागीको जोखिम कम भएको छ । तर छाना कमजोर भएको कारण सिमान्तकृत सुकुम्वासी परिवारमा आगलागी तथा हुरीवतासले छाना उडाउँने गरेको कुराहरू वडावासीहरूको भनाई रहेको छ । सुरक्षित आवासको अधिकार नागरिकहरूको भएको हुँदा राज्यले तत्काल सम्वोधन गर्नु पर्ने देखिएको छ ।

*तालिका १४ : घरको छानाको प्रकार*

| वडा नं | जम्मा घरधुरी | घरको छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्कट पाता | सिमेन्ट ढलान | खरको | टायल | ढुंगा | काठ | माटो | अन्य |
| १ | १२९४ | १०८५ | ४९ | १५० | ६ | २ | ० | ० | २ |
| २ | १६३५ | १४०९ | १६१ | ५४ | ६ | ३ | ० | ० | २ |
| ३ | १३५६ | ११७४ | ७६ | ९२ | ६ | ३ | १ | ० | ४ |
| ४ | १५७५ | १२९७ | २४३ | ३१ | ४ | ० | ० | ० | ० |
| ५ | १८४० | १५७२ | २२५ | २८ | ० | ९ | ५ | ० | १ |
| ६ | १७३८ | १४०२ | ३२४ | ५ | १ | १ | ४ | ० | १ |
| ७ | १२२५ | १००९ | २०७ | २ | ४ | २ | ० | ० | १ |
| जम्मा | १०६६३ | ८९४८ | १२८५ | ३६२ | २७ | २० | १० | ० | ११ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## ग. शिक्षा तथा विद्यालयहरु

यस कानेपोखरी गाउँपालिकाका अधिकांश विद्यालय भूकम्पीय हिसावले जोखिममा रहेका छन । यसैगरी खोला छेउ भएका विद्यालय बाढीको कारण जोखिममा रहेका छन् । गाउँक्षेत्रमा जम्मा २३ वटा विद्यालय (वालविकास केन्द्र वाहेक) मध्ये २२ वटा विद्यालयको तथ्यांक लिइएको थियो । जसमा विद्यालयका जम्मा १२१ वटा भवनहरूमा ४४ वटा भवन अर्थात ३६ प्रतिशत विद्यालय भवनहरू कमजोर अवस्थामा देखिएका छन् । जम्मा ३२७ वटा कक्षाकोठाहरू मध्ये १०१ वटा अर्थात ३१ प्रतिशत कक्षा कोठाहरू कमजोर अवस्थामा भएको तथ्याङ्कले देखाएको छ । राज्यको पुनरसंरचना पछि विद्यालय विकास र सञ्चालनको जिम्मा स्थानीय सरकारको भएकोले विद्यालय सुरक्षाको कुरामा ध्यान जानु पर्ने देखिएको छ । विद्यालयको रेकर्ड अनुसार ६०१५ वालबालिकाहरू हाल विद्यालयमा अध्यनरत छन् ।

विद्यालयहरूमा विद्यालय विपद व्यवस्थापन समितिहरू गठन गरिएका छैनन । संरचनात्मक तथा गैरसंरचनात्मक जोखिम न्यूनीकरण पूर्वतयारी तथा सचेतनाका कामहरु कमै भएका छन् । विद्यालयको नाम सहितको विवरण अनुसूचीमा राखिएको छ ।

विद्यालयका प्रधानाध्यापहरूका अनुसार यस गाउँपालिकाका क्षेत्रका विद्यालयहरूमा विद्यालय विपद् व्यवस्थापन समिति गठन गरिएको छैन। त्यसैले सुरक्षित विद्यालयका क्रियाकलाप विद्यालयहरूमा कार्यान्वयन भएका छैनन् । विद्यालय सुधार योजनाको विश्लेषण खण्डको २९ नम्वर देखि ३३ नम्वरसम्म विद्यायलको जोखिम विश्लेषण, विपद व्यवस्थापन सम्बन्धी योजना तथा यस सम्बन्धी चेतनामूलक कामहरू गर्नुपर्ने कुरा उल्लेख भएको भए पनि यो कागजमा सिमित भएको कुरा

वडास्तरको छलफलबाट प्राप्त भएको छ। विद्यालय सुधार योजनाले अनिवार्य रहेको विद्यालय व्यवस्थापन समिति गठन, विपद् व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्ति, लैगिक सम्पर्क ब्यक्ति तोकिनु पर्नेमा सो हुन सकेको छैन।

तालिका १४ : विद्यालयको जोखिमको अवस्था

| वडा नं | विद्यालय संख्या | भवन सङ्ख्या | | कोठा सङ्ख्या | | क्षेत्रफल (कट्ठामा) | विद्यार्थी सङ्ख्या | पुनर्निर्माण गर्नु पर्ने कक्षाकोठा |
|---|---|---|---|---|---|---|---|---|
| | | सुरक्षित | कमजोर | सुरक्षित | कमजोर | | | |
| १ | ३ | ६ | १० | १४ | २१ | ६२ | ९२० | |
| २ | ५ | १८ | ८ | ३९ | १५ | ३७ | १८९६ | १२ यसमा वाविके २ वटाको विवरण छैन |
| ३ | ३ | ११ | ५ | ३० | ६ | २९ | ६४२ | ५ |
| ४ | ५ | १४ | ७ | ४६ | २४ | ८१ | १११२ | २३ |
| ५ | ३ | १६ | ० | ४४ | ० | ० | ९२६ | यसमा जनता आविको विवरण छैन |
| ६ | ४ | १० | ८ | ३५ | १९ | ८८ | १६०४ | ११ |
| ७ | १ | २ | ६ | ८ | १६ | ९० | ५५० | यसमा सान्तिदेवि वा विके को विवरण छैन |
| जम्मा | २३ | ७७ | ४४ | २१६ | १०१ | ३८७ | ७६५० | |

*स्रोत: वडास्तरीय छलफल २०८०*

## घ. स्वास्थ्य तथा स्वास्थ्य सुविधाका संरचनाहरु

कानेपोखरी गाउँपालिकामा ६ वटा आधारभूत स्वास्थ्य केन्द्र र एक कानेपोखरी अस्पताल रहेको छ । ल्याव र सैया सहितको स्वास्थ्य संस्था कानेपोखरी अस्पताल मात्र हो । बाँकी स्वास्थ्य केन्द्रहरू परिवार नियोजन केन्द्र र खोपकेन्द्रहरू मात्र सञ्चालनमा छन् । ग्याष्टिक, टाउको दुख्ने, छालको रोग, स्वासप्रस्वास, चिलाउने, उच्च रक्तचाप, झाडापखाला जस्ता रोगहरू यस पालिकामा पाइन्छ भने मुटु, मृगौला, क्यान्सर, हात्तीपाइले जस्ता रोगहरूबाट पनि समुदाय उत्तिकै प्रताडित छन् । कतिपय रोगहरू समुदायको स्वास्थ्य सरसफाइसंग जोडिएर रहेका छन् ।

मानव स्रोतको हिसावले स्वास्थ्य केन्द्रमा कर्मचारी र महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका महत्वपूर्ण रहँदै आएको छ । गम्भिर प्रकृतिको रोग उपचारको लागि पालिका वाहिर जिल्लामा अवस्थित स्वास्थ्य सस्थाहरूमा जानु पर्ने अवस्था छ । सर्पदंश उपचार केन्द्र थियो हाल हटाएको छ ।

तालिका नम्वर १५ : कानेपोखरी गाउँपाललिकामा सरकारी स्वास्थ्य संस्थाहरूको विवरण।

| स्वास्थ्य संस्थाको नाम | ठेगाना (वडा नम्वर) | शैया संख्या | प्रसुती सेवा | ल्याव | उपलव्धसेवातथासुविधा | | | | रक्त सन्चार सेवा | कोभिड वेड | वर्न वेड (आगलागीको | जम्मा कार्यरत कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गाउँघर क्लिनिक | एक्सरे सेवा | परिवार नियोजन | खोपसेवा क्लिनिक | | | | |
| कानेपोखरी अस्पताल | ४ | ५ | छ | छ | | छ | छ | छ | | | | २७ |
| स्वास्थ्य चौकी होक्लावारी | १ | | | | छ | | छ | छ | | | | ३ |
| आधारभुत स्वास्थ्य केन्द्र केरौन | २ | | | | | | छ | छ | | | | २ |
| आधारभुत स्वास्थ्य केन्द्र हरिपुर | ३ | | | | | | छ | छ | | | | २ |
| हेल्थपोष्ट केरौन | ५ | | | | छ | | छ | छ | | | | ३ |
| आधारभुत स्वास्थ्य केन्द्र सनिश्चरे | ६ | | | | | | छ | छ | | | | ३ |
| आधारभुत स्वास्थ्य केन्द्र आइतवारे | ७ | | | | | | छ | छ | | | | २ |
| जम्मा | | ५ | १ | २ | २ | | ७ | ७ | | | | ४२ |

स्रोत : कानेपोखरी गाउँपालिका स्वास्थ्य शाखा

तालिका नम्वर १६ :उल्लेखित स्वास्थ्य संस्थाहरूमा जनशक्तिको विवरण

| स्वास्थ्यसंस्थाकोनाम | ठेगाना | कार्यरतस्वास्थ्यकर्मीकोसंख्या | | | | | | | | | | म.स्वा.से | का स | ज.स्वा.नि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज.स्वा.नि. | मे.अ. | स्टाफ नर्स | हे.अ. | सि अहेव | अहेव | सि.अनमी | अनमी | ल्याब टे. | ल्याब अ. | | | |
| कानेपोखरी अस्पताल | ४ | १ | २ | १ | ५ | ३ | ३ | ४ | ६ | १ | २ | २ | १ | ३१ |
| स्वास्थ्य चौकी होक्लावारी | १ | | | | | १ | | १ | | | | ८ | १ | ११ |
| आधारभुत स्वास्थ्य केन्द्र केरौन | २ | | | | | १ | | | १ | | | | | २ |
| आधारभुत स्वास्थ्य केन्द्र हरिपुर | ३ | | | | | १ | | | १ | | | ५ | | ७ |
| हेल्थपोष्ट केरौन | ५ | | | | | १ | | २ | | | | | १ | ४ |
| आधारभुत स्वास्थ्य केन्द्र सनिश्चरे | ६ | | | | | | | | | | | | | |
| आधारभुत स्वास्थ्य केन्द्र आइतवारे | ७ | | | | | १ | | १ | | | | १ | १ | ४ |
| **जम्मा** | | १ | २ | १ | ५ | ८ | ३ | ८ | ८ | १ | २ | १६ | ४ | ५९ |

स्रोत : कानेपोखरी गाउँपालिका स्वास्थ्य शाखा

पालीका क्षेत्रका जम्मा १० वटा प्रमुख रोगहरूमा छाला रोग, ग्याष्टिक, न्यूमोनीया, रूघाखोकी, उच्च रक्तचाप, ढाँडको समस्या, कानको समस्या, झाडापखाला, दाँतको समस्या । विभिन्न सर्ने रोगहरूको उत्पादन नै अस्पताबाट निस्कने फोहरमैला अव्यवस्थित विसर्जनबाट भईरहेको छ भन्ने कुरा ४ नम्वर वडा स्तरीय छलफलमा उठेको छ ।

आपतकालीन अवस्थामा ब्यवस्थित प्रतिकार्य गर्नका लागि प्रत्येक स्वास्य संस्थामा दक्ष जनशक्ति, उपकरण र सामग्री सहितको संगठित संरचना हुन अति आवश्यक छ । कानेपोखरी गाउँपालिकाको स्वास्थ्य संस्थाहरूमा भएका ५९ जना जनशक्ति पर्याप्त छैन । विपद्को समयमा स्वास्थ्यको आपतकालीन प्रतिकार्यका लागि कानेपोखरी अस्पताल र स्वास्थ्य मा RAPID RESPONSE TEAM – RRT रहेको पाइएन । स्वास्थ्य संस्थाहरूसंग स्वास्थ्यको आपतकालीन प्रतिकार्य योजना तयार भएका छैन । त्यसैले प्रतिकार्य योजना आवश्यक सामग्री सहित तयारी हालतमा राख्नु जरूरी छ । यस पालिकामा रहेका स्वास्थ्यका संरचनाहरू जनसंख्याको आधारमा कमि देखिएको छ । पालिकामा स्वास्थ्य सम्बन्धी जनशक्ति र उपकरणहरूको कमि कोभिड संक्रमणको समयमा देखियो साथै भवन पूर्वाधारको कमिको कारणले क्वारेन्टाइन तथा आइसोलेसनका लागी स्थान अभावका कारण विद्यालय तथा अन्यत्र व्यवस्थापन गर्नु परेको पालिकासंग भएको छलफलबाट प्राप्त भएको छ।

वडामा सञ्चालन गरिने कार्यक्रमका लागि दक्ष मानव स्रोत भनेकै हाललाई स्वास्थ्य स्वयंसेविकाहरू नै हुन । त्यसैले वडामा विद्यमान भौतिक तथा दक्ष मानवस्रोतको संरचनाहरूको स्तरउन्नती जरूरी छ । गाउँ तथा जिल्ला स्तरबाट सञ्चालन हुने नियमित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूमा प्रत्यक्ष वडा कार्यालय र वडामा विद्यमान संरचना (स्वास्थ्य केन्द्र र स्वास्थ्य स्वयम सेविका) वडामा निम्न कार्यक्रमहरुमा सहकार्य गर्ने गरिएको छ ।

- पूर्ण खोपयुक्त वडा घोषणाका लागि बालबालिकाको खोज तथा घरदैलो
- किट तथा लामखुट्टे नियन्त्रणका कार्यक्रमहरु
- हात्तीपाइले रोग विरुद्ध आम औषधी सेवन अभियान
- कोभिड महामारीमा संक्रमित घरघरमा औषधी वितरण र परामर्श
- स्वास्थ्य विमा अभियान पूर्ण र अर्थ निःशुल्क स्वास्थ्य विमा कार्यक्रम

## ङ. सडक, पुल निर्माण र त्यसले निम्त्याएको जोखिम

सडक निर्माणको कामलाई स्थानीय तहहरूले उच्च प्राथमिकता दिएको अवस्था छ । कानेपोखरी वडा नं १ देखि ७ सम्मको सडकहरूलाई हेर्दा अरू विकासको कामको तुलनामा राम्रो भएको देख्न सकिन्छ । यातायातको हिसावले प्रत्येक वडामा १५ मिनेटमा पुग्न सकिने अवस्था सृजना भएको छ । तर पूर्वाधार विकासलाई विपद्संग जोडेर हेर्नु जरूरी छ। कतिपय स्थानमा

सम्पन्न भएका कामहरूलाई हेर्दा विपद् व्यवस्थापनलाई ख्याल नपुर्याएको देखिन्छ । यस तरिकाले वनाइएका कामहरू दिगो नहुने मात्र होइन यसले विपद निम्त्याउँछ ।
त्यसैले पूर्वाधार विकासमा अनिवार्य विपद् प्रभाव मूल्याङ्कनको नीतिगत संरचनाको संस्थागत विकास जरूरी छ । कुनै पनि विकास निर्माणका कामहरू गाउँपालिकासंग समन्वय गरी एकद्धार प्रणालीमा सन्चालन हुन जरूरी छ । नीतिगत रूपमा विपद व्यवस्थापनमा काम गर्ने भन्ने उल्लेख भएको देखिएता पनि वडास्तरको वजेटलाई हेर्दा विपद व्यवस्थापनमा त्यति धेरै तालमेल रहेको देखिदैन । तर भएको कामहरूलाई विपदबाट सुरक्षित कसरी वनाउने भन्ने कुरामा सचेतना, निर्माण कार्यहरू मापदण्ड अनुरूपको वनाउनको लागि भूमिका निर्वाह गर्न समुदाय तहमा नै संरचनाहरूको विकास गर्न जरूरी छ । किनभने स्थानीय भूगोल समुदायलाई जानकारी हुन्छ । प्राविधिक रूपमा विज्ञता समुदायमा नभए पनि वनाउँन लागिएको संरचनाले भविष्यमा कस्तो खतरा निम्त्याउँछ भन्ने कुरा र के गर्यो भने जोखिम कम हुन्छ वा जोखिम सृजना हुदैन भन्ने करा उनीहरको लामो अभ्यासको आधारमा भन्न सक्छन् ।

## च. खानेपानी, सरसफाइ तथा ढल निकास

### खानेपानी

राष्ट्रिय जनगणना २०७८ कानेपोखरी गाउँपालिलकाको ८७ प्रतिशत गाउँवासीहरूको खानेपानीको मूल स्रोत ट्युववेल हो भन्ने तथ्याङ्कले देखाएको छ । यद्यपी २०७८ देखि यता पनि गाउँपालिकाले धेरै खानेपानीका लागि ट्युवेल र हेण्डपम्पहरू वितरण गरेको छ । यसले गर्दा वाढीको समयमा खानेपानीको समस्या हुने मात्र होइन पानीजन्य प्रकोपहरू तत्काल थपिने अवस्था हुन सक्छ । पहिलाको जस्तो पानी प्राकृतिक रूममा नरहन पनि सक्छ कारखानाबाट निस्कने केमिकल तथा प्रदूषणको कारण जमिन मुनीको पानी प्रदूषणका धेरै कारणहरू वर्तमान समस्याका रूपमा अगाडी आइरहेको पानीलाई प्रसोधन गरेर खाने चलन सुरू भईसकेको अवस्था देखिएको छैन । त्यसैले खानेपानीको योजना निर्माण गर्दा बार्षिक रूपमा पानीको सुद्धिकरण साथै सवै स्थानमा नभए पनि प्रत्येक जोखिम क्षेत्रका वस्तीहरूमा बाढीबाट सुरक्षित हुने खालको संरचनाहरू (ट्युववेललाई अग्लो वनाउने) निर्माण गर्ने तर्फ पनि ध्यान जान अति जरूरी देखिएको छ ।

सार्वजानिक धारहरूहरू निर्माण गर्दा धारा वनाइएको स्थल कति सुरक्षित छ ? महिला किशोरीहरूको पहुँच सहज छ ? भन्ने कुरालाई पनि ख्याल गर्नु पर्ने हुन्छ । किनभने सार्वजानिक धारा रहेको स्थलहरूमा नै महिला किशोरीहरू सवैभन्दा वढी जोखिममा पर्ने गरेको विभिन्न तथ्याङ्कहरूबाट देखिएको छ । परम्परागत रूपमा खानेपानीको रूपमा अपनाइएको कुवाको पानी खाने चलन पनि कानेपोखरी गाउँपालिकामा देखिन्छ ।

तालिका नम्बर १७ : खानेपानीको स्रोतको विवरण

| वडा | जम्मा घरधुरी | खानेपानीको स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धारा | | ट्युवेल, हेण्डपम्प | कुवाको ढक्कन | | आकासे पानी | खोला | जार वा वोटल | अन्य |
| | | घरपरिसर भित्र | घरपरिसर वाहिर | | लगाएको | नलगाएको | | | | |
| १ | १२९४ | २२ | ५ | १२५८ | २ | ६ | १ | ० | ० | ० |
| २ | १६३५ | १९ | ९ | १५९१ | ० | ९ | ० | ० | ० | ७ |
| ३ | १३५६ | ५५ | १३ | १२७३ | २ | ११ | १ | ० | १ | ० |
| ४ | १५७५ | २९ | ६८ | १४६८ | १ | ६ | ३ | ० | ० | ० |
| ५ | १८४० | १९ | २४ | १७७९ | ३ | ९ | १ | ० | १ | ४ |
| ६ | १७३८ | २७८ | २३७ | ११६९ | १२ | ९ | ४ | ० | ५ | २४ |
| ७ | १२२५ | २७९ | १३७ | ७९१ | ३ | २ | ५ | ० | १ | ७ |
| जम्मा | १०६६३ | ७०१ | ४९३ | ९३२९ | २३ | ५२ | १५ | ० | ८ | ४२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### सरसफाइ र ढलनिकास

सरसफाइको लागि सरकारले खुला दिशामुक्त क्षेत्र घोषणाका कार्यक्रमहरू विभिन्न स्थानमा सञ्चालन गरेको अवस्था छ । वर्तमान अवस्थामा फोहरमैला व्यवस्थापन एक चुनौतीको रूपमा रहँदै आएको छ । तर प्रविधि विकासले यसलाई सहज

तरिकाले व्यवस्थापन गर्दै फोहरलाई मोहरमा परिवर्तन गर्दै आएका फोहरमैला व्यवस्थापनका धेरै उदाहरणहरू पनि अगाडी आइरहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कानेपोखरी गाउँपालिकाको शौचालयको प्रयोगलाई हेर्ने हो भने अझै पनि ४ प्रतिशत घरधुरीले खुल्ला शौचालय प्रयोग गर्ने गरेको पाइएको छ । तर जनघनत्व र शहरीकरणमा तिव्र वृद्धिका कारण खुल्ला शौचालयहरू विपद्का कारण बन्न सक्छन् । खुल्ला शौचालयको प्रयोगको कारण झाडापखालाको रोगीहरू वर्षभरी नै आधारभूत स्वास्थ्य आउने गरेको अस्पतालको डक्टरको प्रस्तुतीमा आएको छ ।

स्फेयर मापदण्ड (मानवीय सहायताको आधारभूत मापदण्ड) अनुसार आपतकालीन अवस्थामा दिसा तथा मुखको माध्यमबाट हुने रोगहरुको संक्रमणलाई कम गर्नुका लागि सरकारले भूमिका खेल्नु पर्दछ भन्ने रहेको छ । दिशा तथा मुखबाट सर्ने रोगहरूको उत्पत्ति स्थल भनेको शौचालय हो।

तालिका १८ :शौचालयको प्रयोगको अवस्था

| वडा | जम्मा घरधुरी | शौचालयको प्रयोगको अवस्था | | | | शौचालयको सुविधा छैन |
|---|---|---|---|---|---|---|
| | | फ्लस शौचालय (सार्वजनिक ढल) | फ्लस शौचालय (सेफ्टी ट्याङ्की) | पिट शौचालय | सार्वजानिक शौचालय | |
| १ | १२९४ | ४ | ५२७ | ६५४ | २ | १०७ |
| २ | १६३५ | ९ | ७४७ | ७८६ | ४ | ८९ |
| ३ | १३५६ | ९ | ७८२ | ४३१ | ७४ | ६० |
| ४ | १५७५ | ० | ६०६ | ९२६ | ९ | ३४ |
| ५ | १८४० | ६७ | ५६८ | ११२७ | ६ | ७२ |
| ६ | १७३८ | १२ | ५३७ | ११५६ | ६ | २७ |
| ७ | १२२५ | ७ | ५३१ | ६७९ | ० | ८ |
| जम्मा | १०६६३ | १०८ | ४२९८ | ५७५९ | १०१ | ३९७ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### छ. कृषि तथा जीविकोपार्जन

वडास्तरीय छलफलमा प्रकोहरूको स्तरीकरण गर्नेक्रममा सबैभन्दा ठूलो समस्या बाढी रहेको देखिएको छ । वाढीबाट मानवीय क्षति भएको छैन तर घर तथा मानिसको जीविकोपार्जनमा ठूलो क्षति गरिरहेको अवस्था देखिएको छ । अहिले सवैले हाइव्रिड विउ मात्र प्रयोग गर्ने गरेका छन्। रैथाने विउ भन्दा हाइव्रिड विउबाट उत्पादन धेरै हुने भएकोले किसानको आकर्षण वढेको देखिन्छ ।जस्तै पुराना वीउको काउली तयार हुन ९० दिन लाग्ने गरेकोमा अहिले हाइव्रीड वीउबाट ४५ दिनमा तयार हुने गरेको छ । माटोको गुणस्तर पनि त्यतिकै खस्किएको छ भन्ने बुझाई छ समुदायको ।

**तालिका १९** : बालीपात्रो

| विवरण | | वैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको बीउ लगाउने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| विरुवामा फल लाग्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गहुँ काट्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै छर्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै भाँच्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

*स्रोतः वडास्तरीय छलफल २०८०*

२०७८ को वेमौसमी वर्षाले कानेपोखरी गाउँपालिकाले संकलन गरेको अन्नवालीको तथ्याङ्क अनुसार जम्मा १०१ विगामा लगाएको अन्न वाली र ६३ विगामा लगाएको तरकारी वाली नष्ट भएको छ । जसको मुल्य रू **२८०७०९९०/-** वरावरको अन्न वाली नष्ट भएको छ ।

तालिका नम्वर २० २०७८ कार्तिकमा भएको वेमौसमी वर्षाका कारण भएको क्षतिको विवरण

| वडा नं | मानवीय क्षति संख्या | | घरको क्षति संख्या | | अन्न वाली (विगामा) | तरकारी कठ्ठामा | अन्दाजी मुल्य |
|---|---|---|---|---|---|---|---|
| | मृत्यु | घाइते | पूर्ण क्षति | आँशिक क्षति | | | |
| १ | ० | ० | ० | ० | ७२ | ६० | १००८४३५ |
| २ | ० | ० | ० | ० | ५१८ | ३०० | ७२४७४५५ |
| ३ | ० | ० | ० | ० | ३२२ | २२० | ४५७१५८९ |
| ४ | ० | ० | ० | ० | ४७६ | ३४० | ६२०७४१२ |
| ५ | ० | ० | ० | ० | १९१ | १२० | २७१४७०७ |
| ६ | ० | ० | ० | ० | २९२ | १८० | ४१९४६६० |
| ७ | ० | ० | ० | ० | १५९ | ४० | २१२६७३२ |
| **जम्मा** | ० | ० | ० | ० | **२०३०** | **१२६०** | **२८०७०९९०** |

स्रोच : कानेपोखरी गाउँपालिका कृषि शाखा

**रोग निदानका प्रयासहरू**

कानेपोखरी क्षेत्रमा कृषि विकासका लागि गाउँपालिकामा छुट्टै कृषिशाखा रहेको छ। कृषि विकास र समस्या समाधानका लागि यही शाखाले काम गर्ने गरेको छ । यसरी काम गर्ने क्रममा शाखाले कृषक आफैले गर्ने काम र वाहिरबाट सहयोग गर्नु पर्ने काममा कृषकहरूलाई क्षमता विकास गर्ने कामहरू गर्दछ। जस्तै यसमा विउ उपचार, असल कृषि अभ्यास, माटो उपचार, बालिचक्र अपनाउँने, रोग प्रतिरोधी जातको प्रयोग, एकिकृत रोग तथा शत्रुजीव व्यवस्थापन कृषक आफैले गर्न सक्ने र गर्नु पर्ने भएकोले सिकाउँने काम गर्ने गरेको छ । भने सरकारी तहबाट स्थलगत अनुगमन, बाली उपचार शिविर, कृषक पाठसाला, कृषक गोष्ठि, जोखिम न्यूनीकरण सम्वन्धी तालीमहरू, आवश्यक विशाधी वितरण, जोखिम न्यूनीकरण सामग्रीहरूमा अनुदान, विमा सम्वन्धी तालीम दिने गरेको छ ।

तालिका नम्वर २१ :वालीमा देखिएका रोगहरू र सिफारिस गरिएका विषादीहरूको विवरण

| कानेपोखरी गाउँपालिका क्षेत्रमा वालीमा लाग्ने प्रमुख रोगहरु | | रोग नियन्त्रणका लागि कृषकले आफैले गर्न सक्ने कामहरू के के हुन ? | जोखिम न्यूनीकरणका लागि स्थानीय सरकारले गरेका प्रयासहरू के के हुन ? | यसका प्रमुख चुनौतीहरू के के हुन ? |
|---|---|---|---|---|
| धानको मरूवा | Tricyclazole 75 %wp CARBENDAZIM 50%wp | विउ उपचार, असल कृषि अभ्यास, माटो उपचार, बालिचक्र अपनाउँने, रोग प्रतिरोधि जातको प्रयोग, एकिकृत रोग तथा शत्रुजीव व्यवस्थापन | स्थलगत अनुगमन, बाली उपचार शिविर, कृषक पाठसाला, कृषक गोष्ठि, जोखिम न्यूनीकरण सम्वन्धी तालीमहरू, आवश्यक विशाधी वितरण, जोखिम न्यूनीकरण | प्रतिकुल मौसम, विषादीको जथाभावि प्रयोग, रोग प्रतिरोधी जातको अभाव, जोखिम सम्वन्धी न्यून जनचेतना |
| धानको खैरा | Zinc sulphate | | | |
| डडुवा विभिन्न वालीमा | Thiram, carbendazim mancozeb | | | |
| मेंकेको डाँठ कुहिने | CARBENDAZIM 50%wp | | | |
| केराको वन्चिटप | Dimethoate, CARBENDAZIM 50%wp | | | |
| केराको कोत्रे रोग | Chlorothalonil, captan | | | |

| | | | | |
|---|---|---|---|---|
| भाइरल रोगहरू | Dimethoate 30 ec | | सामग्रीहरूमा अनुदान, विमा सम्वन्धी तालीम | |
| डुसीजन्य रोगहरू | Thiram, carbendazim, captan | | | |
| सिन्दुरे रोग | Sulphur (sulfex) | | | |

स्रोच : कानेपोखरी गाउँपालिका कृषि शाखा

**कृषि क्षेत्रमा विनियोजन गरीएका कार्यक्रमहरू**

कृषि क्षेत्रमा यस बर्षको लागि विनियोजन गरिएका कार्यक्रमहरूलाई हेर्दा जोखिम हस्तान्तरणका कार्यक्रमरूलाई राम्रोसंग जोडिएको देखिएन । माटो परिक्षणको कुरा गरिएको छ यसले पनि जोखिम हस्तान्तरणको लागि भमिका खेल्न सक्छ । तर अझै कृषि क्षेत्रमा व्यवस्थित योजना निर्माण, व्यावसायिक योजना निर्माण, कृषक आफैले गर्नसक्ने कामहरूको वारेमा क्षमता विकास तालीम, विमाको वारेमा प्रशिक्षणका कार्यक्रमहरू यसमा जोड्न सकिन्छ ।

**तालिका नम्बर २२ : यस वर्षको कृषि क्षेत्रको प्रमुख कार्यक्रमहरूको विवरण**

| सि.नं | यस वर्षका प्रमुख कार्यक्रमहरू | कार्यक्रमगत वजेट हजारमा |
|---|---|---|
| १. | कृषकको मागमा आधारित कृषि उत्पादनमा सहयोग पुर्याउँने कृषि औजारमा साझेदारी | ३५०० |
| २. | गाउँपालिका क्षेत्र भित्रका इच्छुक सवै कृषकलाई निशुल्क माटो परिक्षण गर्ने अनुदान सहयोग | ५०० |
| ३. | कृषकको मागमा आधारित विभिन्न वालीको विउ विजन / खरिद तथा वितरण साझेदारी | १४०० |
| ४. | आमाको सिप सन्तानलाई, अर्ग्यानिक गुन्द्रुक मोरंगलाई कार्यक्रम सन्चालन | ७५० |
| ५. | प्राङ्गारिम मल उत्पादन प्रवर्धन | ५०० |
| ६. | विभिन्न विधाका कृषिजन्य उत्पादन अभिबृद्धि गर्न कृषकलाई व्यावसायिक तालीम कार्यक्रम | ७०० |
| ७. | उत्पान नियन्त्रण प्रणाली स्थापना र विकास | २५०० |
| ८. | स्यालो ट्युवेल खरिदमा अनुदान साझेदारी | १५०० |
| १३. | भूमिहीन किसान,महिला तथा दलित कृषकको लागि कृषि बिकास सहयोग कार्यक्रम | ११३५० |

स्रोच : कानेपोखरी गाउँपालिका कृषि शाखा

विपद् व्यवस्थापन र जिविकोपार्जनलाई फरक फरक कृयाकलापको रूपमा हेरिनु हुन्न । विपद् व्यवस्थापन र जिविकोपार्जन एक अर्कामा अन्योन्यसृत सम्वन्ध छ । आर्थिक रूपमा मानिस सवल भएन भने विपद् प्रभावित मानिस पुनर्स्थापित हुन सक्दैन । त्यसैले विपद् उत्थानशीलत वृद्धिका लागि जिविकोपार्जनको कामलाई संगै लानु पर्दछ ।

तर जिविकोपार्जनको काम गर्दा कृषिमा वा जिविकोपार्जनका कृयाकलापमा हुन सक्ने सम्भावित विपद्लाइ नजरअन्दाज गरेर वस्नुहुन्न । यसको लागि जोखिम हस्तान्तरणका कामहरू गर्नु जरूरी छ । जस्तै कृषि विमा, पशु विमा, अनुदान, पूर्वतयारी तथा क्षमता विकासका तालिमहरू, योजना निर्माण सम्बन्धी तालिमहरू । तथ्याङ्क अनुसार कुल घरधुरीको ३७ प्रातिशत कृषिमा निर्भर छन् भने अझै पनि १२ प्रतिशत जनता दैनिक ज्यालादारीमा निर्भर रहेको तथ्याङ्कले देखाएको छ ।

**तालिका नम्बर २३ : कानेपोखरी गाउँपालिका समुदायको पेशा सम्बन्धी विवरण**

| वडा नं | कृषि तथा पशुपालन | स्वरोजगार | व्यापार व्यवसाय | सरकारी जागिर | निजी क्षेत्रमा | वैदेशिक रोजगार | दैनिक ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५४० | १५२ | २५ | १५ | ५ | ७८ | ४८ | ११ |
| २ | ४०१ | ७६ | ५६ | १४ | १२ | २८६ | १५१ | २२ |
| ३ | ५०२ | १७७ | ३९५ | ११३ | ६८ | ६१८ | १४६ | ५८ |
| ४ | ३८६ | ४० | १०९ | २५ | ४५ | ३८७ | २९० | ८ |
| ५ | ९५५ | ३७ | २८ | २ | ५ | ९१ | ८२ | ७ |
| ६ | ३३७ | ९ | १७ | ११ | १ | ८८ | ८९ | १ |
| ७ | २२२ | ८८ | ९८ | २९ | १७ | २३० | १६७ | १३ |
| ८ | २५६ | १६ | ४८ | २३ | ११ | १७९ | ११५ | ११ |
| ९ | २४४ | १० | ११६ | २० | ५ | ११५ | २१५ | ११ |
| जम्मा | ३९६९ | ५६५ | ८७० | २४३ | १६३ | २००९ | १३२२ | १३१ |

स्रोत : कानेपोखरी गाउँ वस्तुतग विवरण २०७६

## ज. सिंचाइ

कृषि उत्पादन बृद्धिको मूल आधार भएकाले सिंचाई प्रणालीको व्यवस्थापनमा सुधार ल्याउने लक्ष पालिकाले राखेको छ । कृषिको अथाहा सम्भावना वोकेको यो गाउँपालिकामा जङ्गल क्षेत्र र नदी, खोला, खोल्सी र खहरे खोलाहरू पर्याप्त मात्रामा वग्ने गरेका छन् । तर ती केहि खोला खोल्सी वाहेक सवै खोलाहरू सिंचाइको लागि काम लाग्दैन । भुलुवा, सुकुना, चिसाङ, सिताधाप, दहिखोला र राते खोला, कालीकोशी लगाएत चतरा नरह पनि सिंचाइको लागि प्रयोग भईरहेको छ । तथापी पुर्ण रूपमा सिंचाइ पालिकाको सवै क्षेत्रमा पुग्न सकेको छैन । यसका लागि किह डिप वोरिङशरू पनि सन्चालनमा रहेका छन् ।

## झ. उर्जा

आगलागीको घटना पहिला घरको चुलामा वलेको आगो, जङ्गल तथा घुर ताप्ने गतिविधिबाट लाग्ने गरेको प्रसस्त समाचारहरू सुन्न पाइन्थ्यो अव यो प्रकृयाले विस्तारै अर्को रूप फेर्दैछ । हाल परम्परागत तरिकाले लाग्ने आगलागीको जोखिम न्यूनीकरणा भएको पाइन्छ तर अहिले ग्याँस सिलिण्डर, विद्युत, पेट्रोल पम्पहरूबाट वढी आगलागी भएको पाइन्छ । यस गाउँपालिकाको ९७१६ अर्थात ७२ प्रतिशत मानिसहरूले खाना पकाउन उर्जाको रूपमा एलपि ग्याँस प्रयोग गर्ने गरेको र ४९ प्रतिशत दाउराको प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैले अवको आगलागी प्रत्येक घरको भान्सा नै आगलागीको जोखिम क्षेत्रको कारण वन्न सक्ने सम्भावना छ । यसको जोखिम न्यूनीकरणको लागि केन्द्रित हुनु पर्ने देखिएको छ ।

वायो ग्याँसको उपभोक्ताको संख्या तुलनात्मक रूपमा कानेपोखरी गाउँपालिकामा बढिरहेको अवस्था छ । वातावरणमैत्री गतिविधिलाई यसले सघाउ पुर्याएको छ । नयाँ विकाससंगै नयाँ विपद् पनि भित्रिन्छ भन्ने कुरालाई हेक्का राखु पर्छ त्यसैले भान्सा कोठामा हुने विपद्को सुरक्षाको वारेमा प्रत्येक समुदायमा खास गरी महिलाहरूलाई लक्ष्य गरेर सञ्चालन गर्न जरूरी छ ।

**तालिका २४** : खाना पकाउनका लागि उर्जाको प्रयोगको विवरण

| वडा नं | जम्मा घरधुरी | खाना पकाउने इन्धनको प्रयोग | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | एलपि ग्याँस | विद्युत | गोवर ग्याँस | बायो ग्याँस | मट्टितेल | अन्य |
| १ | १२९४ | ६७५ | ४४७ | ६ | ९ | १५७ | ० | ० |
| २ | १६३५ | ९१८ | ६०७ | १० | १३ | ८६ | १ | ० |
| ३ | १३५६ | ६०८ | ५०४ | २६ | ८१ | १२८ | २ | ७ |
| ४ | १५७५ | ७४५ | ७५३ | ८ | १ | ६७ | ० | १ |
| ५ | १८४० | ८०६ | ९३८ | ११ | २ | ८२ | १ | ० |
| ६ | १७३८ | ८३१ | ८८१ | ८ | १ | १६ | ० | १ |
| ७ | १२२५ | ६७३ | ५३१ | २ | ५ | १३ | ० | १ |
| जम्मा | १०६६३ | ५२५६ | ४६६१ | ७१ | ११२ | ५४९ | ४ | १० |

स्रोत : राष्ट्रिय जनगणना २०७८

**तालिका २५** : वत्ती वाल्नका लागि उर्जाको प्रयोगको विवरण

| वडा नं | जम्मा घरधुरी | वत्ति वाल्नको लागि इन्धन | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सौर्य उर्जा | मट्टितेल | विद्युत | अन्य |
| १ | १२९४ | १२४१ | १३ | ४० | ० | ० |
| २ | १६३५ | १५७८ | १६ | २७ | ० | १४ |
| ३ | १३५६ | १३२० | १६ | १८ | ० | २ |
| ४ | १५७५ | १५५३ | १२ | ७ | ० | ३ |
| ५ | १८४० | १८२० | ८ | ९ | ० | ३ |
| ६ | १७३८ | १७३० | ४ | ० | ० | ४ |
| ७ | १२२५ | १२१६ | ६ | ३ | ० | ० |
| जम्मा | १०६६३ | १०४५८ | ७५ | १०४ | ० | २६ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## ञ. संचार

विपद् व्यवस्थापनको एउटा महत्वपूर्ण पक्ष भनेको सूचना र सञ्चार पनि हो । यदि सूचना र सञ्चार राम्रो भयो भने विपद् व्यवस्थापनको कामहरूले मानवीय मृत्यु र सम्पत्ति संरक्षणमा ठूलो भूमिका खेल्छ । तर सूचना र सञ्चारको लागि उपलब्ध साधन र स्रोहरूमा जनता वा प्रभावित क्षेत्रको समदायको पहुँच कति छ भन्ने कुरामा भर पर्दछ । विपद् पूर्वतयारीका लागि स्थानीय, प्रदेश तथा संघीय तहमा पूर्वसूचना प्रणालीहरू स्थापना र सञ्चालन गरिएको छ । ती धेरै सूचना प्रणालीहरू यीनै मोवाइल, टेलिफोन तथा रेडियोमा आधारिरत छन् । यदि समुदायसंग ती प्रविधिहरूमा पहुँच छैन भने ती पूर्वतयारीका कार्यक्रमहरू प्रभावकारी हुन सक्दैनन् । त्यसैले यसको प्रयोग र पहुँचको अवस्थाको वारेमा पनि विश्लेषण गर्न जरूरी छ ।

**तालिका २६** : सञ्चारका साधनहरुको विवरण

| वडा | जम्मा घरधुरी | कुनै पनि सञ्चारको साधनको पहुँच नभएको | कुनै एक सञ्चारको साधनमा पहुँच भएको | सञ्चारको साधन र पहुँचमा घरधुरी | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाईन | मोवाइल अर्डिनरी | मोवाइल स्मार्ट | कम्प्युटर ल्यापटप | इन्टरनेट |
| १ | १२९४ | ५६ | १२३८ | २०२ | ८४४ | ५ | ९१९ | ८६९ | ८९ | १७३ |
| २ | १६३५ | ४४ | १५९१ | ४०२ | ९२३ | ४ | ११५९ | १२०० | ९५ | ४५९ |
| ३ | १३५६ | ३२ | १३२४ | ६२३ | ६५१ | ४ | ९४९ | १०८९ | ७० | ३५७ |
| ४ | १५७५ | १७ | १५५८ | २८८ | १०७१ | ३ | ९६० | १२९७ | १४० | ५४२ |
| ५ | १८४० | १६ | १८२४ | २३९ | १२६६ | ५ | १३४४ | १४७४ | १९४ | ७३९ |
| ६ | १७३८ | ३७ | १७०१ | २७० | १०२६ | ५ | ११३३ | १३५२ | १६९ | ७९१ |
| ७ | १२२५ | १५ | १२१० | ३५३ | ७६३ | १३ | ९१५ | १०७२ | १२७ | ५९८ |
| १ | १२९४ | ५६ | १२३८ | २०२ | ८४४ | ५ | ९१९ | ८६९ | ८९ | १७३ |
| जम्मा | १०६६३ | २१७ | १०४४६ | २३७७ | ६५४४ | ३९ | ७३७९ | ८३५३ | ८८४ | ३६५९ |

स्रोत : स्रोत : राष्ट्रिय जनगणना २०७८

कानेपोखरी गाउँपालिकाको ७८ प्रतिशत घरमा मोवाइलको पहुँच रहेको र ६१ प्रतिशत घरमा टेलिभिजनमा पहुँचमा रहेको तथ्याङ्कले देखाएको छ । २ प्रतिशत अर्थात २१७ घरमा कुनै पनि सञ्चारको पहुँच देखिँदैन । यस अर्थमा विपद पूर्वतयारी र प्रतिकार्यको लागि गरिने सचेतनाको कृयाकलापहरू मोवाइल एसएमएस प्रभावकारी हुने देखिएको छ ।

## ट. आर्थिक तथा सामाजिक प्रभाव

विशेष गरेर गरिविमा वाँचेका परिवारहरू विपद पछि स्वस्फुर्त रूपमा पुनर्स्थापित हुन सक्दैनन् । गाउँक्षेत्रमा तीन महिना सम्म मात्र खान पुग्ने र आफ्नो नाममा जग्गा जमिन केही नभएका परिवार ५ प्रतिशत अर्थात् ५०२ परिवार भएको तथ्याङ्कले देखाएको छ । जस मध्ये जमिन पनि नभएका र आय आर्जनको लागि अन्य व्यवसाय पेशा पनि नभएका दैनिक ज्यालादारीमा काम गरेर जीवन गुजारा गर्ने परिवार संख्या ५०२ परिवार रहेको पाइएको छ । यस्तो अवस्थाका परिवारहरूलाई विपद्ले फरक प्रभाव पार्ने भएकोले उनीहरूको उत्थानशीलताका लागि फरक योजना बनाउँनु जरूरी छ ।

गरिवी तथा विपद् चपेटामा परिरहने यो वडा पर्यटन विकासका लागि पनि उत्तीकै सम्भावना वोकेको ठाउँ हो । मनोरन्जनका लागि मनोरन्जन, धार्मिक लगायत व्यावसायी होटेलहरू सञ्चालनमा छन् भने जामुन खाडी सिमसार क्षेत्र यसै पालिकामा पर्दछ । सामाजिक रूपमा विविधता वोकेको यो पालिकामा जातजातीको हिसावले सन्थाल, मगर, राई, लिम्वु, क्षेत्री, वाहुन सवै थरीका मानिसहरूको वसोवास रकेको छ ।

**तालिका ३२** : जग्गा जमिन हुने र नहुने परिवारको विवरण

| क्रस | जग्गा जमिन हुने | जग्गा जमिन नहुने | जुम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | ८९७ | २४२ | ११३९ | २१.२४ |
| २ | १२०० | ३२२ | १५२२ | २११५ |
| ३ | ९४२ | ३३३ | १२७५ | २६.११ |
| ४ | ८८४ | ४२८ | १३१२ | ३२.६२ |
| ५ | ११७५ | ५४१ | १७१६ | ३१.५२ |
| ६ | १३०८ | ११८ | १४२६ | ८.२७ |
| ७ | ८७६ | २०१ | १०७७ | १८.६६ |
| **जम्मा** | ७२८२ | २१८५ | ९४६७ | १०० |

स्रोत : कानेपोखरी गाउँपालिका वस्तुगत विवरण २०७६

**ठ. सरकारी संरचना तथा भवनहरू**

कानेपोखरी गाउँपालिका क्षेत्र भित्र खासगरी गाउँपालिकाको आफ्नै भवन छ । वडा कार्यालयहरू, इलाका प्रहरी कार्यालय लगाएतका सरकारी भवनहरू आफ्नै भवनमा सन्चालित छन् । गाउँपालिकाका
यसका आलावा निजी क्षेत्रबाट सञ्चालनमा रहेका ब्यावसायिक केन्द्रहरू दर्जनौको संख्यामा सञ्चालित छन् । सवै सेवाकेन्द्रहरूमा स्थानीय जनता सेवा लिने जमघट हुने स्थानहरू भएकाले ती स्थानहरू विपद्को हिसावले सुरक्षित बनाउँनु ती सेवाकेन्द्र सन्चालकहरूको दायित्व हुन जान्छ । भवन निर्माण संहिताको पालना र प्रत्येक भवनहरूमा विपद् सुरक्षाका मापदण्डहरू पालना गर्न जरूरी छ ।

## ३.२.२ सहरी विपद् र कानेपोखरी गाउँपालिका

सहरीकरणको विकास संगै सहरी विपद्का सवालहरूको जन्म हुदै जाने हो । कानेपोखरी गाउँपालिकाको केही ब्यापारिक केन्द्रहरू जस्तै रमाइलो, वयरवन, मंगलवारे, आइतवारे, कानेपोखरी लगाएतका शहरीकणको चर्को दवावमा छ । यी क्षेत्रहरूमा सहरीकरणसंगै सहरी विपद्का सवालहरू पनि वाहिर देखिएका छन् । सघन आवास, अव्यवस्थित ढलनिकास, फुटपात ब्यापार, खानेपानी र सरसफाइ, सवारी पार्किङ, प्रदूषण, अव्यवस्थित विद्युतीकरण, पर्यटन सुरक्षा, ध्वनी प्रदूषण, वाल श्रम, लागूऔषध दुर्ब्यसनी जस्ता सवालहरू देखा परेका छन् । यसलाई गाउँपालिकाको वार्षिक योजनाले समेट्नु पर्दछ ।

## ३.२.३ जलवायु परिवर्तन र विपद् जोखिमबारे सूचनाहरु

कानेपोखरी गाउँपालिकामा जलवायु परिवर्तनको प्रभाव वन तथा जैविक विविधता, उर्जा, मानव स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास लगायत जिविकोपार्जनसंग जोडिएको क्षेत्रहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष महसुस गरिएको छ । जसबाट बाढी, डुवान, कटान, हावाहुरी, वन्यजन्तु र मानव द्धन्द तथा अगलागी जस्ता जलवायुजन्य प्रकोपहरुका कारण हरेक वर्ष ठूलो संख्या र मात्रामा जनधनको क्षति भईरहेको छ । यो पृष्ठभूमिमा जलवायु परिवर्तनका असरहरुको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्नेतर्फ विभिन्न तह र विषयगत क्षेत्रहरुमा नीतिगत अभ्यास गर्ने उद्देश्यले जलवायु परिवर्तनको जोखिमका विषयहरुलाई यो स्थानीय विपद तथा जलवायु उत्थानशील योजनामा समेटिएको छ। यसको लागि समुदायले अनुभुत गरेका जलवायु परिवर्तनका सवालहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ३.२.४ जलवायु परिवर्तनका परिदृश्यहरु र त्यसका प्रत्यक्ष असरहरु

गाउँक्षेत्रमा जलवायु परिवर्तनका प्रत्यक्ष असरहरु कम देखिएता पनि विस्तारै यसको प्रभाव वढ्दै गएको तथ्य वडास्तरीय छलफलबाट प्राप्त भएको छ । छलफलकै क्रममा वर्षा थोरै समयमा धेरै हुने र यसले जनधनको क्षति पुर्याएको छ । साथै कृषि बालीलाई धेरै प्रभाव पारेको छ । यस वडामा वग्ने नदी र खोलाहरूमा चिसाङ खोला, कडिया खोला, कोचेनी, काली कोशी, धमधमे, मैन पैनी, डाँस खोला, गेउरीया खोला, कडिया खोला, सिता खोला, दहि खोला, कुकुना, भलुवा खोलाहरू वग्ने गरेको छन् ।

### क) वर्षा र यसको प्रभाव

कृषिको लागि उर्वरभूमिको रुपमा रहेको यो क्षेत्रमा विगतमा बर्षाको पानीले नै खेती गर्न पुग्ने गरेको थियो । चारकोशे र चुरेबाट फिजिएर निस्कने पानी कृषिको लागि उत्तम सिंचाइ वन्ने गरेको थियो । तर अहिले भने पानी पर्ने तरिका फरक भएको छ । थोरै समयमा धेरै पानी पर्छ जसले माटो भिज्ने भन्दा पनि माटो वगाउने काम मात्र गर्न थालेको छ भन्ने जेष्ठ नागरिकहरूको भनाई आएको छ । "पहिला थोरै पानी पर्दथ्यो तर लामो समय लगाएर पर्ने गर्दथ्यो त्यसले जङ्गलबाट पानी रसाएर मलिलो पानी खेतीमा लाग्न पाउँथ्यो । तर अहिलेको थोरै समयमा धेरै पानी पर्दा पानीको साटोमा ढुङ्गा गिटी सोहोरेर ल्याउँछ र क्षति गर्दछ ।" स्थानीय बुढापाकाहरुको भनाई हो यो । आजकाल हिउँदे वर्षा नभएर हिउँदे खेतीपाती लगाउन समस्या भएको छ ।

### ख) जलवायुमा आएको परिवर्तन र यसको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव

कानेपोखरी गाउँपालिका क्षेत्रमा एक वर्षमा परिवर्तन हुने मौसमको अवस्था वा मौसमी चक्र र त्यहाँ उत्पन्न हुने प्रकोपको अवस्थाको पहिचान गरिएको छ । वडावासीका अनुसार विगत १० वर्षको तुलनामा अहिले गर्मीको अवधि लम्बिएको र जाडोको अवधि छोटिएको तर वर्षाको अवधि खुम्चिएको देखिन्छ । त्यसैको आधारमा विपद्जन्य घटनामा पनि परिवर्तन भएको समुदायको भनाई रहेको छ ।

**गर्मी** : १० वर्ष पहिले वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्रको दोस्रो साता सम्म गर्मी हुने गरेकोमा हाल त्यसको अवधि फाल्गुणको तेस्रो सातादेखि कार्तिक पहिलो हप्तासम्म गर्मी हुने गरेको छ । यसबाट स्पष्ट हुन्छ गर्मीको समय बढ्दै गएको र एकाएक गर्मी बढ्ने क्रम तीव्र हुँदैछ । यसले तापक्रम वृद्धि हुँदै आएको स्पष्ट हुन्छ ।

**जाडो** : यहाँ कार्तिक महिनादेखि फाल्गुण महिनाभरी जाडो हुने गरेकोमा अहिले फागुनको दोस्रो सातासम्म चिसो हुने गरेको छ । यसबाट स्पष्ट हुन्छ कि यस गाउँपालिकामा जाडोको समय पनि खुम्चिएको छ ।

**बाढी** : पछिल्लो समयमा बाढी एक्कासी आउने र यसको तिव्रता पनि पहिले भन्दा अहिले बढी हुने गरेको छ। २०७८ सालको वेमौसमी वर्षाले मात्र गाउँ क्षेत्रमा रू. २,८०७०९९०/- वरावरको क्षति भएको गाउँपालिकासंग तथ्याङ्क छ । धेरै कृषकहरूको तरकारी वाली नष्ट भएको तर राज्यले क्षतिपुर्ति उपलब्ध नगराएको गुनासो रहेको छ । गाउँपालिकाको उत्तरीभागमा रहेका सामुदायिक जङ्गलहरूबाट निस्कने धेरै खोलाहरू सिंचाइको लागि प्रयोग भईरहेको छ ।

**खडेरी** : समुदायमा छलफल गरी तयार भएको मौसमी पात्रो अनुसार खडेरी पनि पहिलेको तुलनामा धेरै लम्बिन थालेको छ । सिंचाइको लागि सवै वडाहरूमा कुलो पैनिको पहुँच भए पनि पानी नपरेको खण्डमा किसानको खेती बाँझो हुने गरेको वडावासीहरूको भनाई रहेको छ । भने पैनीहरू किसानहरूले सरसफाइ नगर्दा पानी परेको वेलामा त्यही पानीले डुवान गर्ने गरेको छ ।

**हुरीबतास** : हावाहुरी हुने समयमा पनि वृद्धि भएको छ । पहिले फागुनदेखि वैशाखसम्म बढी हुरीबतास चल्थ्यो भने पछिल्लो समयमा जेठ र असार महिनामा समेत हुरी चल्ने गरेको छ । घरको कमजोर संरचनाहरू उडाएर क्षति गर्ने गरेको छ । फुसको छना हटाउने अभियानको कारण वडाको सवै घरमा टीन लगाइएको छ र तर संरचना कमजोर हुँदा अझै पनि यस वडाको घरको छाना उडाउने गरेको समुदायको भनाई छ ।

समग्रमा जलवायु परिवर्तनको कारण विश्वको तापमान वृद्दि ०.३ डिग्री छ भने नेपालको तापमान बृद्धि ०.६ डिग्रीको दरले भईरहेको विभिन्न प्रतिवेदनहरूमा पाइन्छ । यसरी हेर्दा प्रकोप समयरेखा अनुसार खडेरी, बाढी र असिना पर्ने समयमा परिवर्तन देखिएको छ । साथै, अन्य प्रकोपका घटनाको बारम्बारता वा दोहोरिने क्रम बढ्दो रुपमा रहेको छ । चट्याङ जुनसुकै बेलामा पर्ने र यसको दर अहिले वृद्धि हुँदै गएको छ । यसरी जलवायु परिवर्तनका अमुक कारणले प्रकोपको प्रारुप र त्यसले पार्ने प्रभाव पनि निरन्तर परिवर्तन हुने क्रममा रहेको छ ।

### ३.२.५ सम्मुखता (exposure)

बाढी लगाएत विभिन्न विपद्को कारण ८९ जनाले ज्यान गुमाएका छन भने १९५ जना घाइते भएका छन् । मानीसका ८१ वटा घर पुर्ण क्षति भएको छ भने १११ जनाको घरमा आम्सिक क्षति भएको तथ्यांकले देखाएको छ । तर वारम्वार दोहोरिईरहने र जीविकोपार्जनमा समस्या बाढी, जनावर आतङ्क र खडेरीको कारण उत्पन्न भईरहन्छ भन्ने कुरा छलफलबाट आएको छ । यस वडाको चिसाङ खोला, कडिया खोला, कोचेनी, काली कोशी, धमधमे, मैन पैनी, डाँस खोला, गेउरीया खोला, कडिया खोला, सिता खोला, दहि खोला, कुकुना, भलुवा खोला र स्थानीय रूपमा अव्यवस्थित भौतिक पूर्वाधार विकासको कारण

बार्षिक रूपमा नै वडा नं १ देखि ६ सम्म डुवानको समस्या हुने गरेको छ । तर वडा नं ७ मा भने डुवानको कुनै समस्या छैन जंगली जनावरको कारण मानिस आक्रान्त भईरहेको कुरा उठेको छ ।

**तालिका ३३ : वडाको क्षतिका आधारमा सम्मुखताको स्तर**

| वडा नं | मृत्यु | घाइते | घर पूर्ण क्षति | घर आंशिक क्षति | सम्मुखतामा रहेका टोलहरू | सम्मुखताको स्तर |
|---|---|---|---|---|---|---|
| १ | ७ | २० | ३५ | २० | विर टोल (१०), वनकरूवा (२०), गाडा टोल (१०), सिमल झोडी (४), ढिक टोल (४०) | |
| २ | १२ | ० | १३ | ० | कालीकोशी धापगाउँ, सिद्धार्थ र प्रधान टोल, पूस्पाञ्जली प्रगति, चिसाङ मैनावारी वस्तीका ६६ घरधुरी, ढिक्वाडाँगी लिम्वु टोल (५), थानटोल (५), केरौनको ऋषिदेव टोलको १५ घर | |
| ३ | ६ | ० | १ | १ | किनारा टोल (३०), ऋषिदेव टोल (१५), कोलटोल (३०), खोरीया (२०), | |
| ४ | २६ | १०० | १९ | ६० | पिङ डाँडा (८), खोरिया टोल (८), वयरवन वजार (१५०), त्रिवेणी टोल (१००), मिलन चोक (११०), गैरीगाउँ (२), हात्तीडुवा (२), | |
| ५ | ११ | २७ | ९ | ३० | क्याम्पस डाँडा (९०), डुम्रीघाट (८०), ठुलोगाउँ (१८०), छकमल (१३०), वाँसवारी सान्ती टोल (९०), चिसाङ टोल (१४०), परिवर्तन (२०), ७२ विघे (३०), मानेचो डिपु डाँडा (१०) | |
| ६ | १६ | २० | ० | ० | सिताधाप (१०), सिताधाप (३०), दहिधाप र सुन्तली टोलका (७०), विहिवारे(१२), कामत टोल (१०), नर्सरी (१५) | |
| ७ | ११ | २८ | ४ | ० | चण्डि पानी टंकी र वरगाछी टोलका (२५), ४० विघे (६०), सुक्रवारे र सान्ती टोलका (१५), प्रोग्रेसिप टोल (३) | |
| जम्मा | ८९ | १९५ | ८१ | १११ | | |

*स्रोतः वडास्तरीय छलफल २०७८*

सम्मुखताको मापन स्तर निर्धारण गर्दा मानवीय क्षति ५ भन्दा माथि भएकालाई उच्च, ३ देखि ५ भएकालाई मध्यम र ३ भन्दा कम भएकालाई न्यून स्तरमा वर्गीकरण गरिएको छ ।

## ३.३ संकटासन्नता (vulnerability)

**क) जनसंख्या सम्बन्धी संकटासन्नता (अपाङ्गता भएका मानिसहरू)**

विपदको समयमा बृद्ध र वालवालिकाहरूलाई विशेष स्याहार पुग्दैन । भएको श्रीसम्पतीहरू सवै नष्ट भएको हुन्छ । वालबालिकाहरूलाई नियमित पोषण चाहिन्छ । पोषणको अभाव भएमा वालबालिकाहरूमा कुपोषणको समस्या हुने सम्भावना वढी हुन्छ । यस वडामा रहेका जम्मा जनसंख्या ४३१९३ (पुरूष २०४०५ र महिला २२७८८) मध्ये २२७८८ महिलाहरू विपदका दृष्टिले हुने गर्छन् भने कानेपोखरी गाउँपालिका महिला वालवालिका शाखाबाट प्राप्त तथ्यांक अनुसार अपाङ्गता भएका ३९८ जना मानिसहरू पनि उच्च जोखिममा रहने गर्छन ।

**तालिका ३४ : अपाङ्गताको विवरण**

तालीका नम्वर अपांगताको किसिम अनुसारको नजसंख्या विवरण

| वडा नं. | पुर्ण असक्त अपाङ्गता | | | अति असक्त अपाङ्गता | | | मध्यम अपाङ्गता | | | सामान्य अपाङ्गता | | | कुल जाम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २ | ६ | ८ | ४ | ७ | ११ | २ | ७ | ९ | | ३ | ३ | ८ | २३ | ३१ |
| २ | ८ | ५ | १३ | ८ | १२ | २० | ४ | ४ | ८ | १ | २ | ३ | २१ | २३ | ४४ |
| ३ | ५ | ५ | १० | १५ | १४ | २९ | ८ | ९ | १७ | १ | | १ | २९ | २८ | ५७ |
| ४ | ११ | ८ | १९ | १० | १६ | २६ | ४ | ९ | १३ | १ | ३ | ४ | २६ | ३६ | ६२ |
| ५ | ५ | ५ | १० | १० | २५ | ३५ | ४ | ८ | १२ | | २ | २ | १९ | ४० | ५९ |
| ६ | ९ | १० | १९ | २६ | २४ | ५० | ६ | ५ | ११ | | १ | १ | ४१ | ४० | ८० |
| ७ | १० | १२ | २२ | १५ | १६ | ३१ | ४ | ६ | १० | १ | १ | २ | ३० | ३५ | ६५ |
| जम्मा | ५० | ५१ | १०१ | ८८ | ११४ | २०२ | ३२ | ४७ | ७९ | ४ | १२ | १६ | १७४ | २२४ | ३९८ |

स्रोत : कानेपोखरी गाउँपालिका महिला वालबालिका शाखा

**ख) जेष्ठनागरिक र ५ वर्षमुनीका वालवालिका**

विपद्को समयमा अपाङ्गता भएका मानिसहरू वाहेक महिला, वालवालिका, जेष्ठ नागरिक(७० वर्ष माथिका), विरामीहरू उच्च जोखिममा हुन्छन् । त्यसैले प्रतिकार्यको समयमा मात्र होइन विपदको पूर्वतयारी र क्षमता विकासका कार्यक्रमहरूमा यी वर्गहरूलाई केन्द्रित गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार कानेपोखरी गाउँपालिकामा ५ वर्ष मुनीका वालवालिकाको संख्या ४०२५ र ७० वर्ष माथिका जेष्ठ नागरिकहरूको संख्या २४३९ रहेको छ ।

**तालिका ३५ : अपाङ्गताको विवरण**

| वडा | ५ वर्ष मुनीका वालवालिका | | | ७० वर्ष माथिका जेष्ठ नागरिक | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २५४ | २४१ | ४९५ | १५७ | १३४ | २९१ |
| २ | ३२६ | २९० | ६१६ | २०३ | १८२ | ३८५ |
| ३ | २८४ | २८८ | ५७२ | १६५ | १५१ | ३१६ |
| ४ | ३२३ | ३०९ | ६३२ | १७८ | १६७ | ३४५ |
| ५ | ३४१ | २९८ | ६३९ | २०२ | १८४ | ३८६ |
| ६ | ३२२ | ३२६ | ६४८ | २२६ | २१० | ४३६ |
| ७ | २२९ | १९४ | ४२३ | १५१ | १२९ | २८० |
| जम्मा | २०७९ | १९४६ | ४०२५ % | १२८२ | ११५७ | २४३९% |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## ३.४ विपद् जोखिम नक्साङकन

कानेपोखरी गाउँपालिका प्रकोप स्तरीकरणले बाढीलाई पहिलो समस्याको रूपमा औंल्याएको छ । गाउँपालिका क्षेत्र भित्र धेरै खोला खोल्सीहरू र खहरेहरू वग्ने गरेका छन् । यीनीहरूबाट हरेक वडामा डुवान र कटान गर्ने गरेको छ । वडा स्तरिय जोखिम विश्लेषण छलफलबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा पालिका क्षेत्रको जम्मा ११४ वटा टोलहरू मध्ये ४९ वटा टोलको २२७२ घरधुरी जोखिमको अवस्था रहेको तथ्याङ्कले देखाएको छ ।

**तालिका नम्वर ३६ खोला पैनीहरू र त्यसले प्रत्यक्ष असर गर्न क्षेत्रहरू**

| वडा नं | खोला/नदीको नाम | बाढीबाट प्रभावित हुन सक्ने टोल र घरधुरी | उच्च जोखिममा रहेको घरधुरी | जोखिम हुनुका कारण |
|---|---|---|---|---|
| १ | चिसाङ खोला | विर टोल (५०) | १० | ओभरफ्लो, कटान । यसमा ठाउँठाउँमा तटवन्ध गरिएको छ । |
| | | वनकरूवा (९०) | २० | |
| | | गाड्डा टोल (२५) | १० | |
| | कडिया खोला | सिमल झोडी (४०) | दक्षिण क्षेत्रमा ४ घर | पैनी ओभरफ्लो, |
| | कोचेनी | ढिक टोल (४०) | ४० | • |
| | | कुँवर टोल (२५) | १२ | • कोचेनी खोला कटान |
| २ | चिसाङ | कालीकोशी धापगाउँ(१७०), सिद्धार्थ र प्रधान टोल (५०), पूस्पाञ्जली प्रगति, चिसाङ, मैनावारी (८२) | ६६ | चिसाङ खोलाको बाढी |
| | काली कोशी | ढीक्वाडाँगी लिम्वु टोल(९३), | लिम्वु टोल (५) | |
| | राते | थानटोल दोगडीया (१६०) | ५ घर | |
| | धमधमे र मैन पैनी | केरौन चोक(२६०) | ऋषिदेव टोलको (१५) | जमिन होचो स्थानमा छ । वडा नं ५ देखिको पानी |

| | | | | |
|---|---|---|---|---|
| | | | | मैन पैनीमा नआँटेर ओभरफ्लो |
| ३ | डाँस खोला | किनारा टोल (३०) | धुलेवाघ पूर्व (३०) | |
| | | तुम्सा चोक | ८० | |
| | | कोलटोल (७०) | ३० | |
| | गेउरीया खोला | खोरीया (३२) | २० | |
| | कडिया खोला | खोरीया र कोलटोल | २० | |
| ४ | डाँस खोला | पिङ डाँडा (१४०), खोरिया टोल१२५, | पिङडाँडा ८, खोरिया टोल ६० कटान | |
| | राते पैनी | वयरवन वजार (२२०) | १५० घर डुवान | |
| | कडिया खोला | त्रिवेणी टोल (१५०), मिलन चोक (११०) | त्रिवेणी १०० र मिलन चोक ११० घर सवै डुवान, | खोलामा पानी ओभरफ्लो |
| | भलुवा खोला | गैरीगाउँ (४०), हात्तीडुवा (१००), | गैरीगाउँ (२) कटान, हात्तीडुवा (२) डुवान, | |
| ५ | कालीकोशी | क्याम्पस डाँडा (९०),<br>डुम्रीघाट (८०),<br>ठुलोगाउँ (१८०),<br>छकमल (१३०),<br>वाँसवारी सान्ती टोल (९०) | क्याम्पस डाँडा (५०),<br>डुम्रीघाट (१०),<br>ठुलोगाउँ (२०),<br>छकमल (५०),<br>वाँसवारी (१५) | |
| | चिसाङ | चिसाङ टोल (१४०),<br>परिवर्तन (१४०),<br>७२ विघे (१४०),<br>मानेचो डिपु डाँडा (९०) | चिसाङ (१५०), परिवर्तन (२०), वहतर विघे (३०), मानेडाँडा डिपु (१०) | |
| ६ | डाँस खोला | सिताधाप (३८) | १० | तटवन्धको अभाव |
| | सिता खोला | सिताधाप (३८) | ३० | |
| | दहि खोला | दहिधाप (३८), सुन्तली (९०) | ७० | खोला किनारामा मानव वस्ती |
| | ज्यामिरे | विहिवारे(१७०) | १२ | |
| | कुकुना | कामत टोल (१८०) | १० | |
| | भलुवा | नर्सरी (६५) | १५ | |
| ७ | सुकुना खोला | चण्डि पानी टंकी(८८),<br>वरगाछी(११०) | २५ | |
| | काँडेखोला | ४० विघे (१५० | ६० | |
| | भलुवा खोला | सुक्रवारे (९०),<br>सान्ती टोल(८०) | १५ | |
| | दहि खोला | प्रग्रेसिप ६त्तल (९२) | ३ | |
| | | ४९ | | |

स्रोत : वडास्तरीय छलफल २०८०

## ३.५ विपदबाट प्रभावित हुनसक्ने लक्षित जनसंख्याको पूर्वानुमान (उच्च संकटासन्न क्षेत्रको मात्र)

विपद् पूर्वतयारी र प्रतिकार्य योजना निर्माणका गर्दैगर्दा प्रभावित परिवारलाई केन्द्रमा राखेर विश्लेषण गरिन्छ । अनुमानित ठाउँ, समुदाय, ब्यक्ति यकिन गरी उनीहरूको जीउधन रक्षाको लागि पूर्वतयारी र प्रतिकार्यको योजना निर्माण गर्ने भएकोले कुन टोलका कति घरपरिवार भन्ने तहसम्म पुग्न जरूरी छ । कानेपोखरी गाउँपालिकामा ७ वटा वडाको ११४ वटा टोलमध्ये ४९ वटा टोलका १२३७ परिवार बाढी लगाएत अन्य विपद्को उच्च जोखिममा रहेको कुरा वडास्तरीय छलफलबाट प्राप्त तथ्याङ्कबाट थाहा भएको छ । यो योजनाले यो तथ्यांलाई सम्वोधन गरी योजना तर्जुमा गरिनेछ ।

**तालिका ३७ : विपदबाट जोखिममा रहेका घरधुरी र जनसंख्या विवरण**

| वडा नं | जम्मा टोल संख्या | जम्मा घरधुरी | प्रभावित हुन सक्ने टोलको घरधुरी | उच्च जोखिममा रहेको घरधुरी | प्रभावित हुनसक्ने जनसंख्या | | | | घरवार विहिन | पशु चौपया | जग्गा जमिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | बालबालिका | जेष्ठ नागरिक | अपाङ्ग | | | |
| १ | २० | 1294 | २४५ | ९४ | ४७ | ४२ | २८ | ३ | ९४ | | |
| २ | १३ | 1635 | ८१५ | ९१ | २२७ | ४१ | २७ | ३ | ९१ | | |
| ३ | २२ | 1356 | ३३६ | ११५ | २८७ | ५२ | ३४ | ४ | ११५ | | |
| ४ | १३ | 1575 | ७६० | ३३२ | १६६ | १४९ | १०० | १२ | ३३२ | | |
| ५ | १५ | 1840 | १०८० | ३५५ | ८८७ | १५० | १०५ | १२ | ३५५ | | |
| ६ | २० | 1738 | ६१९ | १४७ | ३६७ | ६६ | ४४ | ५ | १४७ | | |
| ७ | ११ | 1225 | ६१० | १०३ | २५७ | ४६ | ३१ | ४ | १०३ | | |
| जम्मा | ११४ | १०६६३ | ४४६५ | १२३७ | २२३८ | ५४६ | ३६९ | ४३ | १२३७ | | |

स्रोत : वडास्तरीय छलफल २०८०

# खण्ड चार : विधि प्रकृया

## ४.१ विपद तथा जलवायु जन्य जोखिम पहिचानका विधिहरु

नेपालको संविधान २०७२ को अनुसूची ८, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (संशोधन २०७५ सहित), र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कानेपोखरी गाउँकार्यपालिकाले निर्माण गरेको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तयारीको लागि गाउँक्षेत्रको जोखिम विश्लेषण गर्न तल उल्लेखित विधिहरू अपनाइएको थियो । यसको लागि स्थानीय विपद् व्यवस्थापन समिति कानेपोखरी गाउँपालिकाको नेतृत्वमा आयोजना गरिएको गाउँपालिका स्तरीय वैठकले निर्णय गरेर वडास्तरमा जोखिम विश्लेषण भेला आयोजना गरी छलफल, अर्धसंरचनात्मक प्रश्नावली मार्फत अन्तर्वार्ता, संरचनात्मक फारमहरु मार्फतत सूचना तथा जानकारी संकलन गरिएको थियो । सूचना संकलनका लागि आयोजना गरिएका भेलामा महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका मानिसहरु, उच्च जोखिममा रहेका समुदायको समेत सहभागिता रहेको थियो । समग्र रुपमा जोखिम पहिचान तथा विश्लेषणको लागि निम्नानुसार विधिहरुको प्रयोग गरिएको छ ।

### ४.१.१ समस्या / जोखिम विश्लेषण

वडास्तरमा गरिएको छलफल, प्रमुख जानकारहरूसंगको अन्तरवार्ता तथा विपदको ऐतिहासिक समयरेखा विश्लेषणको आधारमा विपद्ले निम्त्याएका समस्या तथा समुदायमा रहेका जोखिमहरूको विश्लेषण गरिएको छ । यस पालिकामा विगतमा देखिएका प्रकोपका घटना र यसले पुर्याएका क्षतिको आधारमा सूचिकरण तथा स्तरीकरण गरिएको छ ।

### ४.१.२ कारण तथा प्रभाव विश्लेषण / विपद् बृक्ष

वडास्तर तथा गाउँस्तरीय कार्यशालामा भएको छलफल र प्राप्त तथ्याङ्कको आधारमा विपद्को कारण तथा यसले पारेको प्रभाव विश्लेषण गरिएको छ ।

### ४.१.३ ऐतिहासिक समय रेखा

यो योजना तयार गर्दा वडा तथा समुदायमा विगतमा भएका विपद्का घटना यसले पारेको प्रभावलाई क्रमवद्ध रूपमा छलफलका आधारमा राखिएको छ । जसले यस पालिकाको विपदको अवस्था चित्रण गर्छ र भावी दिनमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्छ ।

### ४.१.४ वाली पात्रो, मौसमी पात्रो तथा प्रकोप पात्रो

यस पालिकामा वारम्वार दोहोरिरहने प्रकोपका घटना, मौसम तथा जलवायुमा देखिएको परिवर्तन तथा यसले वालीनालीमा ल्याएको परिवर्तनलाई यथार्थ रूपमा चित्रण गर्न वाली पात्रो, मौसमी पात्रो तथा प्रकोप पात्रो तयार गरिएको छ ।

### ४.१.५ धरातलीय अवलोकन

जोखिम विश्लेषणका लागि संकलन गरिएको सूचना तथा तथ्याङ्कलाई जाँच गरी प्रमाणीकरण गर्न जोखिम क्षेत्रहरूमा स्थलगत अध्ययन गरियो । जसले गर्दा प्राप्त तथ्याङ्कहरूको वैधता पुष्टि तथा प्रमाणीकरण भएको छ । साथै यो योजनाको आधिकारिकतालाई वढाएको छ ।

माथि उल्लेखित औजारहरु प्रयोग गर्दा सामाजिक र आर्थिक रूपमा पछाडी परेको समूह, बालबालिका, महिला, दलित तथा अपाङ्ग भएका व्यक्तिमा पर्ने जोखिमका साथै बिशिष्ट आवस्यकताको बिशेष ध्यान दिनु पर्नेछ

# खण्ड पाँच : राष्ट्रिय रणनीतिक कार्ययोजना प्राथमिकताका क्षेत्र सम्बन्धी  विषयहरु

## ५.१ प्रकोपबारे बुझाई

यस गाउँपालिकाका बारम्बार दोहोरिरहने बाढी, डुवान, कटान, सडक दुर्घटना, वन्यजन्तु आतङ्क, महामारी, भूकम्प, आगलागी, चट्याङ, हावाहुरी, जस्ता प्रकोपका घटनाबाट निम्तिने विपद् र यसबाट हुने जोखिमका बारेमा समुदाय स्तरमा न्युन बुझाई रहेको छ। बाढीका कारण हुने जोखिममा रहेका केही क्षेत्रहरू पहिचान गरेर वडाको पहलमा ग्यावीन जाली तथा वाल लगाइएको पाइन्छ। डुवान हने गरेको वस्तीहरूमा पूर्वाधारको कामहरू गर्दा विपद जोखिम न्यूनीकरणको लागि उपायहरू अपनाएको देखिदैन। गाउँको वार्षिक योजना तर्जुमाको लागि तोकिएको वजेटको सिलिङभित्र रहेर वडाहरूले योजना छनौट गर्नु पर्ने कारणले गर्दा विपद् व्यवस्थापन वडास्तरीय योजनाको प्राथमिकतामा परेको देखिदैन। नेपालको सम्विधान २०७२ ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि स्थानीय सरकारलाई साझा तथा एकल अधिकार मार्फत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले १२ वटा काम कर्तव्य र अधिकार तोकेर जिम्मेवार बनाएता पनि यसबारे स्थानीय तहमा अझै पनि विपद् निम्त्याउने प्रकोपका घटना, प्रकोपको संकटसन्नता, विपद्को जोखिमका बारेमा न्यून ज्ञान रहेको पाइएको छ। अहिले पनि स्थानीय स्तरमा जोखिम न्यूनीकरणका क्रियाकलाप भन्दा पनि विपद् पश्चात गरिने प्रतिकार्यलाई जोड दिएको पाइन्छ। स्थानीय तहमा जोखिम पहिचान, विपद् सूचना प्रणाली, विपद् जोखिम न्यूनीकरणलाई विकास योजनामा मूलप्रवाहीकरण, गाउँ क्षेत्रभित्र सञ्चालन गरिने भौतिक पूर्वाधार तथा संरचनागत विकासलाई जोखिममुक्त बनाउनका लागि व्यवस्थित र योजनावद्ध प्रयास भएको पाइदैन। यसैगरी पूर्वसूचना प्रणालीलाई व्यवस्थित गरी समुदायसम्म प्रकोपका बारेमा जानकारी तथा सन्देश प्रवाह गर्ने संयन्त्र तथा प्रणालीको विकास भएको पाइदैन।

विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकासका केही तालिमहरू सञ्चालन भएता पनि उक्त तालिमहरूबाट उत्पादन भएका दक्ष जनशक्तिहरूको विवरण वडा तथा गाउँस्तरमा सुचिकृत गरी रोष्टर निर्माण गर्ने र स्वयम् सेवक परिचालनको संस्थागत प्रयास थालनी भएको छैन । २०७८ को वेमौसमी वर्षाको कारण भएको धानवालीको क्षतिको तथ्याङ्क संकलन गरी किसानलाई राहत वितरण नभएको कारण कृषकहरूमा असन्तुष्टि देखिन्छ । तथापी अचानक आइपर्ने विपद्का घटनाबाट प्रभावित समुदायलाई राहत वितरणका लागि स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ।

कानेपोखरी गाउँपालिलकाले स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन निर्माण भएको छ । सो अनुसार स्थानीय तहमा र वडास्तरमा समितिहरू निर्माण गर्ने काम भएको छ तर प्रभावकारी परिचालन भने पाइदैन । पालिकाले ९ वटै वडामा गरी जम्मा १०३ वटा टोलसंगठनहरू कार्यविधि निर्माण गरी गठन गरिएको छ । समुदायको क्षमता विकास विना प्रभावकारी विपद व्यवस्थापन सम्भव छैन । त्यसैले ती टोल संगठनहरूबाट समुदाय स्तरको जोखिमका योजनाहरू वन्ने र समुदाय स्तरका विपदहरू टोलसंगठनबाट नै समाधानको लागि नेतृत्व गर्ने कामका थालनी हुदैन तवसम्म विपद जोखिमको बुझाईमा बृद्धि भयो भन्न सकिने अवस्था रहदैन ।

त्यसैले विपद् व्यवस्थापन भनेको खोलामा वाँध लगाउने, राहत वाँढ्ने काम मात्र होइन समुदायमा विद्यमान जोखिम समुदायको नेतृत्वमा पहिचान गरी समुदायको नेतृत्वमा कार्यान्वयन गर्ने वातावरण सृजना गर्न पालिकाले सहजीकरण गर्नु पर्न अवस्था देखिएको छ । विपद सरकार एक्लैले मात्र गर्ने काम कदापि होइन भन्न कुरालाई ख्याल गर्दै विपद व्यवस्थापनको काममा निजी क्षेत्रको सहभागितालाई रणनितिक रूपमा नीतिगत रूपमा नै काम गर्नु पर्ने अवस्था देखिएको छ । वितिय संस्थाहरूले आफ्नो आम्दानीको एक प्रतिशत सामाजिक दायित्वमा खर्च गर्नु पर्ने कानूनी प्रावधानलाई अवसरको रूपमा लिएर विपद व्यवस्थापनमा खर्च गर्ने वातावरण सरकारले मिलाउनु पर्दछ ।

## ५.२ विपद् तथा जलवायु उत्थानशील शासकीय पद्धति

तालिका ३८ विपद् तथा जलवायु उत्थानशी शासकीय पद्धती

| तहगत विवरण | नीति, ऐन, कानून | संस्थागत संरचना | कोषको व्यवस्थापन | जनशक्ति | तहगत एवं निकायगत समन्वय | क्षमता | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| पालिका स्तर | • विपद व्यवस्थापन ऐन<br>• DPRP, LDCRP वन्ने चरणमा | पालिका र वडा तहमा | छ । | विपद व्यवस्थापन शाखा र सम्पर्क व्यक्ति | कमी रहेको छ | न्यून | छ । परिमार्जन आवश्यक छ |
| वडास्तर | तर्जुमा भएको छैन | गठन गरिएको छ | छैन | पर्याप्त छैन । | कमी रहेको छ | कमजोर | भएको छैन |
| समुदाय स्तरमा | केही नीतिहरू तर्जुमा गरिएका छन् | छैन | छैन | केही समुदायमा स्वयमसेवकहरु रहेको | कमी रहेको छ | कमजोर | भएको छैन |
| जिल्ला स्तर | जिल्ला तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनेको छ | जिल्ला वि. व्य. समिति रहेको छ | भएको छ । | पर्याप्त छैन । | कमी रहेको छ | न्यून | |

## ५.३ विपद् जोखिम र जलवायु परिवर्तनका लागि शासकीय पद्धति सुधारका प्रयासहरु

- कानेपोखरी गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ अनुसार सबै वडा तहमा विपद् व्यवस्थापन समिति गठन भएको छ ।
- मोरंग जिल्लाका हुने सम्भावित आगलागीको जोखिम कम गर्न मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र सञ्चालनका लागि कानेपोखरी, रंगली, सुनभर्शी नगरपालिका र कोशी प्रदेश सरकारका बीचमा सहमती भई काम अगाडी वढेको छ ।
- आपतकालीन प्रतिकार्यको लागि वेलावेलामा विभिन्न तालिमहरू सञ्चालन भएको भएता पनि त्यस किसिमको जनशक्तिहरूलाई वडा कार्यालयले सूचीकरण गरी परिचालन गर्ने अभ्यासको थालनी गरेको छैन ।
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि वडाको विपद जोखिम विश्लेषणको कार्य भईरहेको छ ।
- गाउँपालिकाको क्षेत्रगत विकास योजना तथा वार्षिक योजनामा विपद् तथा जलवायु उत्थानशीलतालाई मूलप्रवाहीकरणको लागि प्रयास भईरहेको छ ।
- नवनिर्वाचित जनप्रतिनिधिहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विद्यमान नीति, ऐन कानून, रणनीति, योजना तथा कार्ययोजनाहरूका बारेमा अभिमुखिकरणको प्रयास भईरहेको छ।

## ५.४ विपद् तथा जलवायु जोखिम न्यूनीकरणका लागि शासकीय पद्धति

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरिदिएको स्थानीय विपद् व्यवस्थापन समिती यस गाउँपालिकामा गठन गरिएको छ। यसका सबै पदाधिकारीहरूलाई समितिको पदाधिकारीको हैसियतले गर्नुपर्ने आफ्नो जिम्मेवारी बारे थप अभिमुखीकरण हुन जरूरी छ ।
- गाउँपालिकाका जनप्रतिनिधिहरूलाई गाउँपालिकाले गर्ने विकासलाई दीगो बनाउन क्षेत्रगत विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का बारेमा क्षमता विकासको काम गर्न जरूरी छ ।
- विपद्का घटना पश्चात तत्काल प्रतिकार्य गर्नका लागि स्थानीय तहको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका अनुसार ८ वटा विषयगत क्षेत्र (क्लष्टर) गठन भएको छ ।

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक, नियमावली, स्थानीय अनुकुलन योजना, विपद जोखिम न्यूनीकरण रणनीतिक योजना जस्ता अत्यावस्यक दस्तावेजहरु तर्जुमा गर्न सकिएको छैन। तर्जुमा भएको ऐन तथा निर्देशिकाहरु पूर्णरुपमा कार्यान्वयनमा आउन सकेका छैनन् ।
- विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरु वडा तथा गाउँको प्राथमिकताको क्षेत्रमा रहेको देखिदैन ।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी परम्परागत वुझाईका कारण नीति, कानून तथा योजना निर्माणमा कठिनाई भईरहेको छ ।
- नवनिर्वाचित प्रतिनिधि तथा स्थानीय समुदायमा विपद व्यवस्थापन सम्बन्धी ज्ञान र चेतनाको कमी रहेको छ। यसका लागि क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ।
- वडास्तरीय विपद व्यवस्थापन समिति गठन गरिएको भएता पनि भूमिका वारेमा प्रष्ट देखिदैन ।
- वडास्तरको विकास योजनामा विपद तथा जलवायु उत्थानशीलतालाई मूलप्रवाहीकरणका लागि प्रयास कमी देखिन्छ। यस कार्यका लागि कार्यरत कर्मचारीहरुको बुझाई तथा क्षमता कमी रहेको देखिन्छ ।
- विकास निर्माणको काममा विपदको प्रभाव मूल्याङ्कन गर्ने अभ्यास रहेको छैन। जसका कारण अव्यवस्थित बाटोघाटो, पूर्वाधार तथा संरचना निर्माणले जोखिमलाई वढाएको छ ।

## ५.५ विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता र निजी क्षेत्र

- वडामा दर्जन भन्दा वढी उद्योग कलकारखाना, ब्यावसायिक कम्पनी, पेशागत संस्थाहरू र सहकारीहरू सञ्चालनमा रहेका छन्। यी उद्योग व्यवसायहरूको आफ्नो प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्व रहेको हुन्छ। जस अन्तर्गत गाउँपालिकासंग समन्वय गरी आफ्नो व्यवसाय र वरिपरीको समुदायलाई विपद्का बारेमा सचेत गराउने, न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गर्ने कार्यमा उनीहरूको संलग्नतालाई बढाउन सकिएको छैन।
- उद्योग व्यवसाय, कलकारखाना तथा बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरूमा सामाजिक उत्तरदायित्व अन्तर्गत अनिवार्य रूपमा वजेट छुट्याएको हुन्छ। त्यस्तो बजेट विपद व्यवस्थापनको क्षेत्रमा परिचालन गर्न उनीहरूसंग छलफल, परामर्स तथा साझेदारी हुन सकेको देखिदैन।
- वडा तथा गाउँ क्षेत्रभित्र रहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई विपद व्यवस्थापनको क्षेत्रमा पर्याप्त मात्रामा परिचालन गर्न सकिएको छैन

## ५.६ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनमा समर्पित कार्यक्रममा लगानी

- यस पालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका लागि छुट्टै योजना निर्माण गरी लागू गरिएको छैन। तथापी विपदको प्रतिकार्यको लागि विपद् व्यवस्थापन कोष स्थापना गरी प्रभावितहरुलाई राहत वितरण कार्य हुँदै आएको छ। पछिल्लो वर्षहरुमा खोलाबाट सृजित जोखिम कम गर्नको लागि तटवन्ध निर्माणका लागि पूर्वाधार विकास समिति अर्न्तगत योजनाहरु तयार गरी लागू गरिएको छ ।
- यस पालिकामा हुने विपद्को जोखिम कम गर्न माथिल्लो र तल्लो तटीय क्षेत्रसंग जोडेर योजना निर्माण भएको देखिदैन ।
- यसका अलावा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, महिला बालबालिका अपाङ्गता तथा जेष्ठ नागरिक तथा अन्य क्षेत्रगत विकास योजनामा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी वढाएको देखिदैन ।

## ५.७ विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन योजना

- विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतालाई मूलप्रवाहीकरण गरी योजनाहरु निर्माण भएका छैनन्। आ.व. २०७९/०८० को वडाको वजेटमा पनि विपद् व्यवस्थापनको कामहरू कम प्राथमिकतामा परेका छन।
- विपद व्यवस्थापन क्षेत्रमा निजी क्षेत्र, गैसस तथा सरकारी निकायहरु वीचमा समन्वयमा कमि रहेको देखिन्छ।
- निर्वाचित प्रतिनिधिहरुको विपद् व्यवस्थापन सम्बन्धी वुझाईको कमिले भौतिक पूर्वाधारमा वढी ध्यान केन्द्रित भएको छ जसले गर्दा गरेका विकासहरु दिगोपनामा समस्या देखिएको छ। तसर्थ सबै क्षेत्रगत विकास समितिहरुले एकिकृत रूपमा उत्थानशील विकास अवधारणा अनुसार विकास प्रयासको थालनी गर्नु पर्ने देखिन्छ ।

## ५.८ प्रभावकारी प्रतिकार्य र पुर्नलाभ

- विपद् पूर्वतयारी र प्रतिकार्यका लागि वडास्तरको विपद व्यवस्थापन समिति निर्माण गरिएको छ। गाउँपालिकाले निर्माण गरिरहेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार निर्माणमा सक्रिय सहभागिता जनाइरहेको छ। तथापी निर्वाचित प्रतिनिधि तथा पालिकाका कर्मचारीहरूमा यस सम्बन्धी ज्ञान तथा क्षमताका अभावमा एकिकृत प्रतिकार्य हुन सकेको छैन।
- वडास्तरमा विपद व्यवस्थापनमा प्रभावकारी भूमिका खेल्नको लागि क्षमता अभिवृद्धि तथा कृत्रिम घटना अभ्यास हुन जरूरी देखिन्छ। यसका साथै जोडिएका वडा, पालिका, जिल्ला, प्रदेश तथा संघीय तहमा समन्वय प्रभावकारी बनाउँनु पर्ने देखिन्छ।
- महामारी नियन्त्रण तथा रोकथाम (प्रतिकार्य) मा वडाहरुको क्षमता कमजोर रहेको छ। जुन कुरा पहिलो लहरको कोभिड संक्रमणमा पालिकाको भूमिका कमजोर रह्यो। तथापी टेष्टिङ ,ट्रेसिङ र ट्रिटमेन्टका साथै क्वारेन्टाइन , होल्डिङ सेन्टर, आइसोलेसन स्थापना तथा व्यवस्थापन गरी संक्रमण फैलन नदिन वडाको भूमिका अहम रहेको पाइन्छ । यसैगरी पूर्णरूपमा वन्दावन्दीको अवस्थामा गरीव तथा रोजगारी गुमेका परिवारलाई राहत वितरणमा वडाले नेतृत्व लिई कार्य गरेको छ ।
- स्वास्थ्य क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण तथा उपकरणका लागि पालिकास्तरबाट योजनाहरू निर्माण भईरहेको छ।

## ५.९ हालको क्षमता

- पालिका तथा वडास्तरको विपद व्यवस्थापन समिति गठन भएको छ। आवश्यक परेमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तत्काल परिचालित हुन सक्छ।
- पालिका तहमा स्वास्थ्य संस्थाहरु रहेको छन्। आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचारको लागि दक्ष जनशक्ति उपलब्ध छ।
- पालिका भित्र दर्जन भन्दा बढी व्यवसायिक कम्पनी तथा फर्महरू सञ्चालनमा रहेका छन्। यी व्यवसायिक संस्थाहरूसंग हातेमालो गरेर वडाको विपद व्यवस्थापनमा महत्वपूर्ण कामहरू गरेर मानिसको जीवन र धनसम्पती जोगाउन सकिन्छ।
- यसैगरी आपतकालीन अवस्थामा सुरक्षित आश्रय स्थलको रूपमा प्रयोग गर्न सामुदायिक विद्यालयहरू र खाली स्थानहरू रहेका छन्। तथापी विद्यालयलाई आश्रय स्थलको रूपमा प्रयोग गरिनु हुन्न भन्ने मत अगाडि आएको देखिन्छ।
- विपद्का समयमा परिचालित हुन सक्ने महिला समूह, सहकारी तथा वित्तीय संस्था, कृषि तथा पशुपालन समूह, शिक्षक, पत्रकार तथा सामाजिक समूहहरूका साथै निजीक्षेत्र समेत पालिकामा रहेका छन्।
- प्राकृतिक रुपमा सृजित पर्यटकिय स्थललाई आर्थिक अभावका कारण व्यवस्थित पर्यटकीय स्थलको रुपमा विकास गर्न नसक्नु र पर्यटकीय विकासको लागी पर्यटकीय पूर्वाधार र प्रचार प्रसारको कमी रहेका छन्।

## ५.१० स्थानीय तहको क्षमता

तालिका नम्वर ३९ स्थानीय तहको क्षमता नक्शांकन विवरण

| सिनं | नीतिगत दास्तवेज | छ | छैन | संख्या |
|---|---|---|---|---|
| १ | स्थानीय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन | छ | | |
| २ | विपद् सम्बन्धी नीति | | छैन | |
| ३ | स्थानीय विपद जोखिम रणनीतिक कार्ययोजना निर्माण | | छैन | |
| ४ | पालिका स्तरको विपद व्यवस्थापन समिति गठन | छ | | |
| ५ | वडास्तरको विपद व्यवस्थापन समिति गठन | छ | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | विपद व्यवस्थान कोषको छुट्टै वैङ्क खातामा राखे गरेको | छ | | |
| ७ | विपद व्यवस्थापन कोष परिचालन कार्यविधि (पालिकाको आफ्नै) | छ | | |
| ८ | विपद व्यवस्थापन कोष परिचालन कार्यविधि २०७९ वमोजिम पालिकाको आफ्नो कार्यविधिलाई परिमार्जन गरेको (परिमार्जन गरिएको छैन) | | छैन | |
| ९ | पालिकाले आफ्नो राहत मापदण्ड निर्माण गरेको छ ? | छ | | |
| १० | स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र परिमार्जन | | छैन | |
| ११ | स्थानीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना र अध्यावधिक | | छैन | |
| १३ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरेको | | छैन | |
| १४ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि निर्माण | | छैन | |
| १५ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र युनिट गठन भएको | | छैन | |
| १६ | विपद् लेखाजोखा मार्गदर्शन २०७५ वमोजिम प्रत्येक वडामा द्रुत लेखाजोखा समिति गठन | | छैन | |
| १७ | पालिका स्तरमा खोज तथा उद्धारका सामग्री भण्डारण गरिएको | छ | | |
| १८ | हरेक वडामा खोज तथा उद्धार सामग्री भण्डारण तथा व्यवस्थापन | | छैन | |
| १९ | विकास निर्माणका काममा विपद प्रभाव मुल्याङ्कन कार्यविधि निर्माण | | छैन | |
| २० | हेलिप्याडको निर्माण | | छैन | |
| २१ | हस्पिटल वाहेक छुट्टै आइसोलेसन सेन्टरको निर्माण | | छैन | |
| २२ | पालिका स्तरमा स्वयमसेवक टोली गठन गरी परिचालन गरिएको | | छैन | |
| २३ | खुल्ला क्षेत्र तथा आपत्कालीन आश्रयस्थलको पहिचान र नक्साङ्कन | छ | | |
| २४ | आपतकालीन अवस्थाको लागि व्यवस्थापकीय सहयोगको क्षेत्र Logistic Support Area (LSA) हरू पहिचान गरिएको , | | छैन | |

# खण्ड छ : समस्या, प्राथमिकता र योजनाको खाका

## ६.१ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु

यो योजना कानेपोखरी गाउँपालिकाको विकास निर्माणको योजना निर्माणमा सहयोगी वन्न सकोस भन्ने उद्देश्य राखिएको छ । त्यसैले माथि उल्लेखित समस्याहरूको सम्बोधनका लागि विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाका आधारमा यस गाउँपालिकाले बहुप्रकोप जोखिम विश्लेषणमा निम्नानुसार प्राथमिकता प्राप्त क्षेत्र र प्राथमिकता प्राप्त कार्यहरुको आधारमा निर्धारण गरेको छ ।

**तालिका नम्वर ४०: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु**

| गाउँपालिकाको योजना निर्माणका लागि विषयगत क्षेत्रहरू | | प्राथमिकता प्राप्त क्षेत्र | प्राथिमकता प्राप्त कार्यहरू |
|---|---|---|---|
| १ | वातावरण तथा विपद् व्यवस्थापन | विपद् जोखिमबारे बुझाई अभिवृद्धि | • बहुविपद् जोखिम पहिचान, नक्शाङ्कन र सम्प्रेषण<br>• विपद् जोखिम सूचनाप्रणाली र ज्ञान व्यवस्थापन |
| २ | सुशासन तथा संस्थागत विकास | विपद् जोखिम शासकीय पद्धतिको विकास | • संस्थागत र समन्वय संयन्त्र विकास एवं सुदृढीकरण<br>• वडा तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संयन्त्र र कोष स्थापना<br>• समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |
| ३ | सामाजिक विकास | विपद् जोखिम संवेदनशील लगानी प्रवर्द्धन | • विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक र निजी क्षेत्रको लगानी प्रवर्द्धन<br>• समुदायमा आधारित विपद् व्यवस्थापनमा लगानी प्रवर्द्धन |
| ४ | पूर्वाधार विकास | प्रभावकारी विपद् पूर्वतयारी | • प्रभावकारी प्रतिकार्यका लागि सुदृढ विपद् पूर्वतयारी<br>• विपद् प्रतिकार्य क्षमता विकास<br>• "अझ राम्रो र बलीयो निर्माण" अवधारण अनुरुप पुनर्निर्माण र पुनःस्थापना |
| ५ | आर्थिक विकास | | • विपद् जोखिम वित्तीयकरण<br>• विपद् जोखिम हस्तान्तरणका क्रियाकलापहरू |

# खण्ड सात : समस्या, प्राथमिकता र योजना

## ७.१ देखिएका क्षेत्रगत समस्याहरू

प्रमुख रूपमा गाउँपालिकाले आफ्ना विकास निर्माणका कामहरूलाई अगाडि बढाउने कामका लागि ५ वटा विषयगत समितिहरू निर्माण गरेको छ । समग्र गाउँपालिकाको विकास निर्माणका योजनाहरू यसै समितिको योजना मार्फत हुने भएकोले यी विषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका सवाहरू के के छन् भन्ने कुराहरूलाई केन्द्रित गरेर वडास्तरमा गरिएको छलफलबाट प्राप्त समस्याहरूलाई यसमा राखिएको छ । जसले विषयगत क्षेत्रका योजनाहरूलाई विपद् व्यवस्थापनमैत्री बनाउन, दिगो बनाउँन र यो योजना गाउँपालिकाको लागि स्रोत परिचालनको एक महत्वपूर्ण दास्तवेज बन्न सकोस ।

### ७.१.१ आर्थिक विकास :

**कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र**

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दीर्घ रोगीहरूमा विपद् बारे ज्ञान र क्षमताको अभाव ।
- क्षेत्र क्षेत्रगत रूपमा कृषकहरूलाई माटो परिक्षण गरी सो अनुसारको खेती प्रणालीमा ध्यान नजानु ।
- योजना कार्यान्वयन र निर्णय प्रक्रियामा लक्षित समूहको सहभागिताको कमी
- समुदायको नजरमा तटवन्ध मात्र विपद् व्यवस्थापनको योजना हो भन्ने बुझाई छ तर कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्रका योजना पालिकाको योजनामा पर्न सक्दैन भनेर विपद वस्थापनको योजना नराखिएको भन्ने समुदायको भनाई रहेको छ ।
- सुरक्षित पर्यटनको विषयहरू स्थानीय तहको योजनामा पर्न नसक्नु ।
- बालीनालीमा रोगकीरा प्रकोप र विषाधिको प्रयोग बढ्दो छ । यसको निदानको उपायका लागि सुचना र प्रविधिसंग किसानलाई जोड्न सकिएको छैन ।

### ७.१.२ सामाजिक विकास :

**शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृती प्रवर्द्धन, लैंङ्गिक समानता तथा समामाजिक समावेशीकरण**

- सरूवा रोग नियन्त्रका लागि स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्थाहरू भौतिक तथा मानव स्रोत क्षमतामा कमजोर देखिएको छ ।
- वडास्तरमा जन प्रतिनिधि समुदाय स्तरमा टोलसंस्थाहरूलाई विपद् व्यवस्थापन क्षेत्रको ज्ञानको कमि
- बृहत विद्यालय सुरक्षा योजना कामहरू नभएको (विपद व्यवस्थापन समिति गठन नभएको, विद्यालय सुरक्षा योजना नभएको)
- विद्यालय व्यवस्थापन समिति ,शिक्षक ,बालबालिका र अभिभावकमा विपद् सम्बन्धी बुझाईको कमी
- विपद् तथा जलवायु परिवर्तन र यसले निम्त्याएका समस्या र समाधानका उपाय सहितको स्थानीय पाठ्यक्रमको अभाव
- विपद्बाट सुरक्षित हुनका लागि पारिवारिक तहको कार्ययोजनाको अभाव, निजी क्षेत्र र विकास साझेदारहरूसंग सहकार्यको अभाव ।

### ७.१.३ पूर्वाधार विकास :

**सडक तथा पुल (झोर्लुङे पुल समेत), सिंचाइ, भवन तथा सहरी विकास, उर्जा तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत), संचार**

- भवन निर्माण आचार संहिताको पूर्ण पालना नभएको
- समुदायमा र योजना निर्माण तहमा भूकम्पीय सचेतनामा कमी

- बस्ती तथा निजी भवन, सडक, विद्युत वितरण प्रणाली, खानेपानीका संरचना, विद्यालय लगायतका पूर्वाधार हरू भुकम्पीय उच्च जोखिम
- सुरक्षित आश्रयस्थलको लागि स्थानहरू भएको भएता पनि संरचना विकासको थालनी नभएको
- सडकमा व्यवस्थित ढलको अभावले समुदायमा डुवानको समस्या
- हरियाली सडक पर्यापर्यटन विकासमा कमी
- सडक सुरक्षा र प्रयोग बारे ज्ञान र सन्देशको अभावमा सडक दुर्घटना बढेको
- एकघर एक शौचालय अनुदान कार्यक्रम सञ्चालन गर्ने जरूरी छ ।
- सुरक्षित नमुना वस्ती निर्माणका लागि डिपिआर तयार गरी प्रदेश र संघीय सरकारसंग समन्वय गर्न जरूरी छ।
- सडक तथा ठूला कारखाना निर्माणका लागि विपद प्रभाव मूल्याङ्कन (DIA = Disaster Impact Assessment) नभएको।
- पूर्वाधार निर्माणमा अन्य विषयगत कार्यालयहरूसंगको समन्वयको अभाव
- सडक तथा नहरको दायाबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी सडक, पुल, नहर र बाँध दिगो संरक्षणको खाँचो छ ।

## ७.१.४ वन वातावरणा तथा विपद व्यवस्थापन :

**वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला ब्ववस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारूणयन्त्र सञ्चालन**

- नदी कटान र पटानको समस्या बढ्दै गएको
- खोलाको वहाव सभ्यतालाई संरक्षण गर्ने संस्कृतीलाई समुदायले विर्सने क्रम वढेकोले खोला वस्तीमा पस्ने क्रम वढेको
- प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अभाव
- खोज उद्धार तथा राहत सामग्री ब्यवस्थित भण्डारणको अभाव
- आपतकालीन अवस्थामा सूचना संकलनका लागि IRA र MIRA गर्नसक्ने जनशक्तिको अभाव

## ७.१.५ सुशासन र संस्थागत विकास :

**मानव संसाधान विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग तथा संचार व्यवस्थापन**

- वडा नं २ र ६ मा वडास्तरको विपद् व्यवस्थापन समिति गठन गरिएको छैन । समुदाय स्तरमा पनि विपद् व्यवस्थापन समितिको अवधारणा नभएको ।
- संघ, प्रदेश र जिल्ला, पालिका र वडा तहसम्मको समन्वय प्रभावकारी नभएको ।
- वडा र टोल संस्थाहरू वीच समन्वयको कमी
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका क्रियाकलापहरूको लागि सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको समन्वयात्मक लगानीको अभाव
- जलवायु परिवर्तन र विपद् सम्बन्धी एकिकृत सूचना व्यवस्थापनमा कमी
- तालुक संस्थाहरूले विपद् तथा आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यको लागि गरिएको सूचना प्रवाहको प्रशारण प्रभावकारी नदेखिएको ।
- विपद् सम्बन्धी सूचना प्रचार प्रसारण गर्ने संस्थागत सामुदायिक संरचना नभएको ।
- वडाको योजना प्रकृयामा टोल स्तरको विपद व्यवस्थापनको विषयले प्राथमिकता नपाउनु ।
- विपद व्यवस्थापनको क्षेत्रमा तालिम प्राप्त दक्ष जनशक्तिहरू पालिका क्षेत्र भित्र छन् तर ती जनशक्तिहरूलाई सुचिककृत गरी रोष्टरमा राखेर परिचालन गर्ने कामलाई पनि गाउँपालिकाले प्राथमिकतामा राख्नु पर्दछ।

## ७.२ समस्या समाधानका लागि कृयाकलापहरू

### ७.२.१ आर्थिक विकास

- कृषिवालीमा लाग्ने रोग किरा नियन्त्रणको लागि कृषि समूहहरूमा प्रत्येक वडामा नमुना कृषि पाठशाला सञ्चालन गर्ने।
- वडा स्तरमा युवा स्वयमसेवक द्रुत प्रतिकार्य समुहको विकास गरी GEO KRISI र LEOC संग जोड्न जरूरी छ ।
- वित्तीय क्षेत्रलाई विपद् व्यवस्थापनको क्षेत्रमा लगानी गर्न समन्वय र सकार्य गर्ने।
- कृषकहरूलाई प्रांगारिक विषादि वनाउन फिल्डमा नै गएर व्यवहारिक अभ्यास गराउन कार्यक्रम गर्ने ।
- प्राकृतिक चिस्यानकेन्द्र निर्माणका लागि साना कृषकहरूलाई अनुदान कार्यक्रम सञ्चालन गर्ने ।
- विपदबाट क्षति भएको धनमालको वडास्तरमा तथ्याङ्कको नियमित इन्भेण्ट्रि राख्ने र आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत विपद् पोर्टलमा नियमित अध्यावधिक गर्ने ।
- महिला कृषि उद्यमीहरूलाई निःशुल्क कृषि विमा कार्यक्रम सञ्चालन गर्ने।
- क्षेत्रगत रूपमा कृषकहरूलाई माटो परीक्षण कार्यक्रम गर्ने।
- निजिक्षेत्र संगको सहकार्यका लागि समन्वय वैठक गर्ने ।
- वाली विमा, पशु विमा तथा भवन निर्माण मापदण्डको विषयमा नियमित रूपमा टोलसंस्थाहरूसंग अन्तरकृया सञ्चालन गर्ने ।

### ७.२.२ सामाजिक विकास

- बृहत विद्यालय सुरक्षा योजना कार्यान्वयन गर्ने विद्यालयहरूको क्षमता विकास गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण गरी अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने ।
- विद्यालय भवन तथा विद्यालय वाहिरका भौतिक संरचनाहरूलाई भूकम्प लगायत विपद् व्यवस्थापनमैत्री वनाउन निजिक्षेत्रसंग सहकार्य गर्ने
- विद्यालयका कक्षाकोठाहरूमा सरूवारोग व्यवस्थापनमैत्री (physical distancing) वसाइ व्यवस्थापन प्रवर्द्धन गर्ने।
- हरेक विद्यालयमा आपतकालीन स्वास्थ्य सेवाका लागि प्राथमिक उपचार वाकस र उद्धार सामग्री व्यवस्थापन गर्ने।
- वडा भित्रका अपाङ्गता भएका मानिसहरू, वृद्धबृद्धा सुत्केरी, गर्भवती तथ्याङ्क नियमित अध्यावधिक गर्ने ।
- सरूवा रोग नियन्त्रका लागि स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्थाहरू भौतीक क्षमतामा स्तरउन्नती गर्ने ।
- महिला समूह, अपाङ्गता भएका मानिसहरूको समूहलाई वडामा सुचिकृत गरी सो समूहका प्रतिनिधिहरूलाई विपद व्यवस्थापन समितिहरूमा सहभागिता गर्ने ।
- स्वच्छ खानेपानीका लागि एक घर एक धारा अभियान सञ्चालन गर्ने ।
- सरसफाइका लागि एकघर एक शौचालयको अभियान सञ्चालन गर्ने ।
- सुरक्षित पर्यटनको सम्वन्धी रणनीतिक योजना निर्माण र कार्यान्वयन गर्ने ।
- आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचार पाउन सक्ने गरी वडामा अवस्थित स्वास्थ्य चौकीको भौतिक संरचना र मानव स्रोतहरूको स्तरउन्नती गर्ने । वडास्तरको विपद व्यवस्थापन समितिहरू, RRT लाई सकृय गराउनु पर्ने ।

### ७.२.३ पूर्वाधार विकास

- भवन निर्माण संहिताको समुदाय स्तरमा सचेतनाका कार्यक्रम गर्ने ।
- दुर्घटनाग्रस्त क्षेत्रहरूमा सडक सुरक्षा र प्रयोग वारेमा वोर्ड राख्ने।
- निर्माणको काममा विपद् प्रभाव मूल्याङ्कन कार्यविधि निर्माण गर्ने गरी प्रभावकारी रूपमा लागू गर्ने।

- खानेपानी, सिंचाइ, सडक तथा विद्युत कार्यालयबीचको काममा समन्वय गरेर काम गर्ने संस्कार वसाल्ने।
- सडकको क्षमता अनुसार सवारी सञ्चालनको मापदण्ड तयार गरी लागू गर्ने ।
- सडक दुर्घटना न्यूनीकरणका लागि ब्यस्त चोक तथा वजारमा सडकपेटी निर्माण गर्ने ।
- सार्वजानिक शैचालय तथा भवनहरू अपाङ्गमैत्री र महिलामैत्री वनाउने ।
- वडास्तरमा जोखिम न्यूनीकरणको योजना निर्माण गरी निजीक्षेत्रसं समन्वय र सहकार्य गर्ने
- सडक तथा नहरको दायाबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ प्रविधि प्रवर्दन गरी सडक, पुल, नहर र बाँध दिगो संरक्षणको प्रवर्द्धनको खाँचो छ ।

**खोला कटान तथा डुवानको जोखिम न्यूनीकरणका लागि वडा भेलाबाट पहिचान गरिएका निम्न लिखित स्थानहरू लागत अनुमानको प्राविधिक योजना निर्माण गरी क्रमागत योजनाको आधारमा कार्यन्वयन गर्नु पर्ने भनि वडाबासीबाट सुझाव आएको छ । जसलाइ जस्ताको तस्तै निम्नानुसार राखिएको छ।**

| वडा नं | समस्या | न्यूनीकरण योजना (तटवन्ध) |
|---|---|---|
| १ | चिसाङ र धाद्रोको कटान | • झर्नाघुटुमा चिसाङ खोलामा झोलुङ्गे पुल देखि शान्तिघाटसम्म करिव ३०० मिटर<br>• विसनपुर टोलमा करिव १ किलोमिटर तटवन्द निर्माण गर्ने ।<br>• वीरटोलमा करिव ५०० मिटर<br>• कालीथान पूर्वदेखि वनकरुवासम्म करिव ३ किलोमिटर<br>• राधाकृष्ण टोलको गयल खोलामा २०० मिटर<br>• ढिकटोल देखि उत्तर डिपुसम्म ३०० मिटर |
| | कोचेनी, डाँस र गेउरीयाखोलाको कटान | • कुँवर टोलमा १ किलोमिटर<br>• किनारा टोलमा २०० मिटर<br>• ऋषिदेव टोलमा १०० मिटर<br>• वनकरुवा टोलमा २०० मिटर |
| २ | चिसाङ, मारिया खोला, मैन पैनीको कटान र डुवान | • मैन पैनीलाई फराकीलो वनाएर सफा गर्ने<br>• मारीया खोलाको माझीटोलमा वाँसको पाइलिङ गर्ने<br>• वडा नं ५ र २ को सिमाना देखि वोहरा टोलसम्म १ कि.मि. तटवन्द लगाउँने<br>• चिसाङ मुल नहरदेखि धावि टोलसम्म करिव ७०० मिटर तटवन्द लगाउँने<br>• कालीखोलाको वहाव क्षेत्र फराकिलो वनाएर नियमित सफा गर्ने । |
| ३ | कडिया खोला, राते पैनी, डाँस खोला, गेउरीया खोला र पचपैनीको कटान | • जोगीकुटीको कडिया खोलामा २० मिटर तटबन्ध निर्माण ।<br>• डाँडा टोलको कडिया खोलामा ५० मिटर तटबन्ध ।<br>• जयनेपाल चोकको रातेपैनीमा १०० मिटर तटबन्ध<br>• किनारा टोलको डाँस खोलामा २०० मिटर तटबन्ध<br>• ऋषिदेव टोलमा गेउरिया खोलामा १०० मिटर तंटबन्ध निर्माण गर्ने ।<br>• गेउरीया खोलामा पुल निर्माण गर्ने।<br>• तुम्साचोक पूर्व डाँस खोलामा १०० मिटर, मंगलबारे दक्षिण खोरिया पूर्वउत्तर २०० मिटर तटबन्ध र बाँसको पाइलिङ ।<br>• कोलटोल पूर्व २०० मिटर बाँसको पायलिङ गर्ने ।<br>• खोरिया टोलको पूर्व डाँसखोलामा तत्कालीन २०० मिटर बाँसको पायलिङ र दीर्घकालीन पक्की तटबन्ध निर्माण गर्ने<br>• दीर्घकालीन समाधानका लागि लक्ष्मी आ वि पूर्वदेखि कोलटोल स्कूलको जग्गासम्म डाँसखोलामा करिव २ किलोमिटर तटबन्ध गर्ने ।<br>• कालीमन्दिर टोलको पचपैनीमा करिव १०० मिटर र कालीमन्दिर तल १०० मिटर तटबन्ध निर्माण । |
| ४ | कालिखोला, भलुवा खोला, चिसाङ, सुकुना | • कालिखोला, भलुवा खोला, चिसाङ, सुकुना खोलाबाट पैंनी तानेर खेती गरिएको छ । तीनै पैनीहरूको व्यवस्थापन नहुँदा वस्ती डुवान हुने गरेको छ । पैनीहरू साँगुरीएका छन् । वहाव क्षेत्रमा रोकावट भएकोले पुर्ण क्षमतामा पानी वग्न नसक्दा वस्ती डुवान |

| | | |
|---|---|---|
| | खोलाबाट पैनीको कटान र डुवान । | हुन्छ । त्यसैले ती सन्चालनमा रहेको पैनीहरूलाई फराकीलो वनाउने र नियमित सफा गर्ने । |
| ५ | चिसाङ र कालीकोको कटान र डुवान | • चिसाङको परिवर्तन टोलको उत्तरी क्षेत्रबाट पानी छिर्ने खतरा वढेको छ । यस स्थानबाट पानी छिर्यो भने वडाको सवै स्थानमा क्षति पुर्याउँछ । यसैले यस स्थानमा लन्चिङ ड्याम हाल्नु पर्छ ।<br>• कालिकोशीको वहाव क्षेत्र अतिक्रमण भएको कारण पुर्ण क्षमतामा पानी वग्न सक्दैन । त्यसैले त्यसलाई सफा गरेर चिसाङमा मिसाउँनु पर्दछ । |
| ६ | दहिखोला, सिता खोला र डाँस खोला कटान | • दही धापमा अझै १५ घर उच्च जोखिममा भएकोले दही खोलामा करिव ३०० मिटर तटबन्ध निर्माण ।<br>• सिताधाप (सिता खोला र डाँसखोलाको बिचमा टापु जस्तो) नदी उकास जग्गामा भएकोले सिता खोला र डाँस खोलामा पुरै क्षेत्रमा करिव ३ किलोमिटर तटबन्ध गर्नु पर्छ ।<br>• वन क्षेत्रमा वन्यजन्तुको समस्याबाट बच्न मेसजाली लगाएर घेराबेरा गर्ने ।<br>• वडा नं ६ को दहिधाप दोभान देखि वडा नं ७ को सिमाना सम्म तटवन्द गर्ने<br>• भलुवा र कुकुना पैनीले वरगाछी देखि दक्षिण सवै क्षेत्रमा डुवान गर्छ त्यसैले यसको वहाव क्षेत्र फराकिलो वनाउँने ।<br>• सिताधापको ३८ ङरधुरीलाइ स्थानान्तरणको प्रकृयामा लाने |
| ७ | | • जंगल क्षेत्रमा बाटोको उत्तर साइड नानालको व्यवस्था ८ कि.मि. वनाउँने र तारजाली लगाउँने<br>• दहिखोला, भलुवा, सिता, छधारे, सुकुनाको मुहान संरक्षण गरी सिंचाइको सन्तुलित व्यवस्थापन गर्ने ।<br>• ४० विघे, आइतवारे वजार, चण्डी पानीटंकी, सान्ती, सुक्रवारे/छथरे, २५ विघे, प्रोग्रेसिप वस्तीहरू वन्यजन्तु आक्रमणबाट उच्च जोखिममा छन् । यसको मुल कारण कारण काली अँगेरी, जामुन, कुसुम, रानी कुसुम, भोगटे, वन सुपारी, क्यामुना, असारे, टाँटरी, वाँदरझुल्ला, फडिर, जंगली अम्वक जस्ता फलफुल जंगलमा सकिएको छ । (रानी कुसुम जुन घाँस र अचानोको प्रयोगको कारण लोप भएको छ । वाँदरले अति मन पराउँछ। जामुन काठको चोरीको कारण सकिएको छ ।)<br>• सामुदायिक वनमा सामुहिक बृक्षारोपण प्रत्येक बर्ष फलफुलको विरूवा वन कार्यालयबाट लिएर रोप्ने । वन कार्यालयले निसुल्क विरूवा उत्पादन र वितरण गर्ने गरेको छ । |

स्रोत : वडास्तरीय छलफल २०८०

### ७.२.४ वन वातावरण तथा विपद व्यवस्थापन

- वडास्तरका विपद व्यवस्थापन समिति तथा टोल संगठनका अगुवाहरूलाई विपद व्यवस्थापन र मानवीय सहायताका आधारभूत मापदण्डको वारेमा क्षमता विकासको तालिम ।
- लोप हुन लागेका पानीको मुहान नक्शांकन गर्ने र संरक्षणको लागि सामुदायिक सचेतनाको कार्यक्रम सच्नलन गर्ने
- सिमसार क्षेत्र संरक्षण गर्ने ।
- आपतकालीन अवस्थामा तत्काल परिचालन गर्ने गरी वडामा एक स्वयंसेवक समूह गठन गरी क्षमता विकास तालिम दिएर तयारी हालतमा राख्ने । जसलाई नजिकको प्रहरी र सेनासंग समन्वय गराउने ।
- वडामा कम्तिमा एक स्थानमा आधारभूत संरचना सहितको सुरक्षित स्थान निर्माण गर्ने ।
- विपद् प्रतिकार्यलाई लैङ्गिकमैत्री वनाउन सुत्केरी, गर्भवती, अपाङ्गता तथा वाललालिकाको लागि आवश्यक खाद्यान्न तथा गैरखाद्य सामग्री भण्डारण गर्ने ।
- वडास्तरमा खोज तथा उद्धारका सामग्री भण्डारण गर्ने ।
- सामुदायिक कुकुर नियन्त्रणका लागि नियमित वन्ध्याकरणको कार्यक्रमलाई सघन वनाउने र रेविज विरूद्धको भ्याक्सिन समुदायको सहज पहुँच हुने वातावरण वनाउने ।
- वडा नं ५, ६ र ७ का जङ्गल नजिकका वस्तीहरूमा सडक वत्तीको र साइरनको ब्यवस्था गर्ने ।

- वडास्तरमा वारम्वार दोहोरिइरहने आगलागी, वाढीजन्य विपद्को प्रतिकार्यको लागि आवश्यक सामग्रीहरू स्वयंसेवक दलको संरक्षणमा रहने गरी वडामा सुचिकृत गरी राख्ने ।
- विपद व्यवस्थापन संग सम्वन्धित सूचना प्रणालीलाई समुदाय तहसम्म प्रभावकारी वनाउने ।

### ७.२.५ सुशासन र संस्थागत विकास

- स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीति पत्र तयार गर्ने ।
- विपद जोखिम व्यवस्थापन कोष सञ्चालन कार्विधिलाई अध्यावधिक गर्ने, कार्यविधिमा विपद् प्रभावितहरूका लागि राहत मापदण्ड सुचिश्चत गर्ने ।
- वडातहमा विपदको समयमा तत्काल सूचना संकलन गरी सम्प्रेषण गर्नका लागि द्रुत सर्भेक्षण टोली निर्माण गरी तयारी हालतमा राख्ने ।
- विपद व्यवस्थापनको क्षेत्रमा अन्तर वडा, अन्तर पालिका समन्वय वैठकहरूबाट साझा जोखिम पहिचान गरी साझा योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने।
- विपद जोखिम सम्बन्धी वस्तुगत विवरणलाई स्थानीय तहको योजना निर्माण प्रकृयाको आधारको रूपमा लिने।
- संघ, प्रदेश तथा जल तथा मौसम विज्ञान विभागबाट जारी गरिएका पूर्वसूचनाहरूलाई समुदाय सम्म नियमित प्रशारण गर्ने आधिकारिक संरचना तयार गर्ने ।
- खोला, खोल्सी र नहर क्षेत्रको वहाव क्षेत्र मापदण्ड निर्माण गरी सो अनुसारको क्षेत्र संरक्षण गर्ने ।
- वित्तीय संस्थाहरू (सहकारी तथा वैंक) संग रहेको सामाजिक दायित्वको कोषलाई विपद व्यवस्थापनमा परिचालन गर्न वित्तीय संस्थाहरूलाई सहजीकरण गर्ने र उनीहरसंग सहकार्य गर्ने ।

# खण्ड आठ : विपद् तथा जलवायु उत्थानशील योजना

## ८.१ विपद् तथा जलवायु उत्थानशील एकीकृत क्रियाकलाप

यस गाउँपालिकाले उत्थानशील गाउँपालिका प्रवर्द्धनका लागि विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई प्राथमिकतामा राखी निम्नअनुसार क्रियाकलाप सञ्चालन गर्नेछ। यस प्रयासमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी देहायका क्रियाकलाप सञ्चालन गर्नेछ:

**तालिका नम्वर ४१ : क्षेत्रगत विकास अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु अनुकलनका** क्रियाकलापहरू

| सि.नं | कृयाकलाप | जिम्मवारी | अनुमानित वजेट (लाखमा) | | | समयावधी |
|---|---|---|---|---|---|---|
| | | | कुल वजेट | आन्तरिक | बाह्य | |
| ६.१.१ | **आर्थिक विकास :** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन,सहकारी, वित्तीय क्षेत्रमा सम्पन्न गरिने कामहरूले भविष्यमा विपदको अवस्था सृजना नगरून भन्ने अभिप्रायले निम्न कृयाकलापहरूलाई मूलप्रवाहीकरण गर्न कृयाकलापहरू राखिएको छ । यसमा आर्थिक विकासको कामहरूबाट उत्पन्न जोखिमका बुझाई, आर्थिक विकासबाट उत्पन्न हुन सक्ने जोखिम न्यूनीकरणका लागि शासकीय संरचनाको विकास, आर्थिक विकासका क्रममा हुन सक्ने जोखिम न्यूनीकरणका लागि निजीक्षेत्रको संलग्नताका कामहरूलाई यसमा समेटिएको छ । | | | | | |
| क | आर्थिक विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम वारे बुझाइको विकास गर्दै न्यूनीकरणका लागि देहायका कामहरू गर्ने ।<br>• कृषिवाली तथा पशुमा लाग्ने रोग किरा नियन्त्रणको लागि प्रत्येक वडामा युवाहरूलाई GEO KRISI (Agriculture Digitalization)कार्यक्रमसंग जोड्ने । | आर्थिक विकास समिति<br><br>गाउँ सभा | १० | ५ | ५ | २०८० देखि २०८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | • कृषकहरूलाई प्रांगारिक विषादी वनाउन फिल्डमा नै गएर व्यवहारीक अभ्यास गराउन कार्यक्रम गर्ने ।<br>• क्षेत्रगत रूपमा कृषकहरूलाई माटो परीक्षण कार्यक्रम गर्ने।<br>• वाली विमा, पशु विमा तथा भवन निर्माण मापदण्डको विषयमा नियमित रूपमा टोलसंस्थाहरूसँग अन्तरकृया सञ्चालन गर्ने<br>• कृषकलाई ब्यवस्थित र योजनावद्ध ब्यावसायिक खेती सम्वन्धी क्षमता विकास तालीम।<br>• नियमित रूपमा किसानहरूको सहज पहुँच हुने गरी बुझ्ने भाषामा मौसम सम्बन्धी जानकारी प्रदान गर्ने | | | | | |
| ख | आर्थिक विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम न्यूनीकरण गर्न निम्न अनुसार नीतिगत सुधारका कामहरू गर्ने<br>• विपदबाट क्षति भएको धनमालको वडास्तरमा तत्थांकको नियमित इन्भेण्ट्रि राख्ने र आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत विपद् पोर्टलमा नियमित अध्यावधिक गर्ने ।<br>• वैकल्पिक सिञ्चाइको विकास तथा भएका नहर र कुलोहरूको स्तरउन्नती गर्ने ।<br>• सिंचाइ उपभोक्ता समितिहरू निर्माण गरी सुचिकृत गर्ने र नियमित परिचालन गर्ने ।<br>• पर्या-पर्यटन विकासका लागि वृहत अध्ययन गरी अध्ययनको सिफारिस अनुसार योजना तर्जुमा | आर्थिक विकास समिति<br><br>कार्यपालिका | १० | १० | ० | २०८० |
| ग | आर्थिक विकासका कामहरू गर्दा हुन सक्ने सम्भावित विपद् जोखिमहरूलाई न्यून गर्नका लागि निजी क्षेत्र संगको सहकार्यका निम्न लिखित कृयाकलापहरू गरिनेछ ।<br>• वित्तीय क्षेत्रलाई विपद् व्यवस्थापनको क्षेत्रमा लगानी गर्न समन्वय र सहकार्य गर्ने।<br>• होटल व्यावसायी तथा पार्क व्यवस्थापन समितिहरूलाई पर्यटन सुरक्षा (safe tourism) सम्बन्धी अभिमुखीकरण<br>• निजिक्षेत्र संगको सहकार्यका लागि समन्वय वैठक गर्ने ।<br>• गाउँपालिकाको उत्थानशील आर्थिक विकासका लागि बैंक तथा वित्तीय क्षेत्रलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा लगानी गर्न समन्वय र सहकार्य। | आर्थिक विकास समिति<br><br>कार्यपालिका | ५ | ४ | १ | |
| घ | आर्थिक विकासका कामहरू गर्दा सम्भावित विपद्को प्रभावकारी पूर्वतयारीका लागि निम्न लिखित कृयाकलापहरू गर्ने ।<br>• प्राकृतिक चिस्यानकेन्द्र निर्माणका लागि साना कृषकहरूलाई अनुदान कार्यक्रम<br>• महिला कृषि उद्धमिहरूलाई निःशुल्क कृषि विमा कार्यक्रम ।<br>• कृषि, फलफुल तथा पशुपंक्षी, माछापालन क्षेत्रमा हुने सम्भावित क्षतिका लागि राहत तथा पुनर्लाभका कार्यक्रमहरू नगर कृषि तथा पशु विकास शाखाको अगुवाइमा योजना निर्माण गरी लागु गर्ने।<br>• आर्थिक क्षेत्रमा हुनसक्ने जोखिम न्यूनिकरणका लागि जोखिम बहन योजना निर्माण। | | ५ | ५ | ० | २०८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.१.२ | **सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कामहरूबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरूको बुझाई, जोखिम न्यूनीकरणका लागि नीतिगत सुधार, निजी क्षेत्रको संलग्नता तथा प्रभावकारी पूर्वतयारीका निम्न लिखित कामहरू गर्ने। | | | | | |
| क | सामाजिक विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम बारे बुझाईको विकास र सचेतनाका लागि निम्न कामहरू गर्ने ।<br>• वडा भित्रका अपाङ्गता भएका मानिसहरू, वृद्धबृद्धा सुत्केरी, गर्भवती तथ्याङ्क नियमित अध्यावधिक गर्ने ।<br>• महिला समूह, अपाङ्गता भएका मानिसहरूको समूहलाई वडामा सुचिकृत गरी सो समूहका प्रतिनिधिहरूलाई विपद व्यवस्थापन समितिहरूमा सहभागिता गर्ने | सामाजिक विकास समिति<br><br>कार्यपालिका | ५ | ५ | ० | २०८० |
| ख | सामाजिक विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम न्यूनीकरणका लागि निम्न लिखित नीतिगत विकास र संस्थागत संरचनाहरूको विकासका कामहरू गर्ने ।<br>• वृहत विद्यालय सुरक्षा योजना निर्माण र मूलप्रवाहीकरणका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षकहरूलाई अभिमुखिकरण गर्ने ।<br>• विपद् व्यवस्थापन सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण गरी अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने । | सामाजिक विकास समिति<br>गाउँ सभा | ५ | ५ | ० | २०८१ |
| ग | सामाजिक विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम न्यूनीकरणका लागि निजीक्षेत्रको सहभागिताका लागि निम्न कामहरू गर्ने ।<br>• विद्यालय भवन तथा विद्यालय वाहिरका भौतिक संरचनाहरूलाई भूकम्प लगायत विपद् व्यवस्थापनमैत्री बनाउन निजीक्षेत्रसंग सहकार्य गर्ने<br>• सुरक्षित पर्यटनको सम्वन्धी रणनीतिक योजना निर्माण र कार्यान्वयन | सामाजिक विकास समिति<br><br>कार्पालिका | १० | ८ | २ | २०८१ देखि २०८३ |
| घ | सामाजिक विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद् प्रभावकारी पूर्वतयारीका लागि निम्न कामहरू गर्ने ।<br>• विद्यालयका कक्षाकोठाहरूमा सरूवारोग व्यवस्थापनमैत्री (physical distancing) बसाइ व्यवस्थापन प्रवर्द्धन गर्ने ।<br>• हरेक विद्यालयमा आपतकालीन स्वास्थ्य सेवाका लागि प्राथमिक उपचार वाकस र उद्धार सामग्री व्यवस्थापन गर्ने<br>• सरूवा रोग नियन्त्रका लागि स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्थाहरू भौतिक क्षमतामा स्तरउन्नती गर्ने ।<br>• सरसफाइका लागि एकघर एक शौचालयको अभियान सञ्चालन गर्ने ।<br>• आपतकालीन अवस्थामा तत्काल प्राथमिक उपचार पाउन सक्ने गरी वडामा अवस्थित स्वास्थ्य चौकीको भौतिक संरचना र मानव स्रोतहरूको स्तरउन्नती गर्ने ।<br>• वडास्तरको विपद व्यवस्थापन समितिहरू, RRT लाई सकृय गराउने ।<br>• हस्पिटलहरूमा फोहर व्यवस्थापनका लागि इन्सिनेरेटरको व्यवस्थापन गरी नियमित फोहर व्यवस्थाप गराउँने । | सामाजिक विकास समिति<br><br>कार्पालिका | २० | १५ | ५ | २०८० देखि २०८४ सम्ममा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.१.३ | **पूर्वाधार विकास** : सडक तथा पुल -झोलुंगे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत), संचार क्षेत्रहरूमा काम गर्दा हुन सक्ने सम्भावित विपद जोखिम वारे सचेतना, नीतिगत कामहरू, निजी क्षेत्रको संलग्नता र प्रभावकारी पूर्वतयारीका लागि निम्नलिखित कामहरू गर्ने । | | | | | |
| क | पूर्वाधार विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम वारे बुझाईको विकास र सचेतनाका लागि निम्न कामहरू गर्ने।<br>• भवन निर्माण संहिताको समुदाय स्तरमा सचेतनाका कार्यक्रम गर्ने ।<br>• दुर्घटनाग्रस्त क्षेत्रहरूमा सडकसुरक्षा र प्रयोग वारेमा वोर्ड राख्ने। | पूर्वाधार विकास समिति<br>कार्यपालिका | ५ | ५ | ० | २०८० सम्ममा |
| ख | पूर्वाधार विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम न्यूनीकरणका लागि नीतिगत सुधारका निम्न कामहरू गर्ने ।<br>• निर्माणको काममा विपद् प्रभाव मूल्याङ्कन कार्यविधि निर्माण गर्ने गरी प्रभावकारी रूपमा लागू गर्ने।<br>• सडकको क्षमता अनुसार सवारी सञ्चालनको मापदण्ड तयार गरी लागू गर्ने ।<br>• खानेपानी, सिंचाइ, सडक तथा विद्युत कार्यालयबीचको काममा समन्वय गरेर काम गर्ने थिति वसाल्ने।<br>• सडक तथा नहरको दायाबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी सडक, पुल, नहर र बाँध दिगो संरक्षणको प्रवर्द्धन गर्ने।<br>• पालिका क्षेत्रमा घरनिर्माण गर्दा भुउपयोग योजनाको आधारमा आवास मापदण्ड तयार गर्ने । | पूर्वाधार विकास समिति<br>कार्यपालिका | ३ | २ | १ | २०८० भित्रमा |
| ग | **पूर्वाधार विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद जोखिम न्यूनीकरणका लागि निजी क्षेत्रहरूसंगको संलग्नताका लागि निम्न कामहरू गर्ने ।**<br>• वडास्तरमा जोखिम न्यूनीकरणको योजना निर्माण गरी निजीक्षेत्रसं समन्वय र सहकार्य गर्ने | पूर्वाधार विकास समिति | ० | ० | ० | कर्मचारी अफैले गर्ने । |
| | • चिसाङ, डाँस र दहिखोला, दीर्घकाली गुरूयोजना बनाएर काम गर्न जोखिम न्यूनीकरणका लागि काम गर्न जरूरी छ । | पूर्वाधार विकास समिति कार्यपालिका | ५ | ५ | ० | २०८४ सम्ममा |
| घ | पूर्वाधार विकासका कामहरू सञ्चालन गर्दा हुन सक्ने सम्भावित विपद प्रभावकारी पूर्वतयारीका लागि निम्न कामहरू गर्ने ।<br>• सडक दुर्घटना न्यूनीकरणका लागि ब्यस्त चोक तथा वजारमा सडकपेटी निर्माण गर्ने<br>• सार्वजानिक शौचालय तथा भवनहरू अपाङ्गमैत्री र महिलामैत्री वनाउने । | पूर्वाधार विकास समिति<br>कार्यपालिका | ५ | ५ | ० | २०८४ सम्ममा |
| **सि.नं** | **कृयाकलाप** | **जिम्मवारी** | **अनुमानित वजेट (लाखमा)** | | | **समयावधी** |
| | | | **कुल वजेट** | **आन्तरिक** | | |
| ६.१.४ | **वन वातावरण तथा विपद व्यवस्थापन** : वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारूण यन्त्र संचालन लगायतका कामहरू गर्ने । | | | | | |
| क | विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतनाका अभिवृद्धिको लागि निम्न लिखित कामहरू गर्ने । | वन वातावरण तथा विपद | १५ | १० | ५ | २०८० देखि २०८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • वडास्तरका विपद व्यवस्थापन ममिति तथा टोल संगठनका अगुवाहरूलाई विपद व्यवस्थापन र मानवीय सहायताका आधारभूत मापदण्डको वारेमा क्षमता विकासको तालिम ।<br>• लोप हुन लागेका पानीको मुहान नक्शांकन गर्ने र संरक्षणको लागि सामुदायिक सचेतनाको कार्यक्रम सच्नलन गर्ने<br>• वडा नं ५, ६ र ७ का जङ्गल नजिकका वस्तीहरूमा सडक वत्तीको र साइरनको ब्यवस्था गर्ने ।<br>• विपद व्यवस्थापनसंग सम्वन्धित सूचना प्रणालीलाई समुदाय तहसम्म प्रभावकारी वनाउने । | व्यवस्थापन समिति | | | | सम्ममा गर्ने । |
| ख | विपद् जोखिम न्यूनीकरणका लागि शासकीय सुधारका लागि निम्न लिखत नीतिगत सुधार तथा सस्थागत संरचना विकासका कामहरू गर्ने ।<br>• सामुदायिक वनहरूमा, वकैनो, केरा, अम्वक, वर, पिपल, भोकमिलो लगायतका फलफुलहरू बार्षिक रूपमा अनिवार्य लगाउनका लागि योजना र वजेट निर्माण गरी कार्यान्वयन गर्ने ।<br>• सामुदायिक कुकुर नियन्त्रणका लागि नियमित वन्ध्याकरणको कार्यक्रमलाई सघन वनाउने र रेविज विरूद्धको भ्याक्सिन समुदायको सहज पहुँच हुने वातावरण वनाउने । | वन वातावरण तथा विपद व्यवस्थापन समिति | ५ | ५ | ० | २०८० |
| ग | विपद् जोखिम न्यूनीकरणका लागि निजीक्षेत्रको संलग्नता<br>• आपतकालीन अवस्थमा तत्काल परिचालन गर्ने गरी वडामा एक स्वयम सेवक समूह गठन गरी क्षमता विकास तालिम दिएर तयारी हालतमा राख्ने। जसलाई नजिकको प्रहरी र सेनासंग समन्वय गराउने। | वन वातावरण तथा विपद व्यवस्थापन समिति | ५ | ५ | ० | २०८० |
| घ | प्रभावकारी पूर्वतयारी<br>• आपतकालीन अवस्थमा तत्काल परिचालन गर्ने गरी वडामा एक स्वयम सेवक समूह गठन गरी क्षमता विकास तालिम दिएर तयारी हालतमा राख्ने । जसलाई नजिकको प्रहरी र सेनासंग समन्वय गराउने ।<br>• वडामा कम्तीमा एक स्थानमा आधारभूत संरचना सहितको सुरक्षित स्थान निर्माण गर्ने ।<br>• वडास्तरमा द्रुत सर्भेक्षण टोली निर्माण गरी क्षमता विकासको तालिम दिइ तयारी हालतमा राख्ने ।<br>• विपद् प्रतिकार्यलाई लैङ्गिकमैत्री वनाउन सुत्केरी, गर्भवती, अपाङ्गता तथा वाललालिकाको लागि आवश्यक खाद्यान्न तथा गैरखाद्य सामग्रि भण्डारण गर्ने ।<br>• वडास्तरमा खोज तथा उद्धारका सामग्री भण्डारण गर्ने ।<br>• वारम्वार दोहोरिइरहने आगलागी, वाढीजन्य विपद्को प्रतिकार्यको लागि आवश्यक सामग्रीहरू स्वयंसेवक दलको संरक्षणमा रहने गरी वडामा सुचिकृत गरी राख्ने । | वन वातावरण तथा विपद व्यवस्थापन समिति<br><br>कार्यपालिका | २० | २० | ० | २०८० देखि २०८४ सम्ममा |
| ६.१.५ | सुशासन र संस्थागत विकास : मानब संसाधन विकास, संस्थागत क्षमता बिकास, संस्थागत पूर्वाधार,नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रबाहका मापदण्ड निर्धारण, सेवा प्रबाहमा विद्युतीय सूचना प्रबिधिको प्रयोग, सूचना तथा संचार व्यवस्थापनकाहरू गर्दा उत्पन्न हुने जोखिमको बुझाई, यसको लागि संस्थागत सुधार, निजीक्षेत्रको संलग्नता र प्रभावकारी पूर्वतयारीमा सहयोग पुग्ने निम्न किसिमको कामहरू सञ्चालन गर्ने । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | सुशासन तथा संस्थागत विकासका कामहरू विपद् व्यवस्थापनमैत्री बनाउने बुझाई विकासका निम्न लिखित कामहरू गर्ने ।<br>• संघ, प्रदेश तथा जल तथा मौसम विज्ञान विभागबाट जारी गरिएका पूर्वसूचनाहरूलाई समुदाय सम्म नियमित प्रशारण युवाहरूको संलग्नतामा आधिकारिक संरचना तयार गर्ने । | वन वातावरण तथा विपद व्यवस्थापन समिति<br><br>कार्यपालिका | ० | ० | ० | २०८० |
| ख | सुशासन तथा संस्थागत विकासका कामहरू समुदायिक समूह, निजीक्षेत्रमा प्रभावकारी लागू गर्नका लागि नीतिगत विकास निम्न लिखत कामहरू गर्ने<br>• स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति र रणनीति पत्र तयार गर्ने ।<br>• विपद व्यवस्थापनको क्षेत्रमा अन्तर वडा, अन्तर पालिका समन्वय वैठकहरूबाट साझा जोखिम पहिचान गरी साझा योजना निर्माण गरी कार्यान्वयन गर्न सहजिकरण गर्ने।<br>• खोला, खोल्सी र नहर क्षेत्रको वहाव क्षेत्र मापदण्ड निर्माण गरी सो अनुसारको क्षेत्र संरक्षण गर्ने । | वन वातावरण तथा विपद व्यवस्थापन समिति<br><br>कार्यपालिका<br><br>गाउँसभा | १० | ८ | २ | २०८० देखि २०८१ सम्ममा |
| ग | निजी क्षेत्रको संलग्नता<br>• वित्तीय संस्थाहरू (सहकारी तथा वैंक) संग रहेको सामाजिक दायित्वको कोषलाई विपद व्यवस्थापनमा परिचालन गर्न वित्तीय संस्थाहरूलाई सहजिकरण गर्ने र उनीहरसंग सहकार्य गर्ने ।<br>• विपद व्यवस्थापनको क्षेत्रमा अन्तर वडा, अन्तर पालिका समन्वय वैठकहरूबाट साझा जोखिम पहिचान गरी साझा योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने। | वन वातावरण तथा विपद व्यवस्थापन समिति<br><br>कार्यपालिका | ० | ० | ० | नियमित गर्ने |
| घ | प्रभावकारी पूर्वतयारी<br>• विपद जोखमि व्यवस्थापन कोष सञ्चालन कार्विधिलाई अध्यावधिक गर्ने, कार्यविधिमा विपद् प्रभावितहरूका लागि राहत मापदण्ड सुचिश्चत गर्ने ।<br>• वडातहमा विपदको समयमा तत्काल सूचना संकलन गरी सम्प्रेसण गर्नका लागि द्रुत सर्भेक्षण टोली निर्माण गरी तयारी हालतमा राख्ने ।<br>• वडा विपद जोखिम वस्तुगत विवरणलाई स्थानीय तहको योजना निर्माण प्रकृयाको आधारको रूपमा लिने। | वन वातावरण तथा विपद व्यवस्थापन समिति<br><br>कार्यपालिका | ० | ० | ० | नियमित गर्ने |

# भाग : दुई

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०

(Disaster Preparedness & Response Plan-2079)

# खण्ड नौ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)

### ९.१ प्राथमिकता प्राप्त रणनीतिक पूर्वतयारी

विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न स्थानीय विपद् व्यवस्थापन समितिले सुरक्षाका विभिन्न गतिविधि गर्नेछ। विपद् पूर्वतयारीका साथै विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण विधिलाई मूलप्रवाहीकरण गर्ने सोच अघि बढाउन र यस योजनाको नियमित रूपमा अध्यावधिक गर्न देहायका रणनीतिक क्रियाकलापहरु समावेश गरिएको छः

**तालिका नम्वर ४२ रणनीतिक पूर्वतयारी विवरण**

| क्रसं | रणनीतिक गतिविधि | परिमाण | जिम्मेवारी | समय |
|---|---|---|---|---|
| १. | सबै वडामा वडास्तरीय विपद व्यवस्थापन समिति गठन गरी क्रियाशिल गराउने । नियमित बैठकको आयोजना गर्ने । | ७ वटा | गाउँपालिका वडा समिति | गठन भईसकेको |
| २. | गाउँपालिकामा विपद्को समयमा कार्य गर्ने देहायका विषयगत क्षेत्रहरु गठन गरी बार्षिक कार्ययोजना तयार गर्न लगाइ तम्तयारीमा राख्ने र अन्तर कार्यदल समन्वय संयन्त्रको विकास गर्ने<br>• समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र<br>• खाद्य तथा कृषि विषयगत क्षेत्र<br>• स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र<br>• खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र<br>• आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री विषयगत क्षेत्र<br>• सुरक्षा तथा संरक्षण विषयगत क्षेत्र<br>• आपत्कालीन शिक्षा विषयगत क्षेत्र<br>• शीघ्र पुनर्लाभ विषयगत क्षेत्र | कम्तिमा ३ पटक बैठक बस्ने | गाउँपालिका वडा समिति | गाउँपालिकामा गठन भएको र अब नियमित बैठक र समन्वय बैठक वर्षमा कम्तिमा ३ पटक गर्ने |
| ३. | गाउँपालिकामा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि अद्यावधिक गर्ने । | १ कार्यविधि | गाउँपालिका वडा समिति | ३ महिना भित्र |
| ४. | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी यसको कार्यविधि तयार गर्ने । | १ | गाउँपालिका | १ वर्ष भित्र |
| ५. | गाउँपालिकामा विपद् व्यवस्थापन शाखाको स्थापना गरी विपद् सम्बन्धी सम्पर्क अधिकारी तोक्ने । | १ पटक | गाउँपालिका | भईसकेको |
| ६. | गाउँपालिकाको स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने । | १ योजना | गाउँपालिका | भईरहेको |
| ७. | जनप्रतिनिधिहरु, वडा र गाउँपालिकामा गठित विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि विपद् व्यवस्थापन र आधारभूत मानवीय सहायता मापदण्ड सम्बन्धी न्यूनतम २ वटा तालिमको व्यवस्था गर्ने । | वार्षिक २ वटा तालिम | गाउँपालिका | ६ महिना भित्र |
| ८. | कृत्रिम घटना अभ्यास तालिमको आयोजना गर्ने र हरेक वर्ष विद्यालय र समुदायमा वार्षिक कृत्रिम घटना अभ्यास गर्ने। | वार्षिक ३ पटक | गाउँपालिका सुरक्षा निकायहरु | हरेक वर्ष जेष्ठ कार्तिक र माघ महिनामा |

| | | | | |
|---|---|---|---|---|
| ९. | • पेट्रोल पम्प र ग्याँस डिपो/डिलरहरुको बैठक गर्ने । नियमित अनुगमन गरी न्यूनतम सुरक्षाका उपाय तथा पूर्वतयारी गर्न अनिवार्य गर्ने ।<br>• पेट्रोल पम्प र ग्याँस डिलरका कर्मचारी तथा व्यापारीहरुलाई अग्नी नियन्त्रण तालिमको व्यवस्था गर्ने । | बैठक २ वटा र तालिम २ वटा बार्षिकरुपमा | गाउँपालिका पेट्रोल पम्प र ग्याँस डिपोहरु | वार्षिक २ वटा बैठक र २ वटा तालिम उपयुक्त समयमा |
| १०. | गाउँपालिका क्षेत्रमा सञ्चालित उद्योगका जिम्मेवार पदाधिकारीहरुसँग औद्योगिक प्रदूषण र विपद् व्यवस्थापनका विषयमा अन्तरकृया गर्ने । | वार्षिक २ पटक | गाउँपालिका | वैशाख महिनामा र मंसिर महिनामा |
| ११. | भान्साकोठाको सुरक्षा र पूर्वतयारी सम्बन्धी गृहिणीहरुलाई तालिम/अभिमुखीकरण गर्ने । यसका लागि अगुवा महिला तथा स्वयंसेविकाहरुलाई तालिम दिएर उनीहरु मार्फत अभिमुखीकरण गराउने । | १ तालिम र ९ अभिमुखीकरण | गाउँपालिका | प्रत्येक वडामा हरेक वर्ष एउटाका दरले कार्यक्रम गर्ने |
| १२. | • वडा र गाउँपालिका तहमा आधारभूत खोज तथा उद्धार तथा विषयगत क्षेत्रका लागि आवश्यक पर्ने सामग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्ने ।<br>• युवा क्लव तथा महिलाहरुलाई संगठित गरी स्थानीय स्रोत साधनहरुबाट उद्धार तथा व्यक्तिगत सुरक्षा सामग्रीहरु तयार गर्ने सीप प्रदान गर्ने । जस्तैः पानी बोतल, गाग्री, ग्यालेन आदि आदिको प्रयोग गरेर लाईफ ज्याकेट बनाउन तथा तन्ना कम्बल आदिबाट स्ट्रेचर बनाउन । | सामग्री खरिद वार्षिक १ पटक र तालिम बार्षिक १ पटक | गाउँपालिका वडा समिति | प्रत्येक वर्ष मौसमजन्य विपद हुनु पूर्व |
| १३. | द्रुत लेखाजोखा कार्यदल तयार गरी तालिमको व्यवस्था गर्ने | वार्षिक १ पटक | गाउँपालिका | प्रत्येक वर्ष |
| १४. | विपद् जोखिम व्यवस्थापनबारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने। | वडागत रुपमा वार्षिक १ | गाउँपालिका | प्रत्येक वर्ष |
| १५. | • **मानव संसाधन विकास तथा व्यवस्थापनः**<br>• प्रत्येक वडा र सङ्कटासन्न समुदायबाट प्रतिनिधित्व गराई वार्षिक ४८ जनालाई तालिम दिएर उद्धारकर्मी तथा प्राथमिक उपचारक टिम तयार गर्ने ।<br>• वडा र समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन गर्ने र क्रियाशिल गराउने ।<br>• विपद्को समयमा उद्धारमा खटाउन सकिने स्वयमसेवकहरु (महिलाको समेत सहभागितामा) को वडागत नामावली अद्यावधिक गर्ने ।<br>• गठन भएका सबै विषयगत क्षेत्र र कार्यदलको त्रैमासिक बैठक गरी मौसमी प्रकोपको पूर्वतयारी गर्न लगाउने । | प्रा उ २४ जना खोज तथा उद्धार २४ जना<br>४ बैठक | गाउँपालिका वडा समिति | हरेक वर्ष |
| १६. | सुरक्षित स्थानको पहिचान गर्ने नक्साङ्कन गर्ने र हरेक वर्ष न्यूनतम १ वटाका दरले सामुदायिक भवनहरु निर्माण गर्ने । | १ वटा | गाउँपालिका वडा समिति | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| १७. | सुरक्षा निकायहरु, गाउँपालिका, रेडक्रस, एम्बुलेन्सलगायत अत्यावश्यक सेवाप्रदायक तथा स्थानीय जनप्रतिनिधिहरुको सम्पर्क नम्बरको पर्चाहरु तयार गरी घरघरमा पुर्याउने व्यवस्था गर्ने । | १ पटक | गाउँपालिका वडा समिति | ६ महिना भित्र |
| १८. | बाढी, भूकम्प, आगलागी, शीतलहर, महामारी, हावाहुरी आदिको विषयमा समुदायमा पूर्वसूचना तथा चेतावनी प्रणालीको सञ्जाल तयार गर्ने । मोवाइल एप्स तयार गरी म्यासेजमा र भ्वाइस म्यासेजमा खवर गर्ने प्रणाली विकास गर्ने । | १ | गाउँपालिका | १ वर्ष भित्र |
| १९. | महामारीबाट बच्न स्वास्थ्यकर्मीहरुलाई र विपद् प्रतिकार्यमा खटिने स्वयंसेवकहरुलाई व्यक्तिगत सुरक्षा सामग्रीहरुको वन्दोवस्त मिलाउने । | वार्षिक २ पटक | न.पा. स्वास्थ्य केन्द्र विषयगत क्षेत्रहरु | ३ महिना भित्र |
| २०. | अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आपतकालिन अवस्थाको लागि औषधी तथा सामग्रीहरुको जोहो गरीराख्ने । | नियमित | गाउँपालिका स्वास्थ्य केन्द्र | सबै महिनामा र नियमित |
| २१. | मनसुन पूर्व, मनसुन पश्चात, शीतलहर पूर्व र हावाहुरी तथा आगलागी पूर्व पूर्वतयारी कार्यशालाको आयोजना गरी सम्भावित विपद्को लागि सरोकारवाला सबै निकायहरु निजी क्षेत्र तथा विषयगत क्षेत्रहरुलाई तम्तयारी अवस्थामा राख्ने । | वार्षिक ४ पटक | गाउँपालिका विषयगत क्षेत्रहरु | हरेक वर्ष बैशाख आश्विन र मंसिर महिनामा (प्रकोप पात्रो अनुसार) |
| २२. | विपद् पूर्वतयारी कार्यशालाको आयोजना गरी निम्न कार्य गर्नेः<br>• विभिन्न प्रकोपबाट पर्ने सम्भावित प्रभाव र सङ्कटासन्न समुदाय र जनसङ्ख्या अध्यावधिक गर्ने,<br>• आपत्कालीन आश्रयस्थलहरू पहिचान गरी सूची तयार गर्ने,<br>• आपतकालीन आश्रयस्थलमा आधारभूत भौतिक संरचना र सुविधाको विकासमा विषयगत क्षेत्रहरुबाट कार्यक्रम तर्जुमा गर्ने,<br>• वडा र गाउँपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था निजी क्षेत्र तथा दातृ निकायको सूची तयार गरी सहकार्य गर्ने, | | गाउँपालिका विषयगत क्षेत्रहरु | मौसमी प्रकोप पात्रो अनुसार क्षेत्रगत तयारी गर्न निजीक्षेत्र (उद्योग बाणिज्य संघ निर्माण व्यवसाथी संघ... आदि) अत्यावस्यकीय तयारीको लागि सहमति गर्ने । |
| २३. | प्रारम्भिक लेखाजोखा, मूल्यांकन र विस्तृत घरधुरी सर्वेक्षणका लागि तथ्याङ्क संकलनका फाराम तथा प्रारूप तयार गर्ने । | १२५० प्रति | गाउँपालिका विषयगत क्षेत्रहरु | ६ महिना भित्र |
| २४. | सम्भव भएसम्म घरघरमा नभए कमसेकम टोलगतरुपमा र सबै कार्यालयहरु, उद्योगहरु आदिमा अग्नी शमनयन्त्र (Fire Extinguisher) राख्ने । स्थानीय आगो निभाउने प्रविधि र सामग्रीहरुको प्रवर्द्धन गर्ने । | नियमित | व्यक्ति स्वयं सम्बन्धित कार्यालय | तत्काल शुरु गर्ने |
| २५. | सामुदायिक कुकुर र अन्य छाडा पशुचौपायाहरुको आतङ्कबाट प्रभावित समुदायहरुमा जनावर र मानिसबीचको सम्बन्ध सुधार हुने प्रकारका विधि प्रकृयाको अध्ययन गरी कार्य गर्ने । | १ अध्ययन प्रतिवेदन | गाउँपालिका | ६ महिना भित्र |

| | | | | |
|---|---|---|---|---|
| २६. | जनसङ्ख्या, सङ्कटासन्न समुदाय, सामाजिक सेवा क्षमता प्रणाली, सुरक्षा स्थिति, जिविकोपार्जन, बसोबासको व्यवस्था, खुल्ला खाली ठाउँहरु, यातायात र पूर्वाधार, स्थानीय रूपमा उपलब्ध स्रोत-सुविधाहरू, हेलिप्याड र ड्रप जोन आदि तथ्याङ्कहरु संकलन गर्ने । | नियमित र आवश्यकता अनुसार | गाउँपालिका | ६ महिना भित्र |
| २७. | पूर्वतयारी र प्रतिकार्यका लागि गरिने निर्णय र क्रियाकलापहरुमा विपद् प्रभावित तथा संकटासन्न समुदाय, महिला, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, जेष्ठ नागरिक, पिछडिएको समुदाय र वर्गको सहभागितालाई सुनिश्चित गर्ने । | हरेक क्रियाकलापमा | गाउँपालिका विषयगत क्षेत्रहरु | हरेक वर्ष |

## ९.२ विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना

### ९.२.१ विषयगत क्षेत्र (Cluster) परिचय

विपद् बाट प्रभावितहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउने सन्दर्भमा विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा जिम्मेवारीको बाँडफाँड नै विषयगत क्षेत्र हो । मानवीय सेवाहरुलाई ब्यवस्थित गर्न विषयगत क्षेत्र सन् २००५ देखि शुरु भएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुको लागि जारी गरेको निर्देशिका अनुसार स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि ८ वटा विषयगत समितिहरुको परिकल्पना गरेको छ । विशेषज्ञता हासिल गरेका समूहले आ-आफनो क्षेत्रको जिम्मेवारी लिदा मानवीय सहयोगको कार्य व्यवस्थित र प्रभावकारी वन्छ । क्षेत्रगत अवधारणाको प्रमुख विशेषता देहाय अनुसार रहेका छन् ।

१. विपद्को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
२. प्रतिकार्य (खोज, उद्धार र राहत) व्यवस्थापन प्रकृयामा विशेषज्ञाताको प्रयोग हुन्छ ।
३. मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी वनाउने कार्यलाई सुनिश्चित गर्छ ।
४. मानवीय सहयोगको क्षेत्रको पहिचान गरी त्यस अनुरुप सहयोगको खाका तयार गर्छ ।
५. प्रतिकार्यमा देखिएको कमिकम्जोरीहरुमा सुधार गरी कार्ययोजनाको समिक्षा गर्दै आवश्यकता अनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

### ९.२.२ विषयगत क्षेत्रको उद्देश्य

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहायअनुसार रहेका छन्

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,
२. आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,
३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,
४. समन्वय र समझदारी अभिवृद्धि गर्नु,
५. क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

### ९.२.३ विषयगत क्षेत्रहरू

यस योजनामा देहायअनुसार ८ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको नेतृत्व गर्ने निकायले अन्य सदस्यसँग समन्वय गरी काम गर्नेछन् ।

१. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र
२. खाद्य तथा कृषि क्षेत्र
३. स्वास्थ्य तथा पोषण क्षेत्र
४. खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र

५. आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र
६. संरक्षण तथा सुरक्षा क्षेत्र
७. आपतकालीन शिक्षा क्षेत्र
८. शीघ्र पुनर्लाभ क्षेत्र

## ९.३ विषयगत क्षेत्रहरुको विपद पूर्वतयारी र प्रतिकार्यका कृयाकलापहरु

### ९.३.१ समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र

विपद् प्रतिकार्यका लागि सूचना, समन्वय तथा लेखाजोखा क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । प्रभावित व्यक्ति तथा प्रभावित समुदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नेछ ।

**तालिका नम्वर ४३ : विषयगत क्षेत्र (Cluster) को नेतृत्व गर्ने निकाय र सदस्यहरू**

| क्रसं | निकाय तथा संस्था | नाम | जिम्मेवारी | फोन मोवाइल |
|---|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | राजमती इङ्गनाम | संयोजक | ९८४२४३६३०४ |
| २. | गाउँपालिका उपाध्यक्ष | भोलाप्रसाद अधिकारी | सदस्य | ९८५२०६०५६२ |
| ३. | गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | विष्णु कुमार थेगुवा | सदस्य | ९८५२०३८४०६ |
| ४. | विद्यालय प्रतिनिधि | अध्यक्ष खेम पौडेल | सदस्य | |
| ५. | प्रहरी चौकी | फुलमान तामाङ | सदस्य | |
| ६. | वन वातावरण तथा विपद तथा व्यवस्थापन समिति संयोजक | मोहन प्रसाद अधिकारी | सदस्य | ९८४२०३६०४७ |
| ७. | सूचना तथा प्रविधि शाखा प्रमुख | अलङ्ग गुरुङ्ग | सदस्य सचिव | ९८६२२११२२१ |
| ८. | गैर सरकारीका सङ्घसंस्थाका प्रतिनिधि | खेम कुमारी दाहाल | सदस्य | |
| ९. | रेडक्रस सोसाइटी गाउँपालिका प्रतिनिधि | नेत्र बहादुर थापा | सदस्य | |
| १०. | नेपाल उद्योग वाणिज्य संघ प्रतिनिधि | डिल्लीप्रसाद फुयल | सदस्य | ९८५२०३१५९९ |
| ११. | पत्रकार महासङ्घका प्रतिनिधि | मोहन भट्टराइ | सदस्य | |
| १२. | विपद् व्यवस्थापन शाखा प्रमुख | गोविन्द प्रसाद फुयल | सदस्य | ९८५२०८१०३३ |

**क. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको क्षेत्रगत उद्देश्य**

१. विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय गर्ने
२. निर्धारित समयभित्र तथ्य तथ्याङ्कहरुको विवरण तयार गर्ने र आवश्यकताको पहिचान र सूचना आदान प्रदान गर्ने ।
३. सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई चुस्त बनाउँनु ।
४. नियमित रूपमा अनुगमन गरी विषयगत समितिहरुलाई पृष्ठपोषण दिनु ।
५. प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार जिल्ला, प्रदेश र संघीय स्तरमा सम्पर्क र समन्वय गर्नु ।
६. आपत्कालीन खोज तथा उद्धार गरी मानवीय क्षति न्यून गर्ने ।
७. प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्नु ।
८. प्रभावितहरुलाई आपतकालीन राहत वितरण गर्नु ।

**ख. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको क्षेत्रगत विपद् पूर्वतयारीको लागि गर्ने कृयाकलापहरु**

तालिका नम्वर ४४ : समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको क्षेत्रगत विपद् पूर्वतयारी

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय/संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| १ | • स्थानीय सरोकारवालाहरुको सहभागितामा पूर्वतयारी बैठक र कार्यशालाको आयोजनाः<br>• मनसुन प्रारम्भ हुनुअघि पूर्वतयारी बैठक गर्ने ।<br>• गाउँपालिकाको जोखिमपूर्ण वस्तीहरुको पहिचान, घरधुरी, जनसंख्याको तथ्याङ्कहरु लिने<br>• कम्तीमा द्रुत सर्भेक्षण टोली गठन गर्ने र द्रुत सर्भेक्षण फारम र विपद्को विस्तृत तथ्याङ्क संकलन फारम तयार गरी तयारी अवस्थामा राख्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | सवै क्षेत्रका प्रमुख, सरोकारवाला निकायहरु, सुरक्षा निकाय, गैसस | पहिलो बैठक असारको दोश्रो हप्ता भित्र क्षेत्रगत समीक्षा र अन्तिम कार्यशाला असार मसान्त भित्र | १० चिया नास्ताको लागि (यसमा अन्य विकास साझेदारहरु लाई पनि समन्वय गरी साझेदारी गर्न सकिन्छ । ) |
| २ | • वडा स्तरमा प्रकोप नक्शा तयार गरी आवश्यकता अनुसारको क्षेत्रहरुमा होर्डिङ वोर्ड राख्ने । | ,, ,, | सरोकारवाला निकायहरु, वडा कार्यालय गैसस | मनसुन पूर्व | ५० |
| ३ | • विपद पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विकास साझेदार तथा निकायहरुको सूची तयार गरी अध्यावधिक राख्ने । | ,, ,, | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल (पैसा खर्च नगरी गर्ने) |
| ४ | • प्रभावितहरुको विस्तृत विवरण संकलन गर्दा सुत्केरी, गर्भवती, एकल महिला, जेष्ठ नागरिकहरुको विवरण अनिवार्य समावेश गर्ने गरी फारमहरु तयार गर्ने। | ,, ,, | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल |
| ५ | • MIRA सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने । MIRA TOOL को लागि अवश्यक फाराम र निर्देशिका तयार गर्ने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका, विषयगत क्षेत्र प्रमुखहरु, गैसस, पत्रकार | मनसुन पूर्व | आवश्यकता हेरेर विकास साझेदारसंग साझेदारी गर्ने |
| ६ | • मनसुन पूर्वतयारीको लागि आश्यक (बाढी, हुरीवतास, आगलागी, भुकम्प, महामारी) चेतनामुलक रेडियो जिंगल तथा पम्प्लेटहरु तयार गरी स्थानीय भाषामा प्रसारण गर्ने । (५००० पीस) | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका, अन्य सरोकारवाला निकाय तथा गैसस, टेलिकम, एनसेल | मनसुनको अवस्था अनुसार | १०० |
| ७ | • गाउँपालिकामा विपद् सूचना डेक्स स्थापना गर्ने । | ,, ,, | गाउँपालिका | मनसुन पूर्व | संस्थागत पहल |
| ८ | • विस्थापितहरुको पहिचानका लागि आवश्यक संख्यामा परिचयपत्र छपाई गरी तयारी अवस्थामा राख्ने | ,, ,, | गाउँपालिका, वडा समिति, गैसस | मनसुन पूर्व | १० |
| ९ | • विपद् व्यवस्थापन समितिका पदाधिकारी र जनप्रतिनिधिहरुलाई विपद् तथा आधारभूत मानवीय सहायताका मापदण्ड सम्वन्धी तालिम दिने । | ,, ,, | गाउँपालिका, गैससहरु | मनसुन पूर्व | ५० |

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय/संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| १० | • पूर्वतयारी तथा द्रुत लेखाजोखाको विवरण संकलन तथा प्रतिवेदनको लागि आवश्यक फारम तथा प्रारुपहरु तयार गरी वडा स्तरीय विपद् व्यवस्थापन समिति, कार्यदल तथा स्वयमसेवक समूहलाई उपलब्ध गराउने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका, गैससहरु विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (पैसा खर्च नगरी गर्ने) |
| ११ | • बाढी, भूकम्प, आगलागी, महामारी, हावाहुरी आदिको विषयमा समुदायमा पूर्वसूचना तथा चेतावनी प्रणालीको प्रसारण सामग्री तयार गर्ने । मोवाइल म्यासेजमा र भ्वाइस म्यासेजमा खवर गर्ने प्रणाली विकास गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका, गैससहरु विद्यालयहरु | मनसुन पूर्व | १०० |
| १२ | तपसिलवमोजिमको मानव संसाधन विकास तथा व्यवस्थापन गर्ने ।<br>• प्रत्येक वडा र सङ्कटासन्न समुदायमा उद्धारकर्मी तथा प्राथमिक उपचारक टिम तयार गर्ने ।<br>• विपद्को समयमा उद्धारमा खटाउन सकिने स्वयमसेवकहरुको वडागत नामावली अद्यावधिक गर्ने ।<br>• गठन भएका सबै कार्यदलको द्बैमासिक बैठक गरी मनसुन प्रकोपको पूर्वतयारी योजना तयार गर्न लगाउने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | वडा समिति, सुरक्षा निकाय, गैससहरु | मनसुन पूर्व | २०० क्षमता विकासको लागि अन्य विकास साझेदारहरुसंग समन्वय गर्ने |
| १३ | • बाढी, आगलागी तथा भूकम्पको समयमा आवश्यक खोज तथा उद्धारको सामग्रीहरु पहिचान गर्ने र स्थानीय सुरक्षा निकायमा भण्डारण गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका, विकास साझेदार | असार | १००० |
| १४ | • स्थानीय सामग्रीहरुको प्रयोगबाट खोज उद्धारको लागि आवश्यक सामग्री तयार गर्ने प्रशिक्षणहरु सञ्चालन गर्ने । जस्तैः बाढीको लागि (प्लाष्टिकको वोतल र जुटको वोराको लाईफ ज्याकेट, केराको वोट र जुटको धागोबाट वोट निर्माण आगलागीको लागि (फायर बिटर र पानी पम्प तथा पोखरीबाट पानीको व्यवस्था आदी) | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | गाउँपालिका, विकास साझेदार, सुरक्षा निकाय | मनसुन पूर्व | १०० |
| १५ | • खोज तथा उद्धारको लागि समुदाय स्तरमा नमूना अभ्यास नियमिति गर्ने ।<br>• (बाढी, आगलागी र भूकम्प) | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | सवै विषयगत प्रमुख, सुरक्षा निकाय र विकास साझेदार | मनसुन पूर्व | ५० |
| १६ | • कम्तिमा गाउँपालिका क्षेत्रका कार्यालय तथा सार्वजनिक भवनहरुमा अग्नी समन यन्त्र (Fire extinguishers) अनिवार्य स्टल गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | सवै विषयगत प्रमुखहरु, वडा कार्यालय, विकास साझेदार | मनसुन पूर्व | १०० |

### ग. आपत्कालीन प्रतिकार्य योजना

विपद् भएको अवस्था र त्यसपछि स्थिति सामान्य नभएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने प्रक्रियामा यस क्षेत्रले देहायअनुसार कार्य गर्नु पर्नेछः

तालिका नम्वर ४५ : समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको क्षेत्रगत प्रतिकार्य योजना

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| १. | • विपद् सम्बन्धी प्रारम्भिक सूचना संकलन गरी आपत्कालीन प्रतिकार्य र पूर्वतयारीका लागि वडास्तर सम्म र सम्बन्धित निकायहरुमा तत्काल प्रारम्भिक सूचना प्रवाह गर्ने । | १ पटक र आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका सुरक्षा निकाय रेडक्रस सञ्चार क्षेत्र | विपद् पर्नासाथ तत्काल |
| २. | • तत्काल समग्र व्यवस्थापन क्षेत्रको बैठक बस्ने, जसमा अन्य सबै विषयगत क्षेत्रका प्रमुखहरुलाई सहभागी गराउने । बैठकमा प्रारम्भिक द्रुत लेखाजोखा गर्न जिम्मेवारी तोक्ने । | शुरुमा १ पटक र आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | सबै विषयगत क्षेत्र प्रमुख | |
| ३. | • सबै विषयगत क्षेत्रहरुलाई सामग्री तथा उपकरणहरु सहित तयारी रहन सूचना प्रवाह गर्ने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस | विपद् पर्नासाथ तत्काल |
| ४. | • स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) ले समग्र प्रकृयाको नेतृत्व गर्ने । LEOC नहुँदासम्म सुरक्षा निकायहरु, रेडक्रस, स्थानीय साझेदार संस्था, व्यापार संघ तथा युवा स्वयंसेवकहरुको **सूचना तथा समन्वय केन्द्र** बनाउने । | १ समन्वय केन्द्र | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका सुरक्षा निकाय | विपद् पर्नासाथ तत्काल |
| ५. | • वडा र गाउँपालिकामा गठित सबै क्षेत्र, कार्यदल र सरोकारवाला लाई तत्काल खवर गर्ने र समन्वय गरी तयारीको अवस्थामा राख्ने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस गाउँपालिका सुरक्षा निकाय | विपद् हुनासाथ |
| ६. | • विपद् आउना साथ उपकरणसहित खोज तथा उद्धार कार्यकोलागि खोज तथा उद्धार टोली परिचालन गर्ने | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका सुरक्षा निकाय | विपद् पर्नासाथ तत्काल |
| ७. | • घाइतेको उपचारका लागि स्वास्थ्य संस्थाको नेतृत्वको प्राथमिक उपचार कार्यदललाई परिचालन गर्ने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्वास्थ्य तथा पोषण क्षेत्र र स्वास्थ्य संस्थाहरु | आवश्यकतानुसार |
| ८. | • विशेषगरी महिला, बालबालिका, अशक्त, जेष्ठ नागरिक जस्ता सङ्कटासन्न वर्गको तथ्याङ्क संकलन गरी खोज तथा उद्धारमा प्राथमिकता दिने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | वडा समिति रेडक्रस सुरक्षा निकाय | प्रभावितको उद्धार नसकिएसम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | • क्षतिको प्रारम्भिक सूचना संकलन गर्ने र सरोकारवाला निकायलाई उपलब्ध गराउँदै जाने | निरन्तर | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका | १२ घण्टा भित्र |
| १०. | • स्थानीय विपद् व्यवस्थापन समितिको आपतकालीन बैठक बोलाउने<br>• जानकारी तथा सूचना सङ्कलन गरी परिस्थितिको विश्लेषण गर्ने<br>• सबै विषयगत क्षेत्र र तिनका सदस्यलाई आपतकालीन मानवीय सहयोगको लागि सक्रिय पार्ने,<br>• परिस्थिति अनुसार पहिले गरिएको कार्यविभाजनको समीक्षा र विश्लेषण गरी पुनरावलोकन गर्ने । | आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका सबै क्षेत्रका प्रमुखहरु | १) विपद शुरु भएको २ घण्टा भित्र<br>२) पहिलो सात दिन सम्म १ दिन बिराएर<br>३) त्यसपछि हप्तामा १ पटक (विपद्को अवस्था अनुसार) |
| ११. | • प्रारम्भिक द्रुत लेखाजोखासम्बन्धी (Initial Rapid Assessment) औजारहरु को प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | १ पटक | समग्र व्यवस्थापन क्षेत्र | सुरक्षा निकाय रेडक्रस सञ्चार माध्यम | २४ घण्टा भित्र |
| १२. | • सञ्चारमाध्यमका लागि प्रत्येक दिन सूचना तथा समाचार उपलब्ध गराउने । | दिनमा १ पटक | समग्र व्यवस्थापन क्षेत्र | सबै क्षेत्रका प्रमुख | पहिलो साता हरेक दिन र पछि आवश्यकतानुसार |
| १३. | • प्रारम्भिक जानकारी तथा प्रतिवेदनका आधारमा आपतकालीन मानवीय सहयोग उपलब्ध गराउन निम्न प्रक्रिया गर्ने<br>• तत्काल उपलब्ध गराउनु पर्ने मानवीय सहयोगको प्राथमिकता र आवश्यकता निर्धारण गर्ने,<br>• प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित क्षेत्रहरू (Clusters) लाई सुझाव दिने ।<br>• सबै क्षेत्रहरुसंग समन्वय गरी मानवीय सहयोगमा संलग्न संस्था तथा व्यक्तिलाई सुरक्षा उपलब्ध गराउने तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने । | शुरुमा १ पटक र त्यसपछि आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस सबै क्षेत्रका प्रमुख तथा सदस्य | विपद आउनासाथ ० घण्टादेखि नै प्राथमिकता निर्धारण गर्ने |
| १४. | • एक संयन्त्र तयार गरी सहि तथ्याङ्कका आधारमा विपद् प्रभावितहरुको लाई परिचयपत्र वितरण गर्ने | १ पटक | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका | ३ दिन पछि |
| १५. | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (MIRA) सञ्चालन गर्नेः<br>• लेखाजोखा कार्यदल परिचालन गरी क्षति तथा प्रभावको सूचना सङ्कलन गर्ने,<br>• लेखाजोखाका लागि फाराम उपलब्ध गराउने | १ पटक | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका सुरक्षा निकाय रेडक्रस मीरा कार्यदल, | ३ देखि ५ दिन भित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | • सङ्कलित सूचना तथा तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्ने<br>• प्रभावित परिवारको सङ्ख्या प्रक्षेपण गर्न प्रभावित समुदायसँग तथ्याङ्क प्राप्त गरी तुलनात्मक समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>• उपलब्ध उद्धार तथा अन्य प्रतिकार्य सम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा गर्ने,<br>• नपुग स्रोत तथा साधनको यकिन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई आह्वान गर्ने | शुरुमा १ पटक र त्यसपछि आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस मीरा कार्यदल, सुरक्षा निकाय दातृ निकाय | पहिलो प्रतिवेदन– ७ दिनभित्र दोस्रो प्रतिवेदन– १५ दिनभित्र आवश्यकता अनुसार |
| १७. | • सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्नेः<br>• मीरा (MIRA) बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण गर्ने<br>• कार्यदलहरुको सहयोगको थप कार्यतालिका तयारी गर्ने<br>• कार्यदल, विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने | शुरुमा १ पटक र त्यसपछि आवश्यकता अनुसार | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस विषयगत क्षेत्रका सदस्य | नियमित रुपमा |
| १८. | • मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण (Feedback) लिने दिने कार्य गर्ने । | निरन्तर | व्यवस्थापन क्षेत्र | सबै क्षेत्रका प्रमुख/सदस्य | नियमितरुपमा |
| १९. | • राहत वितरणलाई निर्विवाद बनाउन मापदण्ड बनाइ सरोकारवाला सबैको सहभागिता अनिवार्य गराउने, जसमा विपद् प्रभावित, महिला, युवा, अपाङ्गता भएका, जेष्ठ नागरिक र बालबालिका आदिलाई अनिवार्य सहभागी गराउने । | निरन्तर | समग्र व्यवस्थापन क्षेत्र | स्थाविव्यस सबै क्षेत्रका प्रमुख/सदस्य | नियमितरुपमा |
| २०. | निम्नअनुसार अभिलेख तयार गर्ने<br>• उद्धार गरिएका व्यक्ति<br>• बेपत्ता वा मृत्यु भएका व्यक्ति<br>• नष्ट भएका घर, विद्यालय वा अन्य भौतिक सम्पत्ति<br>• मरेका घरपालुवा पशुपंक्षी<br>• क्षतिग्रस्त भौतिक सम्पत्ति<br>• क्षतिग्रस्त बाली र खेतीयोग्य भूमि<br>• क्षतिग्रस्त भैतिक संरचना र सार्वजनिक सम्पत्तिको विवरण | एउटा पूर्ण अभिलेख | समग्र व्यवस्थापन क्षेत्र | वडा समिति सुरक्षा निकायहरु रेडक्रस स्वयंसेवकहरु | नियमितरुपमा |
| २१. | • स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशन बमोजिमका काम गर्ने | निरन्तर | समग्र व्यवस्थापन क्षेत्र | गाउँपालिका स्थाविव्यस | नियमित |

### ९.३.२ खाद्य तथा कृषि विषयगत क्षेत्र

**तालिका नम्वर ४६ : खाद्य तथा कृषि विषयगत क्षेत्र (Cluster) को सदस्यहरूको विवरण**

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १. | आर्थिक विकास समिति संयोजक | सुशील बुढाथोकी | संयोजक | ९८५२०३८४०५ |
| २. | पशु सेवा शाखा प्रमुख | डम्बरबहादुर राई | सदस्य सचिव | ९८५२०८०१२२ |
| ३. | उद्योग वाणिज्य सङ्घका प्रतिनिधि | मनोज थापा | सदस्य | |
| ४. | कृषि तथा जीविकोपार्जन क्षेत्रमा कार्यरत गैर सरकारी संङ्घसंस्थाका प्रतिनिधि (अभियान नेपाल) | हेम वहादुर श्रेष्ठ | सदस्य | |
| ५. | कृषि सहकारी प्रतिनिधि | कल्पना निरौला | सदस्य | |
| ६. | कृषक समूह प्रतिनिधि | भेष बहादुर कार्की | सदस्य | |
| ७. | सहकारीका प्रतिनिधि (जनएकता रमाईलो साकोस) | | सदस्य | |
| ८. | रेडक्रस सोसाइटी प्रतिनिधि (केरौन रेडक्रस) | रेवत बहादुर थापा, | | |
| ९. | कृषि विकास शाखा प्रमुख | सागर पौडेल | | ९८४३८६३८८६ |

**क. खाद्य तथा कृषि विषयगत क्षेत्रको क्षेत्रगत उद्देश्य**

- विपद्को अवस्थामा प्रभावितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्न जिम्मेवारी निर्वाह गर्ने ।
- विपदमा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गर्ने वातावरण बनाउने ।
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला जस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्ने ।

**ख. खाद्य तथा कृषि क्षेत्रको पूर्वतयारी योजना**

**तालिका नम्वर ४७ खाद्य तथा कृषि क्षेत्रको पूर्वतयारी योजना विवरण**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट |
|---|---|---|---|---|---|
| १ | • विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, उद्योग बाणिज्य संघ, कृषक सन्जाल, सहकारी | मनुसुन पूर्व बर्षमा २ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | • विपदबाट प्रभावित हुनसक्ने १२३७ घरपरिवारको लागि खाद्यान्न १५ दिनका लागि (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, उद्योग बाणिज्य संघ, कृषक सन्जाल, सहकारी | मनुसुन पूर्व बर्षमा २ पटक | ३००० |
| ३ | • तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, | बर्षमा २ पटक मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट |
|---|---|---|---|---|---|
| ४ | • विपद्‌को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरूबीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, उद्योग बाणिज्य संघ, कृषक सन्जाल सहकारी | बर्षमा १ पटक मनसुन पूर्व | ५० |
| ६ | • विस्थापीत परिवारको लागि अस्थायी आश्रयको लागि १२३७ सेल्टर किट भण्डारण गर्ने र अन्य विकास साझेदार संस्थाहरुलाई पनि भण्डारणको लागि सहजीकरण गर्ने । | खाद्य तथा कृषि क्षेत्र | वडा समिति रेडक्रस, गैसस व्यापार संघ | मनसुन पूर्व | ८,००० |
| ७ | • १२३७ घरधुरीको लागि एक हप्ताको खाद्यान्न सामग्री भण्डारण गर्ने। खाद्यान्नको मापदण्ड तयार गरी सोहि अनुसार कार्यान्वयन गराउने | खाद्य तथा कृषि क्षेत्र | व्यापार संघ रेडक्रस, गैसस | मनसुन पूर्व | ५०० |
| ८ | • विपद् भएको दिनको पहिलो दिन देखि नै क्याम्प निर्माण गरी विस्थापितहरुलाई खाना खुवाउनको लागि उद्योग बाणिज्य संघसंग समन्वय गर्ने । | खाद्य तथा कृषि क्षेत्र | उद्योग बाणिज्य संघ | विपदको बेलामा | संस्थागत पहल (खर्च नलाग्ने) |

**ग. आपत्कालीन प्रतिकार्य योजना**

कुनै पनि विपद् आएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको जिम्मेवारी हो । यसको लागि खाद्य क्षेत्रले देहायअनुसार काम गर्नेछः

**तालिका नम्वर ४८ खाद्य तथा कृषिक्षेत्रको प्रतिकार्य योजना**

| क्रसं | प्रतिकार्य सम्बन्धी कार्य | परिमाण | जिम्मेवारी | सहयोगी निकाय तथा संस्था | समयावधि |
|---|---|---|---|---|---|
| १. | • खाद्य तथा कृषि क्षेत्रको आपत्कालीन बैठकको आयोजना गर्ने | शुरुमा १ पटक र आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | कृषि ज्ञान केन्द्र पशु विज्ञ केन्द्र खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | विपद् पर्नासाथ तत्काल पहिलो हप्ता एकदिन विराएर र त्यसपछि आवश्यकतानुसार |
| २. | • विपद् प्रभावित क्षेत्र तथा विस्थापित मानिसको जानकारी सङ्कलन गर्ने र खाद्यान्नको आवश्यकता पहिचान गर्ने । यसका लागि सुत्केरी महिला, गर्भवती, बालबालिका, जेष्ठ नागरिकहरुको अलग अलग संख्या पहिचान गर्ने । | आवश्यकता अनुसार | खाद्य तथा कृषि क्षेत्र | गाउँपालिका खाद्य क्षेत्रका सदस्य तथा सहयोगी | विपद् आएको थाहा पाउनासाथ |
| ३. | • प्रभावित क्षेत्रको अनुगमन तथा निरीक्षण र बहुक्षेत्रगत लेखाजोखा गर्ने । | ३ पटक | खाद्य तथा कृषि क्षेत्र | कृषि ज्ञान केन्द्र सुरक्षा निकाय रेडक्रस | २४ घण्टाभित्र |

| | | | | | |
|---|---|---|---|---|---|
